# धर्मदेवी नगरपालिकाको पार्श्वचित्र
# ( Dharmadevi Municipality Profile)

धर्मदेवी नगर कार्यपालिकाको कार्यालय
धर्मदेवी, संखुवासभा
१ नं. प्रदेश, नेपाल

प्रकाशित कृति

धर्मदेवी नगरपालिकाको पार्श्वचित्र २०७५

प्रकाशन वर्ष
२०७५

तथ्याङ्क विश्लेषण तथा  सम्पादन
श्री यज्ञप्रसाद शर्मा
श्री धर्मराज ढकाल

सर्वाधिकार

© धर्मदेवी नगरkflnsf, gu/कार्यपालिकाको कार्यालय,

d9]zlgZr/] ;₩'jf;ef .

www.dharmadevimun.gov.np

Email : dharmadevimun@gmail.com

धर्मदेवी नगरपालिका कार्यालय

d9]zlgZr/] ;₩'jf;ef .

२०७५

धर्मदेवी नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
मुढेशनिश्चरे, संखुवासभा,
२०७५

# धर्मदेवी नगरपालिकाको संक्षिप्त परिचय

## १. राजनैतिक तथा प्रशासनिक सिमाना

| | |
|---|---|
| पूर्वतर्फः | मादी र लालिगुराँस गाउँपालिका तेह्रथुम |
| पश्चिमतर्फः | धनकुटा र भोजपुर जिल्ला |
| उत्तरतर्फ : | चैनपुर र मादी |
| दक्षिणतर्फः | धनकुटा र तेह्रथुम जिल्ला |

## २. राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| निर्वाचन क्षेत्र नं.: | २ |
| वडाहरू : | नौ वटा |
| जिल्लाः | संखुवासभा |
| प्रदेश नं. | एक (१) |

## ३. भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

| | |
|---|---|
| भौगोलिक अवस्थाः | पहाड |
| क्षेत्रफलः | १३२।८५ वर्ग कि.मी. |
| समुद्र सतहदेखिको उचाइ | ११२ देखि २४७० मिटर |
| तापक्रम | ४.९ देखि ३६ डिग्री |
| एक दिनमा वर्षा (बढीमा) | ८४ मिलिमिटर |
| हावापानी | समशितोष्ण |

| **४. जनसंख्या** | **२०७५ साल** * |
|---|---|
| घरपरिवार संख्या : | ३९५२ |
| कुल जनसंख्याः | १९८५९ |
| पुरुषः | १०१८८ |
| महिलाः | ९६७१ |
| जनसंख्या वृद्धिदर | १.४२ प्रतिशत |
| लैङ्गिक अनुपात | १०५.३५ प्रतिशत |
| औसत परिवार संख्या | ५.०३ जना |
| जनघनत्व | १३७ जना प्रति वर्ग किमि |
| बालबालिकाको संख्या | ६९८१ जना |
| बालक | ३५६९ |
| बालिका | ३४१२ |
| आदिवासी जनजाति | ९९५२ |

---

* *वि.सं. २०७५ को घरधूरी सर्वेक्षणको तथ्याङ्कको आधारमा ।*

| | |
|---|---|
| दलित | १४९९ |
| अन्य | ४ |
| बाहुनक्षेत्री | ८४०४ |

**५.शैक्षिक स्थिति**

| | |
|---|---|
| कुल साक्षरताः | ६७.०५ % |
| पुरुष | ७३.२५ % |
| महिला | ६४.५३ % |
| आदिवासी जनजाति | ६४.२६ % |
| दलित वर्ग | ६०.२० % |
| अन्य | १०० % |
| ब्राम्हण क्षेत्री | ७१.५२ % |

# विषयसूची

## खण्ड एक

## पार्श्वचित्र निर्माणको परिचय


पृष्ठभूमि १
मुख्य उद्देश्यहरू ३
अध्ययनको महत्व ४
अध्ययनको आवश्यकता ४
अध्ययन विधि ५
तथ्यांङ्क विश्लेषण र प्रस्तुतीकरण ६
अध्ययनको क्षेत्र र सीमा ६


## खण्ड दुई

## धर्मदेवी नगरपालिकाको परिचय


भौगोलिक अवस्थिति ८
हावापानी र तापकम ९
नदीनाला १०
वनजंगल र जीवजन्तु १०
ऐतिहासिक पृष्ठभूमि ११
राजनैतिक विभाजन १३
संभावाना, अवसर, चुनौतिहरू १३
पर्यटकीय क्षेत्र १५
नगरपालिकाको अन्तर सम्बन्ध १८


## खण्ड तीन

## आधारभूत तथ्याङ्क विश्लेषण


व्यक्तिगत विवरण १९
जनसंख्याको विवरण १९
परिवारको सदस्य संख्याको आधारमा जनसङ्ख्या २१
लिंङ अनुसार घरमूली २३
उमेर समूहको जनसंख्या २४
उमेर अनुसार वडागत जनसङ्ख्या २७
एकल उमेर र लैङ्गिकताका आधारमा ३३
जातिगत जनसंख्या ३७

| | |
|---|---|
| जातिगत समुदायको जनसंख्या | ३८ |
| मातृभाषा अनुसारको जनसंख्या | ३९ |
| धर्मअनुसारको जनसंख्या | ४० |
| साक्षरताको अवस्था | ४२ |
| उमेर र लिङ्ग अनुसार साक्षरता प्रतिशत | ४३ |
| लिङ्ग अनुसार वडागत साक्षरताको अवस्था | ४४ |
| जातजाति अनुसार निरक्षर र साक्षरताको अवस्था | ४५ |
| उत्तीर्ण गरेको तह | ४६ |
| बसोबासको आधारमा जनसंख्याको वडागत विवरण | ४७ |
| बसोबासको आधारमा जातिगत जनसंख्या | ४८ |
| बैबाहिक अवस्था | ५० |
| पेशा/व्यवसाय सम्बन्धी विवरण | ५१ |
| जातीयताको आधारमा पेशाको वर्गीकरण | ५२ |
| शारीरिक तथा मानसिक अशक्तताको अवस्था | ५३ |
| स्वास्थ्य सम्वन्धी अवस्था | ५५ |
| मृत्यु भएको जनसंख्या | ५६ |
| उमेर समूह अनुसार मृत्युको विवरण | ५७ |
| व्यावसायिक तालिमको विवरण | ५८ |


## खण्ड चार
## घरायसी तथा पारिवारिक विवरण


| | |
|---|---|
| पिउने पानीको मुख्य स्रोत | ६० |
| खाना पकाउने इन्धनको मुख्य स्रोत | ६१ |
| बत्तीको मुख्य स्रोत अनुसार घरपरिवार | ६२ |
| शौचालय प्रयोगको व्यवस्था | ६३ |
| जातीय समूह अनुसार शौचालय प्रयोगको अवस्था | ६५ |
| घर भएको वा नभएको | ६७ |
| घरको स्वामित्वको अवस्था | ६८ |
| घरको छानाको किसिम | ६९ |
| घरको जगको आधारमा घरपरिवार | ७० |
| भवनको मापदण्डको प्रयोगको अवस्था | ७१ |
| घर भूकम्प प्रतिरोधी भए / नभएको | ७२ |
| परिवारको स्वामित्वमा जग्गा भए/नभएको | ७३ |
| कृषियोग्य जमिन भएका जातजातिहरू | ७४ |

कृषि जमिनको क्षेत्रफलको अवस्था ७५
कृषि बाली, उत्पादन र बिक्री ७६
पशुपंक्षी भए / नभएको परिवार ७७
पशुपंक्षी उत्पादन विवरण ७९
कृषक परिवारको संख्या ८०
जातीय समूह अनुसार कृषक परिवार ८१
कृषि उब्जनीबाट खान पुग्ने समय ८३
विभिन्न साधन सुविधा उपयोग गर्ने घर परिवार ८४
परिवारको बैंक खाता सम्वन्धी विवरण ८५
आम्दानीको समूह अनुसार घरपरिवारको विवरण ८६
खर्चको समूहका आधारमा घरपरिवारको विवरण ८७
जातीय समूहका आधारमा आम्दानी समूह ९१
जातीय समूह आधारमा खर्च समूह ९२

## खण्ड पाँच

## बालमैत्री स्थानीय शासन र बाल अधिकार

बाल अधिकार ९४
१.बाँच्न पाउने अधिकार ९५
२. विकासको अधिकार ९५
३. सहभागिताको अधिकार ९५
४. संरक्षणको अधिकार ९५

बालअधिकारका सिद्धान्तहरू ९६
धर्मदेवीको बालबालिकाको जनसङ्ख्या ९६
बाल अधिकारको अवस्था ९८
बाल क्लबहरूको अवस्था ९९
बालविकास केन्द्रको अवस्था ९९
सामुदायिक विद्यालयहरू १००
निजी विद्यालयहरू १०१

## खण्ड छ

## सामाजिक विकासका क्षेत्रहरू


| | |
|---|---|
| सामाजिक सुरक्षा भत्ता | १०२ |
| व्यक्तिगत घट्ना दर्ता विवरण | १०२ |
| विद्यमान स्वास्थ्य सेवाहरू | १०३ |
| खोप सेवाको विवरण | १०८ |
| सहकारी संस्थाहरूको विवरण | १०९ |
| बैंक तथा वित्तीय संस्थाहरू | ११० |
| सञ्चार संस्थाहरू | ११० |
| गैरसरकारी संस्थाहरू | ११० |
| धार्मिक गुठी तथा संस्थाहरू | १११ |
| सामुदायिक वन उपभोक्ता समितिहरू | ११३ |
| सरकारी कार्यालयहरू | ११४ |
| सामुदायिक भवनहरू | ११४ |
| चाडपर्व र मेला | ११५ |
| सडक सञ्जालको विद्यमान अवस्था | ११६ |
| नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरू | १२० |
| विषयगत समिति | १२२ |
| कार्यक्रम तर्जुमा समिति | १२२ |
| बजेट तथा कार्यक्रम तर्जुमा समिति | १२३ |
| राजस्व परामर्श समिति | १२३ |
| सन्दर्भ सामग्री | १२४ |
| सर्वेक्षकको नामावली | १२५ |
| सर्वेक्षण फारमको नमूना | १२६ |
| फोटोहरू | १२७ |

**खण्ड एक**

# पार्श्वचित्र निर्माणको परिचय

## पृष्ठभूमि

संघीय गणतन्त्र नेपालको लागि राज्यको सबैभन्दा जनसरोकारको तह गाउँ र नगरपालिकाहरू हुन् । नेपालको संविधान २०७२ ले गाउँपालिका र नगरपालिकालाई स्थानीय सरकारको मर्यादा दिएको छ । सरकारको तर्फबाट जनतालाई दिनुपर्ने सेवा/सुविधाहरू यिनीहरूमार्फत नै प्रवाह हुन्छन् । नेपालमा गाउँपालिका र नगरपालिका हरू नेपालको संविधान २०७२ को धारा ३२० को उपधारा (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्वारा निर्देशित छन् ।

कुनै पनि ठाउँको विकास कार्यका लागि योजना बनाउने महत्वपूर्ण आधार दस्तावेज वस्तुगत विवरण वा पार्श्वचित्र हो । यस्तो महत्वपूर्ण दस्वतावेज तयार गर्न विश्वसनीय सूचना आवश्यक हुन्छन् । त्यस्ता सूचना भरपर्दो विधिबाट सङ्कलन, संश्लेषण र विश्लेषण गर्नुपर्दछ । सङ्कलन गरिएका सूचनालाई यथार्थ परक ढङ्गले संश्लेषण, तालिकीकरण र विश्लेषण गरी पार्श्वचित्र तयार गरेमा त्यसबाट नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरूलाई विकासका कार्यक्रमहरू सञ्चालन गर्न, साझेदारी गर्न र अल्पकालीन एवम् दीर्घकालीन योजना बनाउन महत्वपूर्ण सहयोग पुग्ने गर्दछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा बस्तुको तथ्यगत वा बिस्तृत विवरणलाई सामान्यतया बस्तुगत विवरण वा अंग्रेजीमा प्रोफाइल भनिन्छ । बस्तुगत विवरण वा प्रोफाइल तयार गर्न सूचना चाहिन्छ । सूचना सङ्कलन आधिकारिक स्रोतबाट गरिन्छ । सूचनाका स्रोतहरू मूलतः दुई किसिमका हुन्छन् । तिनलाई प्राथमिक स्रोत र द्वितीय स्रोत भनिन्छ । प्राथमिक स्रोतबाट सूचना सङ्कलन गर्दा सूचना संङ्कलनकर्ता स्वयम् नै सम्बन्धित क्षेत्रमा पुगेर सूचना सङ्कलन गर्दछन् । अरूले संङ्कलन गरेर एक पटक सार्वजनिक गरेको सूचनालाई द्वितीय स्रोतबाट प्राप्त सूचना भनिन्छ । यी सूचनाहरूलाई सङ्कलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्नेसम्मका सम्पूर्ण कार्यहरू सूचना व्यवस्थापन अर्न्तगत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचना आवश्यक परेको बेला आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनुपर्दछ । सूचना व्यवस्थापन गर्दा गाउँमा

भेटेजति सबै सूचना प्रस्तुत गर्नाले मुख्य सूचना छुट्ने र चाहिने जानकारी ओझेलमा पर्ने सम्भावना रहन्छ । त्यसैले कुनै पनि सरकारी तथा गैरसरकारी संस्था, कार्यालय तथा तहका लागि सूचना व्यवस्थापन अति आवश्यक हुन्छ । सूचनाको सही व्यवस्थापनबाट भ्रामक र अनावश्यक सूचना हटाई आवश्यक सूचनालाई आवश्यक परेको समयमा आवश्यक मात्रामा पस्तुत गर्न सकिन्छ ।

यो पार्श्वचित्र धर्मदेवी नगरपालिका क्षेत्रभित्रको सूचना संग्रह गरिएको एक महत्वपूर्ण दस्तावेज हो । यसमा परीक्षण र विश्लेषण सहितका सूचनाहरू समेटिएका छन् । यस नगरपालिकाले भविष्यमा यसैका आधारमा विविध प्रकारका सूचनाहरू प्रवाह गर्न सक्छ । नगरको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाह गर्नका लागि यथार्थपरक योजना बनाउन यसको उपयोग गर्नसक्छ । नगरपालिका क्षेत्रभित्रका सूचना सङ्कलन र तिनको व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हो । तर, २०७४ बैशाख २६ गतेसम्म नेपालका नगर तथा नगरपालिकाहरूको वस्तुगत विवरण तयारीका लागि स्पष्ट तथा एउटै खाका अपनाइएको पाइँदैन । फलस्वरूप एउटा नगरपालिकाले तयार गरेको पार्श्वचित्र अर्को नगरपालिकाले तयार गरेको पार्श्वचित्रसँग एक रूपता पाउन सकिंदैन । त्यही भएर नेपाल सरकारबाट जारी निर्देशिकामा पार्श्वचित्रको एउटा खाका दिइएको छ । पार्श्वचित्र निर्माणमा एक रूपता कायम गर्नका लागि त्यो खाका महत्वपूर्ण आधार अवश्य हो । हुनत सबै नगरपालिकाको पार्श्वचित्र एकै ढाँचाको हुनु पनि राम्रो मानिदैन । स्थानीय परिवेश र वस्तुस्थिति अनुरूपको पार्श्वचित्र निर्माण गर्नुपर्दछ भन्ने मान्यता पनि छ । यो पार्श्वचित्र तयार गर्दा त्यही खाकाको परिधिभित्र रहेर तयार पारिएको छ । स्थानीय आवश्यकता अनुसार केही फेरबदल पनि गरिएको छ । यसो गरिरहँदा तथ्याङ्कको शुद्धताका लागि अनेक प्रकारका विधिहरू प्रयोग गरी चेकजाँच गरिएको छ ।

कुनै पनि योजना तर्जुमा र छनौट गर्दा विविध पक्षहरूको वास्तविक स्थिति झल्काउने सही तथ्याङ्क र सूचनाहरू आवश्यक पर्दछन् । आधारभूत र यथार्थ सूचनाबिना नगरपालिकाले सही ढङ्गले कार्यक्रम वा योजना बनाउन सक्दैन । सही रूपमा छनौट नभएको तथा आवश्यकता बाहिरको सूचनाले योजना कार्यान्वयनमा जटिलता सिर्जना गर्दछ । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम सञ्चालनका लागि पूर्व तयारी गर्न समेत सही तथ्याङ्क सहितको वस्तुगत विवरण वा पार्श्वचित्रले मात्र सहयोग गर्नसक्छ । नगरपालिकाभित्रका सूचनाहरू पार्श्वचित्रमा समावेश गर्नाले नगरको समस्त विकासका लागि योजना निर्माण गर्न सहयोग पुग्नुका साथै नगरको समग्र सूचना खोजी गर्ने जिज्ञासु र अध्ययन अनुसन्धान गर्ने जो सुकैलाई पनि यो पार्श्वचित्र महत्वपूर्ण हुने कुरामा  विश्वाश गर्न सकिन्छ ।

## बस्तुगत विवरण तयार गर्नुका मुख्य उद्देश्यहरू

वस्तुगत विवरण वा पार्श्वचित्र निर्माणबाट नगर क्षेत्रका आवश्यक सूचनाहरू एकीकृत हुने र आवश्यकता अनुसार प्रवाह गर्न सकिने हुन्छ । यस पार्श्वचित्र निर्माण गर्दा निम्नानुसारका उद्देश्यहरू राखिएका छन् ।

- धर्मदेवी नगरपालिकाको वास्तविक सूचना सङ्कलन र व्यवस्थापन गर्ने ।
- धर्मदेवी नगरपालिका क्षेत्रभित्रका स्रोत, साधन र सीप पहिचान गरी त्यसको सदुपयोगका लागि उपायहरू खोजी गर्ने ।
- योजना छनोट गर्दा प्राथमिकता निर्धारण गर्न आधार तयार पार्ने ।
- सूचना माग गर्न आउने निकाय र व्यक्तिलाई सहजरूपले प्रवाह गर्ने वा गराउने ।
- धर्मदेवी नगरपालिकाको नीति, नियम, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न सहज बनाउने
- धर्मदेवी नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) मा उत्कृष्ट नतिजा हाँसिल गर्ने आधार तयार गर्ने ।
- धर्मदेवी नगरपालिकाको विकास कार्यमा साझेदार र लगानीकर्ता विभिन्न सरकारी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ/संगठन तथा निजी क्षेत्रलाई समष्टिगत र आधिकारिक रूपमा सूचना उपलब्ध गराउने
- धर्मदेवी नगरपालिका स्वयमको आत्मविश्वास र कार्यदक्षता अभिवृद्धि गर्ने ।
- धर्मदेवी नगरपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान स्थापित गराउन,
- स्थानीय विकासका लागि नवीन सोंच र चिन्तनको सम्भावना खोजीका लागि मार्ग प्रशस्त गर्ने ।

पार्श्वचित्र निर्माणका उपरोक्त उद्देश्यहरू पूरा गर्ने गरी सूचनाको व्यवस्थापन गर्न र आवश्यकता अनुसार नगरपालिकाका सूचनाहरू लिपिबद्ध गर्ने काम निक्कै महत्वपूर्ण हुन्छ । विकास निर्माणको कार्यका लागि आवश्यक सूचनाहरू एकै ठाउँमा पाउन सकिन्न । तर पार्श्वचित्रले सम्बन्धित निकायसँग समन्वय गरी तयार गरिएको सूचनाहरू पस्किने भएकाले स्थानीय मानिसहरूलाई सेवा सुविधा उपलब्ध गराउन पनि यी सूचनाहरू साँच्चिकै उपयोगी सावित हुनेछन् ।

## बस्तुगत विवरण तयारीको महत्व

विकासका प्रतिफलहरू स्थानीय जनता समक्ष पु¥याउनु र ती प्रतिफलहरू सबै वर्गका मानिसहरूले उपयोग गर्नसक्ने वातावरण श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकता पहिचान गर्नुपर्दछ । आजको विश्वव्यापीकरण (Globalization) को युगमा समय सापेक्ष र समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन आवश्यक हुन्छ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विकासका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न विशेष महत्व राख्ने गर्दछ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको धेरै नै महत्व रहेको छ । त्यसैले स्थानीय निकायको पुनर्संरचनापछि पहिलो पटक गठित धर्मदेवी नगरपालिकाको आधारभूत सूचनाहरू नै नभएको अवस्थामा भावी दिनमा सम्पन्न गरिने विभिन्न कार्यक्रमहरूको आधारमा पार्श्वचित्र निर्माण गर्नु अति आवश्यक ठानी सम्पन्न गरिएको हो ।

## पार्श्वचित्र निर्माणको आवश्यकता

नेपाल सरकारले विगतमा स्थानीय निकाय अन्तर्गतका गाउँ तथा नगरपालिकाहरूलाई दिँदै आएको विकास अनुदान वर्सेनि वृद्धि गर्दै लगेको हामीलाई थाहा छ । अझ संघीय गणतन्त्र नेपालको संविधान जारी भएपछि स्थानीय तहलाई स्थानीय सरकारका रूपमा मान्यता दिइएको छ । सोही अनुसार अधिकार प्रत्यायोजन पनि गरेको अवस्था छ । हिजो जिल्ला विकास समिति र अन्य जिल्लास्तरका सरकारी कार्यालयबाट दिइने सेवा सुविधाहरू अब स्थानीय सरकारको कार्यालय गाउँपालिका र नगरपालिकाबाट सहज रूपमा जनतालाई उपलब्ध गराउने अवस्था आएको छ । विभिन्न सरकारी कार्यालयबाट खर्च गरिने बजेट नगरपालिकामार्फत वितरण हुने अवस्था छ । त्यसैले नगरपालिकालाई स्थानीय सरकार मानी राज्यका अन्य कार्यालयहरूको बजेट समेत एकीकृत बजेटका रूपमा नगरपालिकामा आउने भएकोले यसको कार्यक्षेत्र र जिम्मेवारी दुवै बढेको छ ।

यसका साथै, जनताबाट उठाइएको कर बापतको रकम नगरपालिकाले योजनाबद्ध र नियमसंगत रूपले खर्च गरून् भन्ने उद्देश्यले नेपाल सरकारले नगरपालिकाहरूको न्यूनतम शर्त

मापनका सूचकहरू लागू गरेको छ । ती सूचकहरूमध्ये हरेक नगरपालिकाले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्नुपर्ने अनिवार्य व्यवस्था मिलाएको छ, जसका कारण पनि यस नगरपालिकाको वस्तुगत विवरण अध्ययन गर्ने या पार्श्वचित्र निर्माण गर्ने कार्यको आवश्यकता बढेको हो । नगरपालिकाले वस्तुगत विवरणको आधारमा नै स्रोत साधनको पहिचान र सही व्यवस्थापन गर्ने तथा उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन र मूल्याङ्कन गर्ने हुनाले यो पार्श्वचित्र निर्माण कार्य साँच्चै नै औचित्यपूर्ण छ । साथै, सबै नगरपालिका र गाउँपालिकाहरू स्वायत अधिकार सहितको स्थानीय तह वा सरकार हो । यिनीहरू संघीय सरकारको नीतिगत मातहतमा रही आफना योजनाहरू बनाउन र परियोजनाहरू सञ्चालन गर्न स्वतन्त्र छन् ।

त्यसैले जनताको माग अनुसारको योजना निर्माण गर्न पनि यस पार्श्वचित्रले सहयोग गर्दछ । त्यसैले यसको अध्ययन गर्ने कार्य अपरिहार्य बन्न गएको छ । साथै, नगरको पार्श्वचित्र बिना नगरपालिका क्षेत्रको वास्तविक अवस्था के कस्तो छ भन्ने जान्न सकिदैन । नगरपालिका क्षेत्रको सबै पक्षको यथार्थ अवस्था झल्काउने आधिकारिक दस्तावेजको परिपूर्तिका लागि पार्श्वचित्र निर्माण आवश्यक र औचित्यपूर्ण रहेको छ । धर्मदेवी नगरपालिका भर्खरै बनेको तह हो । यसको भौगोलिक कार्यक्षेत्र र कार्यादेश विगतको भन्दा फरक छ । परिवर्तित आवश्यकता परिपुर्ति गर्ने गरी पार्श्वचित्र तयार गर्नु अति आवश्यक छ । त्यस आधारमा पनि पार्श्वचित्र तयार गर्नु औचित्यपूर्ण रहेको छ ।

## अध्ययन विधि

यस नगरपालिकाको पार्श्वचित्र तयार गर्नका लागि सर्वप्रथम हालसम्म तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन गर्नुका साथै दीगो विकास लक्ष्यका लक्ष्य तथा सूचकहरूको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र आवधिक नगर विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरू अध्ययन गरिएको थियो । यसका साथै यस नगरपालिका क्षेत्रमा रही सामाजिक र राजनीतिक जीवनका विभिन्न क्षेत्रमा लामो समयदेखि काम गरिरहेका विज्ञहरूसँग गरेको परामर्शलाई पनि आधार मानिएको छ । यसरी पार्श्वचित्र तथा सूचना सङ्कलनको विधि निर्धारण गरेपछि तथ्याङ्क या सूचना सङ्कलन गर्ने तथा अनुसन्धानात्मक विधिबाट त्यसलाई विश्लेषण गरी प्रस्तुतीकरण गर्ने कार्य गरिएको छ । यसबाट सूचनाहरूको सत्यताको मात्रामा वृद्धि हुनुका साथै दोहोरोपना पनि हटेर गई पार्श्वचित्र स्तरीय हुन गएको छ ।

पार्श्वचित्र निर्माणको लागि स्थानीय राजनीतिक दल, जनप्रतिनिधि तथा अन्य सरोकारवाला सामाजिक संघसंस्थाहरूको भेलामा र अन्तरक्रियामा व्यक्त उनीहरूको राय तथा सुझावलाई आधार मानी जन अपेक्षा अनुरुपको ढाँचा अपनाइएको छ । यसका लागि समूहगत छलफल तथा अन्तरक्रिया लगायत सामाजिक अध्ययनका विभिन्न विधिहरू अवलम्बन गरिएका छन् । तथ्याङ्क विश्लेषणका क्रममा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिहरू आवश्यकतानुसार अपनाइएका छन् । यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीय सूचनाका स्रोतहरू र विभिन्न संघसंस्थाका प्रतिवेदनहरू, वेभसाइटहरू समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र नगरपालिकाको अवस्था झल्किने पार्श्वचित्र तयार गरिएको छ ।

### तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

पार्श्वचित्र तयारीका क्रममा सूचना संकलन तथा घरधुरी सर्वेक्षणबाट प्राप्त भएका तथ्याङ्कको व्यवस्थित विश्लेषण आवश्यक हुन्छ । विश्लेषणको काम अलि अलि झण्झटिलो पनि हुन्छ । त्यसैले यसलाई व्यवस्थित र सहज बनाउनका लागि प्राविधिक उपकरणको सहयोग लिइएको छ । प्राप्त तथ्याङ्कलाई CSPro 3.3 सफ्टवेयरमा प्रवृष्टि गरी तथ्याङ्कको सामाजिक विज्ञानको तथ्याङ्कीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट लिइएको तथ्याङ्कको विश्लेषण गर्दा घरधूरीलाई मुख्य आधार मानिएको छ । तिनलाई वार्ड र जातीयताको आधारमा पनि वर्गीकरण गरिएको छ । सामूहिक छलफल जस्ता सहभागितामूलक विधिद्वारा प्राप्त सूचना/तथ्याङ्कलाई पनि विश्लेषण गरी बुझ्न सजिलो होस् भन्ने उद्देश्यले नक्सा, तालिका, चित्र तथा वृत्तचित्रमा समेत प्रस्तुत गरिएको छ । यस क्रममा घरधूरी सर्वेक्षणबाट प्राप्त सूचनालाई वर्णनात्मक तथ्याङ्कीय विधिबाट विश्लेषण गरिएको छ । यस प्रकारले मानवीय र प्राविधिक उपकरण तथा विधिहरूको यथोचित प्रयोगबाट धर्मदेवी नगरपालिकाको समग्र स्थितिको विश्लेषण गरी यो पार्श्वचित्र तयार पारिएको छ । विश्लेषणका क्रममा वडा नम्बर र जातीय बनावटलाई मुख्य आधार मानिएको कुरा पनि उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ ।

### अध्ययनको क्षेत्र र सीमा

सामान्यतया पार्श्वचित्रको अध्ययन क्षेत्र विस्तृत हुन्छ । तर, यहाँ पार्श्वचित्र तयार गर्ने उद्देश्यमा दर्शाइएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रूपमा लिएर अध्ययन, विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । साधन, स्रोत, समय, लागत र सूचनाको उपलब्धता लगायत अन्य विषयवस्तुको सीमितताका कारणले जुनसुकै अध्ययन पनि प्रभावित नभई रहन सक्दैन । त्यसैले

हरेक अध्ययन केही निश्चित सीमाभित्र बाँधिएको हुन्छ । यसको पनि विषयवस्तुको सीमाको अतिरिक्त भौगोलिक सीमा पनि छ, त्यो के हो भने यसले संखुवासभा जिल्ला धर्मदेवी नगरपालिका क्षेत्रभित्रका सूचनालाई मात्र महत्व दिएको छ । तिनै सूचनामा केन्द्रित भएर पार्श्वचित्र तयार गरिएको छ ।

धर्मदेवी नगरपालिकाका प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतबाट प्राप्त सूचना सामग्रीहरू यो को पार्श्वचित्रमा प्रयोग गरिएको छ । बजेट र समयको सीमा हुँदाहुँदै पनि बढी मात्रामा प्राथमिक स्रोतका सूचना प्रयोग गरिएको छ । खासगरी धरधूरी सर्वेक्षण २०७४, राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन, यस नगरपालिका समावेश भएका पूर्व गाउँ विकास समिति र नगरपालिकाको अभिलेख, स्थानीय समुदायसँगको छलफल तथा अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्याङ्कहरू प्राप्त भएका छन् । सम्बद्ध सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरूको प्रतिवेदनलाई पनि सूचनाको स्रोत मानिएको छ । तिनका प्रकाशित र अप्रकाशित दुवै प्रकारका प्रतिवेदनहरूको सहयोग लिइएको छ । प्राप्त सूचनाहरूलाई तालिकीकरण र विश्लेषण गर्दा प्राथमिक स्रोतका रूपमा लिइएका प्रकाशनहरूमा भएका त्रुटी तथा कमजोरीहरूको प्रभाव अज्ञानताबस पर्नसक्ने संभावना नरहला भन्न सकिन्न । त्यसो हुन गएको पाइएमा स्रोतमा भएको कमजोरीका कारण अन्यथा हुन गएको त्रुटीका रूपमा लिइदिनु हुनेछ भन्ने पनि विश्वास लिएका छौं ।

खण्ड दुई

# धर्मदेवीको परिचय

## भौगोलिक अवस्थिति

धर्मदेवी नगरपालिका संखुवासभा जिल्लाका पाँच वटा नगरपालिकाहरूमध्ये एक हो । जिल्लाको दक्षिणी भागमा अवस्थित धर्मदेवी नगरपालिकाको केन्द्र साविक तामाफोक गाविसको कार्यालय मूढे शनिश्चरेमा रहेको छ । यो जिल्लाको सदरमुकाम खाँदबारीबाट दक्षिणतर्फ पर्दछ । धर्मदेवी नगरपालिका नक्सामा हेर्दा पूर्व पश्चिम लाम्चो रहेको छ । यो स्थानीय तह पुनर्संरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार आँखिभुईं, तामाफोक र माम्लिङ गाउँ विकास समितिका सम्पूर्ण वडाहरूलाई मिलाएर गठन गरिएको हो ।

धर्मदेवी नगरपालिकामा हाल ९ वटा वडाहरू रहेका छन् । यसको संरचना यसप्रकार रहेको छ ।

तालिका नम्बर १

साविक गाविस र धर्मदेवीको वडा नम्बर

| क्र. सं. | धर्मदेवी न.पा. वडा नम्बर | साविक गाविस र वडा नम्बर |
|---|---|---|
| १ | १ | तामाफोक १-४ |
| २ | २ | तामाफोक ५-६ |
| ३ | ३ | तामाफोक ७-९ |
| ४ | ४ | माम्लिङ १-५ |
| ५ | ५ | माम्लिङ ६-९ |
| ६ | ६ | आँखीभूईं १-२ |
| ७ | ७ | आँखीभूईं ३-४ |
| ८ | ८ | आँखीभूईं ५-७ |
| ९ | ९ | आँखीभूईं ८-९ |

स्रोत : स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदन-२०७३।

माथि उल्लेख गरिएझैं धर्मदेवी नगरपालिका नौ वडाहरू साविक तीनवटा गाविसहरूबाट पुनर्सचना भएर बनेका हुन् । साविक तामाफोकबाट तीनवटा वडा, साविक माम्लिङबाट दुई वटा र साविक आँखीभुईं गाविसबाट चार वटा वडाहरू बनेका छन् ।

धर्मदेवी नगरपालिका संखुवासभा जिल्लाको दक्षिणी भागमा पर्दछ । यसको कार्यालय पुग्नका लागि जिल्लाको सदरमुकाम खाँदबारीबाट दक्षिण तुम्लिङटार, त्यहाँबाट दक्षिण पूर्व चैनपुर हुँदै जानुपर्दछ । सिधा भन्नुपर्दा जिल्लाको सदरमुकामबाट कोशी राजमार्ग हुँदै केही पूर्व दक्षिणमा झरेपछि यो नगरपालिका पुगिन्छ । समुद्री तहबाट ११२ देखि २४७० मिटर उचाइसम्म रहेको छ । भौगोलिक विषमता यस नगरपालिकाको मुख्य विशेषता हो ।

यस नगरपालिकाको सिमाना पूर्वमा संखुवासभाको मादी नगरपालिका र तेह्रथुम जिल्लाको लालिगुराँश नगरपालिका पर्दछन् । पश्चिममा धनकुटा र भोजपुर जिल्ला छोएको छ भने उत्तरमा चैनपुर र मादी नगरपालिका एवम् दक्षिणमा धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिका र तेह्रथुम जिल्लासँग सीमाना जोडिएको छ ।

यस नगरपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भूभाग कृषि क्षेत्र र वनले ओगटेको छ । यस नगरपालिकाको जनसङ्ख्या १८२३५ (वि.सं. २०८६) जना रहेको छ । यसको क्षेत्रफल १३२.८५ वर्ग कि.मि. रहेको छ । यहाँको जनघनत्व १३७ जना जनसंख्या प्रतिवर्ग किलोमिटर रहेको छ । जबकि जिल्लाको जनघनत्व ४१ जना जनसंख्या प्रतिवर्ग किलोमिटर रहेको छ । यस आधारमा विश्लेषण गर्दा धर्मदेवी नगरपालिका संखुवासभा जिल्लाका पाँच नगरपालिकाहरू मध्ये सबैभन्दा दक्षिणमा पर्दछ । धर्मदेवी नगरपालिकाले संखुवासभा जिल्लाको कुल जनसंख्या १५८७४२ (वि.सं. २०८६) को ११.४९ प्रतिशत अंश र कुल क्षेत्रफल ३८८० वर्ग किलोमिटरको ३.४२ प्रतिशत भूभाग ओगटेको छ ।

### अवस्थिति, हावापानी र तापकम

धर्मदेवी नगरपालिका विश्व मानचित्रमा अक्षांशको हिसाबले २७.४९ डिग्री उत्तरदेखि २७.५१ डिग्री उत्तरसम्म रहेको छ । यो नगरपालिका ८७.२१ डिग्री पूर्वदेखि ८७.२६ डिग्री पूर्व देशान्तरसम्म रहेको छ । यस धर्मदेवी नगरपालिकाको हावापानी समशितोष्ण रहेको छ । यस

नगरपालिमा हिउँद याममा तापक्रम निकै कम हुने गर्दछ भने वर्षा याममा तल्लो भेगमा निक्कै गर्मी हुने गरेको छ। वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम वर्षा हुने गर्दछ।

### नदीनाला र ताल

धर्मदेवी नगरपालिका भएर बग्ने मुख्य नदी अरुण हो। यो सप्तकोशी नदीको सात मध्येको एक सहायक नदी हो। यो नदी चीनको तिब्बतमा सुरु भई नेपाल छिर्छ। यो एक हीमनदी हो। विश्वकै सबैभन्दा बढी बालुवा बगाएर ल्याउने नदीका रूपमा सप्तकोशीलाई चिनिन्छ भने त्यो यही अरुण नदीको कारणले हो। निक्कै हान भएकोले बेगबान गतिमा अगाडि बढ्दा यस नदीले बालुवा र ससाना ढुङ्गालाई आफनो साथमा बगाएर लैजाने गरेको छ। यस बाहेक यस नगरपालिकामा ढीमाया, पिलुवा, मुलुवा, केवा, ठुटे, केकुवा, तीन दोभाने आदि सहायक नदीहरू रहेका छन्। गलैचे पोखरी यस नगरपालिकाको एक मात्र महत्वपूर्ण र ऐतिहासिक ताल हो। यी नदीहरूका कारण वर्षादको समयमा आसपासका मानिसहरूमा बाढी र कटानको समस्या देखिने गरेको छ। यिनीहरू वर्षाद सकिएपछि विस्तारै सामान्य बन्न पुग्छन्।

### वन जङ्गल र वन्यजन्तु

धर्मदेवी नगरपालिका वन जङ्गलका दृष्टिले सम्पन्न छ। यो नगरपालिका तनिजुरे गुराँशे वनसँग जोडिएको छ। त्यसैले यहाँ सामुदायिक, धार्मिक र संरक्षित वनको क्षेत्र पनि रहेको छ। यहाँ पात्ले,ठूलो पात्ले,चिलाउने, चाँप, खोल्मे, कटमिरो, केसरी, चोथ्रो, फलौटे, नसी, बराठ, सल्लो, लोठ सल्लो, ठिङ्ग्रे सल्लो, गोगुन, बढहर, कटमिरो, लालीगुराँश, धुर्बिस, असारे, बर, काभ्रो, खन्यू, गायो, सिमली, उत्तिस, कटुस, भोर्ला जस्ता वनस्पतिहरू पाइन्छन्।

धर्मदेवी नगरपालिका क्षेत्रको वनमा खरायो, दुम्सी,स्याल, लोखर्के, मृग, बन्दाके, दुम्सी,बाघ, वनढाडे, धोरल, सालक, गोहोरो,ढेडु बाँदर , हनुमान बाँदर जस्ता जंगली जनावरहरू एवम् काग, कालिज, ढुकुर, रूपी, लुइँचे, भँगेरा, गौथली, बट्टाइ,भ्याकुर, पिउरा, फिस्टा,चाँचर, रानीचरी, लामपुच्छ्रे,कोकले, हरीचरी जस्ता चराचुरुङ्गीहरू र भ्याउँकिरी, जुनकीरी जस्ता अनेकौ प्रकारका किटपतंङ्गहरू पाइन्छन्। यहाँका खोलामा असला, बुदुना, बुहारी लगायत विभिन्न प्रकारका माछाका साथमा कछुवा र विभिन्न प्रकारको भ्यागुता र अन्य जलचर प्राणी पनि पाइन्छन्। पुतली, कमिला, धमिरा, कीरा, फट्याङ्ग्रा, कित्थ्रा, पुतली, घुन, साप, छेपारो, भालेमुङ्ग्रो, लाभ्रे भुसिल्कीरा, गँगटो, पाहा, विच्छी,चिप्लेकीरा, खजुरो, अरिमठे,मौरी, अरिङ्गाल, बारुलो, माकुरा र अन्य प्रकारका किरामिराका पाइन्छन्। त्यसैगरी यहाँ ठूलोओखती, पाखनवेद, चिराइतो, मजिटो, सतुवा, चिम्फिङ, हडचुर, बोझो, टिम्मुर, सिलटिम्मुर, तितेपाती,

कुरिलो, राजगान्टे, पाँचऔले, यार्सागुम्बाका साथमा अनेक प्रकारका जडिबूटी पनि पाइने गर्दछन् । यसरी धर्मदेवी नगरपालिका जीवजन्तु र वनस्पतकिा दृष्टिले सम्पन्न छ । यहाँ जाडोमा पाइने जीव र वनस्पति पाइने भएकोले यहाँको जैविक विविधता अन्यत्र पाउन सकिन्न । जैविक विविधताको दृष्टिले धर्मदेवी नगरपालिका निक्कै धनी रहेको दावी गर्न सकिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

यस नगरपालिकाको नाम धर्मदेवी राखिएको छ । यो नगरपालिकाको नाम साविक आँखिभुई गाविसमा अवस्थित धर्मदेवी मन्दिरको नामबाट राखिएको हो । आँखीभुई, तामाफोक, माम्लिङका राजनीतिक दलका प्रतिनिधिहरूको समन्वयात्मक बैठकबाट धर्मदेवी नाम राख्नुपर्दछ भनी गरिएको सिफारिसलाई वि.सं.२०७३ फागुन २६ गते मन्त्रिपरिषदको निर्णयबाट सदर गर्दै धर्मदेवी नगरपालिका नामकरण गरिएको हो ।

वैदिक कालदेखि संखुवासभा जिल्ला महत्वपूर्ण मानिदै आएको छ । त्यसबेला शिवपार्वतीको क्रियास्थलका रुपमा शिवधारा र व्यासले पोखरीको बीचमा वेदी बनाई वेद लेखन थालनी गरेको सभापोखरी यही जिल्लामा पर्दछ । यही पोखरी आसपासमा सतिदेवीको देब्रे आँखा पतन भएको स्थानका रुपमा स्वस्थानी ब्रत कथामा वर्णन गरिएको छ ।

एकीकरणपछि किरात राज्यलाई तीनवटा राज्यमा विभाजन गरिएकोमा संखुवासभा जिल्ला पल्लो किरात अन्तरगत पर्दथ्यो । किरातकालमा गढी र कोट भनी दरबार क्षेत्रलाई भनिन्थ्यो । यस जिल्लामा पनि हटियागढी, लोहाकोट आदि स्थानहरू रहेकाले राजदरबार रहेको प्रमाण पुग्छ । अन्नपानी र हतियार भण्डारण गर्ने स्थानलाई गोला भनिन्थ्यो । हटिया गोला लगायतका स्थानहरू यही जिल्लामा अवस्थित छन् ।

नेपालको एकीकरणको क्रममा वि.सं. १९३१ बैशाखमा चैनपुरको दक्षिणी क्षेत्रमा रघुराना लिम्बुको नेतृत्वमा आएका गोर्खाली सेनाहरूसँग किराती सेनाहरू भिडेको इतिहास छ । त्यसबेला किरात राज्यको तर्फबाट काङ्सोरेको* नेतृत्वमा रहेको सेनाको टोलीले युद्ध गरेको

* 'याख्खा भाषामा काङ्सोरेको अर्थ योद्धा हून्छ । त्यसैले त्यतिबेला आफनो भूमिको रक्षार्थ लड्ने काङ्सोरेहरु याख्खा नै थिए ।' मागमान जिमी लिङ्खाद्वारा लिखित याख्खा जाति एक परिचय भन्ने पुस्तकको पृष्ठ ७ ।

बताइन्छ । राणाकालमा संखुवासभा धनकुटा गौंडाको बडा हाकिमको प्रशासनिक क्षेत्रमा र चैनपुरको न्यायिक क्षेत्रमा पर्दथ्यो । चैनपुर न्यायिक क्षेत्रका लागि त्यसबेला प्रख्यात थियो । त्यसताका वस्तीहरूलाई थुक भन्ने चलन थियो । यस जिल्लामा पनि दशमझिया थुम, पाँच मझिया थुम, दशथर थुम, पाँच खपन थुम, सभा उत्तर थुम, संखुवा उत्तर थुम आदि थुमहरू रहेको पाइन्छ ।

'दश मझियाभित्र पनि पाँच प्रमुख मौजाहरू पर्दछन् । यसको सिमाना अरुण नदी पूर्व,चौकी मंगलबारे, श्रीमाने पश्चिक, केवाखोला, टुटे, तीनजुरे उत्तर र पिवा खोला, दशरथ क्षेत्र र मैवाखोला थुमको सिमाना हाङथुङ वारपार दक्षिणभित्र पर्दछ ।' मागमान जिमी लिङ्खाद्वारा लिखित याख्खा जाति एक परिचय भन्ने पुस्तकको पृष्ठ १० मा थुम र दशमझियाको बारेमा उल्लेख छ । सोही पुस्तकमा दशमझियाका मौजाहरूमा तामाफोक/ तुमोक र मामलिङ/माङलिङ पनि उल्लेख छ । त्यस आधारमा धर्मदेवी नगरपालिका र त्यसको कार्यालय भएको क्षेत्र ऐतिहासिक दश मझिया क्षेत्रभित्र रहेको पाइन्छ । यहाँ रहेको धर्मदेवी मन्दिरमा प्रारम्भदेखि अहिलेसम्म याख्खा जातिको मानिस नै पूजारी रहँदै आएका छन् । यसले पनि धर्मदेवी नगरपालिका क्षेत्र याख्खाहरूको ऐतिहासिक भूमि रहेको पुष्टि गर्दछ ।

याख्खाहरू यहाँका पुराना बासिन्दा मात्र थिएनन् । उनीहरू यहाँका शासक पनि थिए । भन्ने कुरा सोही पुस्तकमा मामलिङ क्षेत्रको व्याख्या गर्दै भनिएको छ-'याख्खाहरूले रैतिबाट नगद तिरो उठाई नगद नै सरकारलाई बुझाउने नियम थियो । केही पछि आठ पगरी भयो र राणशासनको बेला तुमोकमा २० पगरी भएका थिए । वि.सं. २०४८ सम्म याख्खाहरू डोके राजाका रूपमा शासन गर्थे । उनीहरूसँग ठिङ्ग्रो र विभन्न हातहतियार साथमा थियो ।'[†]

यही विषयमा रामजी कोङरेनले याख्खा जातिको चिनारी भन्ने पुस्तकमा पृथ्वी नारायाण शाहले नेपाल एकीकरण गर्नुपूर्वदेखि नै मझियाहरू शासकका रूपमा रहेको उल्लेख छ । उनले लेखेका छन्-ँएकीकरढा गर्नु पहिले नै पाँच मझिया र दश मझिया क्षेत्रका मानिसलाई मझिया पदको जिम्मेवारी सुम्पिएर भूस्वामित्वका साथसाथै गाउँघरका मुद्दामामिला समेत हेर्ने अख्तियारी दिइएको थियो । त्यसबेलादेखि मझियाहरूले मझिया भन्न र लेख्न सुरु गरेका थिऐ । मझिया पदको जिम्मेवारी नपाएका व्यक्तिले नामको पछाडि जिमिन्दार (जिमी) लेख्ने गरेको पाइन्छ ।' [‡]

अघि धर्मदेवी क्षेत्रलाई घना जङ्गलले ढाकेको देखिन्छ । यहाँका केही जातजातिका मानिसहरूका ससाना वस्तीहरू थिए । घना जङ्गलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । धर्मदेवी नगरपालिका रहेको क्षेत्रमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको सङ्केत गरेका छन् ।

[†] हेर्नुहोस ऐ पुस्तकको पृष्ठ १४ ।

[‡] हेर्नुहोस राजी कोङरेनद्वारा लिखित याख्खा जातिको चिनारी पृष्ठ ९ ।

धर्मदेवीको आसपासमा यस्ता पुराना थुप्रै प्रकारका अवशेषहरू पाइएका छन् । तिनीहरू कतिपय नासिएका छन् भने कतिपय अझसम्म पनि उजागर हुन सकेका छैनन् ।

यसै क्रममा वि.सं. १८३१ मा पृथ्वीनारायण शाहले नेपालको एकीकरणसँगै यो भूभाग पनि बृहत्तर नेपालमा गाभिएको पाइन्छ । वि.सं. २०१८मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै धर्मदेवी नगरपालिकाले ओगटेको क्षेत्र संखुवासभा जिल्लाको दक्षिणी अर्थात सीमावर्ती भागका रुपमा रहन पुग्यो । जसलाई नेपालको संविधान २०७२ ले अङ्गीकार गरेको संघीय गणतन्त्र नेपालको राज्य पुनर्संरचना गर्दा वि.सं. २०७३ फागुनमा तीनवटा गाउँ विकास समितिको भूभागलाई समेटेर धर्मदेवी नगरपालिका स्थापना भएको हो ।

## राजनैतिक विभाजन

धर्मदेवी नगरपालिका वि.सं. २०७३ मा गठन भएको हो । राज्यको पुनर्संरचनाको अभियान चलिरहेको बेला पछिल्लो समयमा स्थानीय निकाय पुनर्संरचना आयोगले धर्मदेवी नगरपालिका कायम गरिदिएको हो । यसप्रकार हालको भौगोलिक आकार र जनसंख्याको धर्मदेवी नगरपालिका स्थानीय निकाय पुनर्संरचना आयोगको सिफारिसमा नेपाल सरकारबाट स्वीकृत प्राप्त रहेको छ ।

यस नगरपालिकामा नौ वटा वडाहरू रहेका छन् । यस नगरपालिकाभित्र महत्वपूर्ण व्यापारिक केन्द्रहरू धर्मदेवी बजार, बुधबारे बजार र लोखरा बजार चर्चित छन् । धर्मदेवी नगरपालिका पूर्व–पश्चिम लामो र उत्तर-दक्षिण चौडाइ अलि कम हुन गई लाम्चो आकारको देखिन्छ ।

## संभावना, अवसर र चुनौतीहरू

संखुवासभाको धर्मदेवी नगरपालिकाको जनघनत्व संखुवासभा जिल्लाको औसत भन्दा बढी छ । अर्थात, संखुवासभा जिल्लाको जनघनत्व ४१ जना प्रति वर्ग किलोमिटर रहेको छ भने यस नगरपालिकाको जनघनत्व १३७ जना प्रति वर्ग किलोमिटर रहेको छ । यस नगरपालिका क्षेत्रभित्र मूढे, टुटे देउराली बजार जस्ता चर्चित ग्रामीण बजारहरू रहेका छन् । यस नगरपालिकामा उत्तर दक्षिण कोशी राजमार्ग ४० किलोमिटर पर्छ । त्यस पहाडी मार्गबाट तेह्रथुमको बसन्तपुर र संखुवासभाको चैनपुर, तुम्लिङटार, खाँदबारी हुँदै किमाथाङ्का जाने अवसर छ । यस नगरपालिकाको आयको मुख्य सम्भावना वा अवसर नै कृषि उत्पादन, वन

पैदावर, जरिबुटी, घरेलु उद्योग र व्यापार हो । कृषि र अन्य प्रकारका बजारको संभावना पनि रहेको छ । कृषि पेशामा संलग्न मानिसहरू प्रशस्त छन्, यहाँको माटो त्यति उर्वर छैन । ता पनि यस नगरपालिकामा अन्न खेतीको साथै मौसमी र बेमौसमी अर्गानिक तरकारी खेतीको प्रबल संभावना रहेको छ । हाल, भइरहेको निर्वाहमुखी खेतीलाई व्यवसायमूलक बनाउने क्रम सुरु भइसकेको छ । त्यसैले यहाँका मानिसहरूको जीवनस्तर उकास्न धेरै समय पर्खनुपर्दैन । हाल बजारमा बढ्दो विषादीयुक्त तरकारीले मानिसहरूको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याइरहेको छ । मानिसहरू अलिकति बढी मूल्य तिरेर भए पनि अर्ग्यानिक मलद्वारा उत्पादित वस्तुहरूको खोजीमा छन् । जसका लागि भरपर्दो अर्ग्यानिक वस्तु उत्पादक कृषक समूह वा संस्थाहरू यसमा लाग्नु जरूरी देखिन्छ । त्यसैले बजारलाई लक्षित गरेर कृषि र अन्य उत्पादन गर्न सक्दा यस नगरपालिकाको समृद्धिका लागि प्रशस्त संभावनाहरू रहेको पाउन सकिन्छ ।

संखुवासभाको धर्मदेवी नगरपालिकामा घरेलु तथा साना उद्योगहरूको सम्भावना पनि प्रशस्त रहेको छ । ठूला उद्योगहरू भौगोलिक कारणले त्यति अनुकूल नहुने भएकाले पनि यहाँ साना तथा घरेलु उद्योगको संभावना बढी रहेको अनुमान गर्न सकिन्छ । घरेलु उद्योगबाट सानो लगानीमा सामग्रीहरू उत्पादन गरेमा बिक्रीका लागि बजारको कुनै अभाव छैन । मूढे बजारमा लाग्ने साप्ताहिक हटिया संखुवासभा जिल्लाकै चचर्चित हटिया हो । त्यसैले स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको छ । गुणस्तरयुक्त वस्तुहरूले राम्रैगरी बजार पाउँछन् । यहाँका मानिसहरू निगुरो, सालको पात, भोर्लाको डोरी, नाम्लो, बाँसका विभिन्न सामग्रीहरू बनाउने चोयाबाट डोको, डालो, भकारी, खुँगी बनाउने सीप राख्दछन् । बजार पनि नजिकमा पर्ने हुनाले यस स्थानमा यस्ता उद्योगहरू फस्टाउन सक्ने देखिन्छ । पूर्वमा नाम चलेको हिङ्वा यही नगरपालिकामा उत्पादन हुन्छ । यहाँ त्यस प्रकारका अन्य उद्योगहरू सञ्चालन गर्ने संभावना प्रशस्त छ । यहाँको पोखरी, पुराना धार्मिक, सांस्कृतिक महत्वका स्थानहरूलाई व्यवस्थित गरेर पर्यटकलाई आकर्षित गरी नगरको आम्दानी वृद्धि गर्ने नयाँ स्रोत बन्न सक्ने संभावना रहेको छ । साथै, यी क्षेत्रहरूलाई मानिसहरूको भेषभूषा, चाड पर्व जस्ता सांस्कृतिक पक्षको विकास गरेर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने संभावना पनि छँदैछ । त्यसैगरी तीनजुरे, मिल्के जस्ता लालीगुराशको राजधानी भनेर चिनिएका स्थानहरू पनि यही नगरपालिका क्षेत्रमा पर्दछन् । पर्यटकलाई आकर्षित गर्नका लागि यिनीहरू महत्वपूर्ण क्षेत्र हुनसक्छन् ।

यस नगरपालिकामा व्यापार व्यवसायका साथसाथै कृषि र पशुपालन गर्ने कार्यलाई पनि महत्व दिन सकिन्छ । पहिले प्रायः सबै घरमा पशुपालन गरिन्थ्यो । तर, पहिले व्यक्तिगत रूचि र आवश्यकता पुर्तिका लागि मात्र पशुपालन नगरेर व्यावसयिक उद्देश्यले गर्न आवश्यक छ । यसका साथै यस नगरपालिका क्षेत्रमा रहेका खाली ऐलानी पर्ति जमिनहरूमा वृक्षरोपण गरी

पार्कहरूको रूपमा विकास गरेको खण्डमा यस भेगको सुन्दरतामा वृद्धि हुन गई आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षित गर्न सकिने संभावना रहेको छ । आधुनिक तथा वैज्ञानिक ढङ्गले पशुपालन गरी पशुजन्य वस्तु उत्पादन बढाई नगरलाई सम्पन्न गर्न सकिने सम्भावना पनि छ । अब नगरपालिकाले स्वायत निकायको रूपमा आफ्नै पहलमा आर्थिक स्रोत पहिचान गरी आमदानी बढाउन सक्ने भएकोले केन्द्रीय बजेटको साथसाथै स्थानीय आमदानीबाट समेत गरी विकासका कार्यक्रमहरू सञ्चालन गर्न सकिने प्रशस्त संभावना रहेको छ ।

यहाँ भविष्यमा किवी खेती गर्नका लागि उचित मौसम रहेको छ । यसको व्यवापक खेती गरेर जुस उत्पादन गर्न सक्ने संभावना छ । त्यति मात्र होइन गुराँश, चुथ्रो, केसरी ऐसेलु पनि प्रशस्त हुने भएकोले यिनीहरुको खेती गरी जुस उत्पादनको योजना बनाउन सकिन्छ । यहाँ चिया, अलैची,च्याउ रुद्राक्ष जस्ता नगदे बाली प्रशस्त हुने संभावना छ । अल्लो उत्पादन गरी खाँडी कपडा उत्पादन गर्ने  र हाते मेसिन राखेर पहाडे कागज उत्पादन गर्ने अअवसर पनि प्रशस्त रहेको पाइन्छ । त्यस्तै वृहद पशुपालन गरी माशु उत्पादन गर्ने वा ठण्डा  कलकल पानीमा ट्राउट माछा पालेर आम्दानी गर्ने संभावना पनि त्यतिकै मात्रामा रहेको छ

**पर्यटकीय क्षेत्र**

धर्मदेवी नगरपालिकामा गलैचेपोखरी ऐतिहासिक र धार्मिक पर्यटकीय स्थलका रूपमा रहेको छ ।  यस पोखरीलाई अझै विकास गर्न सकिन्छ । तीनजुरे, मिल्के क्षेत्र लालीगुराँशको राजाधानी हो । यहाँ २८ प्रजातिका गुराँश पाइन्छन् । विश्वमा पाइने ३५ प्रजातिका गुराँशमध्ये यस क्षेत्रमा मात्र २८ प्रजातिका पाइन्छन् । यसकारण गुराँशको बंश र प्रजातिको अध्ययनको हिसाबले ज्यादै महत्वपूर्ण ठाउँ रहेको प्रष्ट छ । यसका लागि यहाँ बोटनीका विद्यार्थी र अन्य अध्ययनकर्तालाई आमन्त्रण गर्न सकिने संभावना छ । यसरी यहाँ एकातिर गुराँश हेर्न आउने पर्यटकलाई अकर्षित गर्न सकिन्छ भने अर्कोतिर गुराँशको अध्ययन गर्न सकिने केन्द्रका रुपमा विकास गरेर धेरै अध्यनकर्तालाई अकार्षित गर्न सकिने संभावना पनि त्यतिकै रहेको छ ।

यहाँ रहेको धर्मदेवी मन्दिर आफै धार्मिक र सांस्कृतिक पर्यटनको संभावना भएकधार्मिक  स्थान हो । धर्मदेवीका मानिसहरूमा मन्दिरप्रतिको आस्था निक्कै छ । धार्मिक आस्थाको आधारमा पूजा आजा गरिने यस देवस्थलमा दैनिक २० देखि २५ जना मानिसहरू आउने भएकोले यसको प्रचारप्रसार हुने हो भने यहाँ आउने भक्तजनको संख्या बढ्न सक्ने संभावना रहेको छ ।

यस प्रकार धर्मदेवी नगरपालिकामा माथि उल्लेखित धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रहरूको साथ साथै अन्य थुप्रै मन्दिर र देवस्थलहरू रहेका छन् । यिनीहरूले यस नगरपालिकामा पर्यटक आकर्षित गर्ने क्षमता राख्दछन् ।

१. **तीनजुरे-मिल्के पर्यटकीय क्षेत्र**::धर्मदेवी नगरपालिका वडा नम्बर १ मा रहेको तीनजुरे मिल्के पर्यटकीय क्षेत्र २८ प्रजातिको गुराश, विभन्न किसिमकालसुनाखरीको अध्ययन गर्न सकिने ठाउँ । यस करिडोरलाई पैदलमार्गको रुपमा विकास गर्न सकिने संभावना पनि रहेको छ ।

२.**पाथीभरा कवैटार** :तीनजुरे क्षेत्रमा रहेको पाथीभरा मन्दिर आकर्षक मन्दिर रहेको छ । अप्ठ्यारो उकालो चढेर यो मन्दिरको दर्शन गर्दा सारै आनन्द आउने गरेको पर्यटकहरू बताउँछनु । गुराँस फुकेका बेला मन्दिर ओरिपरिबाट गुराँसे वनको मनोरम दृश्य साँच्चे मोहक रहेको हुन्छ । यो मन्दिर धर्मदेवी नगरपालिका वडा नम्बर १ मा रहेको छ ।

३. **महभीरको मौरी घार** : धर्मदेवी नगरपालिका वडा नम्बर १ मा रहेको करिब ३०० मिटर अग्लो भीरमा भीरमौरीको घार आफैंमा हेर्नलायक छ ।

४. **सिमले छहरा  र वालिङ छाँगा** : धर्मदेवी नगरपालिका वडा नम्बर २ मा रहेको सिमले छहरा  र वालिङ छाँगा रमणीय र दृश्यस्पर्शी रहेको छ । यिनीहरूलाई प्रचारप्रसार र व्यवस्थापन गरेर अवलोकन गर्ने महत्वपूर्ण स्थलका रूपमा विकास गर्न सकिन्छ।

५. **देउराली लुपलुप गुफा**: धर्मदेवी नगरपालिका वडा नम्बर २ मा रहेको देउराली लुपलुप गुफा पर्यटकीय संभावना बोकेको स्थल रहेको छ ।

६. **याख्खाहरूको डोकेनी सालिक**  यस क्षेत्रका पुराना बासिन्दा तथा मझियाहरू नै याख्खा हुन् । त्यसैले उनीहरूको पुर्खाहरूले मानिआएको डोकनी सालिक धर्मदेवी नगरपालिकाको वडा नम्बर ४मा रहेको छ । ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको यो क्षेत्रको प्रवर्द्धन गरी पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिने संभावना रहेको छ ।

६. **बतासे प्वाल** : धर्मदेवी नगरपालिकाको वडा नम्बर ४मा रहेको च्यानडाँडमा उउटा प्वाल छ जुन प्वालबाट चिसो हावा आउने गर्दछ । यसको रहस्य खोजी गरी यसलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिने संभावना रहेको छ ।

७. **बतासे डाँडा** : धर्मदेवी नगरपालिका वडा नम्बर ६ साउने भन्ने स्थानमा रहेको बतासे डाँडा पयृटकीय हिसाबले निक्कै महत्वपूर्ण र संभावना बोकेको डाँडा हो । अग्लो डाँडा भएकाले तल खोलाबाट आउने चिसो बतास बारै महिना चलिरहेको हुन्छ । त्यही भएर यसको नाम बतासे डाँडा राखिएको हुनसक्छ । बतासे डाँडाको रहस्य वा महत्व चिसो हावामा मात्रा सीमित छैन । व्यापक पर्यटकीय संभावना बोकेको छ यसले । यहाँबाट संखुवासभा, भोजपुर र धनकुटा अधिकांश ठाउँहरू मजाले अवलोकन गर्न पाइन्छ । चिसो बतासको झोक्कासँग रमेर एकै स्थानमा उभिएर पहाडी जिल्लाको सुन्दर दृश्य अवलोकन गर्न पाउँदा पर्यटकहरूले स्वर्ग पुगेझैं आनन्दको अनुभूति गर्न सक्छन् ।

८. **प्रशिद्ध धर्मदेवी मन्दिर** :धर्मदेवी मन्दिर धर्मदेवी नगरपालिका वडा नम्बर ६ मा अवस्थित छ । नगरपालिकाको नामाकरण समेत यही मन्दिरको नामबाट भएको देखिन्छ । यो मन्दिर आफैंमा ऐतिहासिक, धार्मिक महत्वको त छँदैछ, विविष्ट विशेषतायुक्त पनि छ । छिन्ताङ् देवीसँग सम्बन्ध जोडिएको यो आफैं उत्पति भएको किबदन्ति पाइन्छ । वि.सं. १९१८मा स्थापना भएको यस मन्दिरको अहिलेसम्म सात जना पूजारी भए सबै याख्खा जातिका मानिस मात्र पुजारी हुन पाएका छन् । पूजारी छान्ने तरिका पनि फरक छ । पूजारीको मृत्यु भएर वा अशक्त भएर नयाँ पूजारी चयन गर्नुपर्दा देवी स्वयमले छान्छिन् भन्ने मान्यता छ । कसैले चाहेर पूजारी हुन पाउँन्न । कसैले हुनन भनेर पनि धर पाउदैन । देवीले छानेको मान्छे आफैं काप्दै र भट्याउँदै आउँछन् र पूजाको काम सम्हाल्छन् ।§ यहाँ पशु तथा पंक्षीको वली दिने चलन छ । यो मन्दिरको व्यवस्थापन गुठीले गरिरहेको छ ।

९. **गलैंचे पोखरी** : धर्मदेवी नगरपालिका वडा नम्बर ८ मारहेको गलैंचे पोखरी यहाँको ऐतिहासिक पोखरी हो । यस क्षेत्रका आदिवासी याख्खा जातिका पूर्वज दश मझियाले नै यसको स्थापना र नामाकरण गरेको हुनाले पनि यसको महत्व रहन गएको छ ।

१०. **धूधनाथ गुफा** : धर्मदेवी नगरपालिका वडा नम्बर ९मा रहेको धूधनाथ गुफा यहाँको एक महत्वपूर्ण सांस्कृतिक सम्पदा हो । गुफाभित्र हिटी,कुवा, भीमसेन मन्दिर रहेको छ । यसमा ऋषिपञ्चमीको दिन पूजा गरिन्छ । तयसदिन यहाँ टाढा टाढाबाट भक्तजनहरू आउने गर्दछन् ।
११. **बोल्ने ढुङ्गा** : धर्मदेवी नगरपालिकाको वडा नम्बर ९मा बोल्ने ढुङ्गा रहेको छ । विहीबारेको माथिल्लो चौतारोमा गएर जोसुकैले बोले पनि त्यो आवाज जस्ताको तस्तै फर्किएर

§ **हेर्नुहोस, लक्ष्मी प्रसाद अधिकारीद्वरा लिखित, २०६१ साल । श्री धर्मदेवी मन्दिर परिचय, पृष्ठ २ ।**

आउँछ । त्यो अवाज बोल्ने मान्छे स्वयम्ले सुन्न सक्छ । यसरी बोलिएको अवाज फकाएने भएकाले त्यसलाई बोल्ने ढुङ्गो भनिन्छ । मानिसहरू माथ्लो चौतारोमा गएर आफनै पाराले बोल्दै गराउँदै मजा लिइरहेका हुन्छन् ।

**१२.शहीद पार्क** : धर्मदेवी नगरपालिका वडा नम्बर ९ विहीबारेमा बनाइएको शहीछ । पार्कलाई व्यवस्थित गर्ने हो भने पर्यटकलाई आकर्षिक गर्ने र स्थानीय माखिस पनि फुर्सदको समयमा सुस्ताउने र शहीदको देनलाई स्मरण गर्ने ठाउँ बन्ने छ ।

**१३. यलम्बर पार्क**

## नगरबासीको अन्तर सम्बन्ध

धर्मदेवी नगरपालिका र यहाँका निवासीको अन्तरसम्बन्ध विशेषगरी छिमेकी गाविस र नगरपालिका एवम् त्यहाँ रहेका बजारहरूसँग रहेको देखिन्छ । यसको अन्तरसम्बन्ध ज्यादा मात्रामा यस नगरपालिकासँग सिमाना जोडिएको लालीगुराँश नगरपालिका रहेको छ । त्यसैगरी चैनपुर र संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी, तुम्लिङटारसँग प्रशासनिक र राजनीतिक कामको लागि अन्तरसम्बन्ध रहेको पाइन्छ । यी बजारहरूमा स्थानीय उत्पादनहरू बिक्री वितरण हुनुका साथै मानिसहरूले स्थानीय आवश्यकताका वस्तुहरू खरिद गर्दछन् । अर्कोतिर तीनजुरे मिल्के जलजले हुँदै ताप्लेजुङ जान सकिने मार्ग छ । अर्कोतिर यही तीनजुरे मिल्के जलजले मार्गलाई किमाथान्कासम्म जाने पदमार्गका रूपमा विकास गर्न सकिने संभावना पनि देखिएको छ ।

नगरपालिकालाई चाहिने अन्य कृषि सामग्री, निर्माण सामग्री, खाद्य सामग्री लगायत दैनिक आवश्यकताका वस्तुहरूको आयात मूलतः धरान, विराटनगर र काठमाण्डौका बजारबाट हुने गरेको छ । यहाँका बासिन्दाका लागि तेह्रथुम जिल्लाको बसन्तपुर र संखुवासभाको चैनपुर नजिकका बजारहरू हुन् । यहाँका बासिन्दा आफ्नो आवश्यकताका बस्तुहरू खरीद गर्न यी बजारहरूमा जाने गरेका छन् । संखुवासभाको तुम्लिङटारको हवाई सेवा पनि छ । काठमाण्डौबाट जहाज आवतजावत गर्दछन् । तर, तेह्रथुम जिल्लाको बसन्तपुर हुँदै जोडिने गाडीको रुट यहाँका बासिन्दाका लागि भरपर्दो र सजिलो माध्यम रहेको छ ।

खण्ड तीन

# आधारभूत तथ्याङ्क विश्लेषण

## व्यक्तिगत विवरण

### जनसङ्ख्याको विवरण

वि.सं. २०६८ को जनगणना अनुसार धर्मदेवी नगरपालिकाको कूल जनसङ्ख्या १८२३५ जना रहेको थियो । तर, वि.सं. २०७४ मा गरिएको घरधूरी सर्वेक्षणमा यहाँको जनसंख्या १९८५९ रहेको छ । जस अनुसार पुरुषको सङ्ख्या १०१८८ र महिलाको सङ्ख्या भने यसभन्दा केही कम ९६७१ जना रहेको छ । धर्मदेवी नगरपालिकामा घरपरिवार सङ्ख्या ३९५२ रहेको छ । यहाँको औसत परिवार सङ्ख्या ५.०३ रहेको पाइन्छ ।

तालिका नं. १

**धर्मदेवी नगरपालिकाको वडा, घर परिवार तथा लिङ्ग अनुसार जनसंख्या विवरण ।**

| वडा नं. | लिङ्ग (२०७४) | | जम्मा | घर परिवार संख्या | औसत परिवार संख्या | लैङ्गिक अनुपात | लिङ्ग (२०६८) | | जम्मा | घर परिवार संख्या (२०६८) | औसत बार्षिक जनसंख्या बृदिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | | | पुरुष | महिला | | | |
| १ | १४२६ | १२९४ | २७२० | ५६० | ४.८६ | ११०.२० | १११५ | १३१७ | २४३२ | ५३६ | १.८७ |
| २ | ९४८ | ८६८ | १८१६ | ३८३ | ४.७४ | १०९.२२ | ७७२ | ८९२ | १६६४ | ३९२ | १.४६ |
| ३ | १५७८ | १५१३ | ३०९१ | ६४० | ४.८३ | १०४.३० | १३६७ | १५९५ | २९६२ | ६५२ | ०.७१ |
| ४ | १०७३ | १०६८ | २१४१ | ३९३ | ५.४५ | १००.४७ | ८२७ | ९३६ | १७६३ | ३९१ | ३.२४ |
| ५ | ११९५ | ११४१ | २३३६ | ४५१ | ५.१८ | १०४.७३ | ९७१ | ११२० | २०९१ | ४३६ | १.८५ |
| ६ | ९८२ | ९७८ | १९६० | ४०२ | ४.८८ | १००.४१ | ८१७ | ९३४ | १७५१ | ३५७ | १.८८ |
| ७ | ८६६ | ८०७ | १६७३ | ३२४ | ५.१६ | १०७.३१ | ७४९ | ८८१ | १६३० | ३४६ | ०.४३ |
| ८ | १०६५ | ९७५ | २०४० | ३८३ | ५.३३ | १०९.२३ | ८६१ | १,०६८ | १९२९ | ४०५ | ०.९३ |
| ९ | १०५५ | १०२७ | २०८२ | ४१६ | ५.०० | १०२.७३ | ९१३ | १,१०० | २०१३ | ४४३ | ०.५६ |
| जम्मा | १०१८८ | ९६७१ | १९८५९ | ३९५२ | ५.०३ | १०५.३५ | ८,३९२ | ९,८४३ | १८,२३५ | ३,९५८ | १.४२ |


**स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५/ राष्ट्रिय जनगणना वि.सं.२०६८ ।**

वि.सं. २०६८ वृद्धि को जनगणनाको प्रतिवेदनको आधारमा जनसंख्याको तुलना गर्दा यहाँको जनसङ्ख्या बढेको छ भने घरपरिवार सङ्ख्या घटेको छ । वडागत आधारमा सबैभन्दा बढी घरपरिवार भएको वडा नं. ३ हो, जसमा ६४० घरपरिवार र जनसङ्ख्या २१४१ रहेको पाइएको छ । यता सवैभन्दा कम घरपरिवार वडा नं.७ मा ३२४ घर रहेको छ, जनसङ्ख्या १६७३ रहेको छ ।

धर्मदेवी नगरपालिकाको लैङ्गिक अनुपात भने १०५.३५ रहेको छ । यसको अर्थ हो, यहाँ १०० जना महिला बराबर करिब १०५.३५ जना पुरुष रहन्छन् । महिलाको जनसंख्या पुरुषकोभन्दा कम बढी भएकोले यस्तो अवस्था आएको हो । यसबाट धर्मदेवी नगरपालिकामा महिलाको

तुलनामा पुरुषको सङ्ख्या बढी रहेको पाइन्छ । यहाँको जनसंख्या  वृद्धि दर १.४२ प्रतिशत रहेको छ जुन राष्ट्रिय जनसंख्या वृद्धिदर १.३५ प्रतिशत भन्दा निक्कै बढी हो ।

यसलाई तलको स्तम्भ चित्रमा पनि देखाइएको छ ।




माथिको स्तम्भ चित्रमा वि.सं. २०६८ को जनगणनाको तथ्याङ्कमा  पुरुषको तुलनामा महिलाको जनसंख्या घटेको छ । वि.सं. २०७४को घरधूरी सर्वेक्षणको आधारमा आएको तथ्याङ्क हेर्दा पुरुषको जनसंख्या ९३९२ हजारबाट बढेर १०१८८ पुगेको छ । तर महिलाको संख्या ९८७३ बाट घटेर ९६७१ भएको छ । कुल जनसंख्यामा पनि यसपल्ट उल्लेख्य  मात्रामा बढेको छ ।

**परिवारको सदस्य संख्याको आधारमा जनसंख्या**

हाम्रा पुर्खाहरू संयुक्त परिवारमा बस्थे । त्यतिबेला परिवार ठूलो भएमा बढी क्षमतावान र आकार मानिसको सभ्यता वा विकासलाई बुझ्ने आधार भएको छउल्लेख  । विकासको क्रममा आधुनिक विचार अँगालेको छ वा पुरानै विचारको अनुयायी हो भन्ने कुरा परिवारको आकार कस्तो छ भन्ने आधारमा बुझ्न र अर्थ लगाउन थालिएको छ । यद्यपि पविार ठूलो वा सानो बनाउनुका पछाडि मानिसको आफ्नो  बाध्यता वा सोचाइ पनि हुनसक्छ । कारण जेसुकै भए

पनि धर्मदेवी नगरपालिकामा सानो वा ठूलो दुवै किसिमका परिवार रहेको पाइएको छ । यहाँ रहेको परिवार संख्या र त्यसको आकार तलको तालिकामा प्रस्तुत  गरिएको छ ।

**तालिका नं. २**

**परिवारमा भएका सदस्य संख्याको आधारमा जनसंख्याको विवरण ।**

| सि.नं. | परिवार सदस्य संख्या | घरपरिवार संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | १ | ९९ | ९९ | ०.४९९ |
| २ | २ | २६७ | ५३४ | २.६८९ |
| ३ | ३ | ४८७ | १४६१ | ७.३५७ |
| ४ | ४ | ९०७ | ३६२८ | १८.२७ |
| ५ | ५ | ८३० | ४१५० | २०.९ |
| ६ | ६ | ५६६ | ३३९६ | १७.१ |
| ७ | ७ | ३३० | २३१० | ११.६३ |
| ८ | ८ | २०२ | १६१६ | ८.१३७ |
| ९ | ९ | १६० | १४४० | ७.२५१ |
| १० | १० | ३६ | ३६० | १.८१३ |
| ११ | ११ | २० | २२० | १.१०८ |
| १२ | १२ | २१ | २५२ | १.२६९ |
| १३ | १३ | १२ | १५६ | ०.७८६ |
| १४ | १४ | ६ | ८४ | ०.४२३ |
| १५ | १५ | ४ | ६० | ०.३०२ |
| १६ | १७ | १ | १७ | ०.०८६ |
| १७ | १८ | २ | ३६ | ०.१८१ |
| १८ | २० | २ | ४० | ०.२०१ |
| **जम्मा** | | ३९५२ | १९८५९ | १०० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

परिवारमा कतिजना सदस्य छन् वा कति सदस्यीय परिवार रहेको छ भनी विश्लेषण गर्दा धर्मदेवी नगरपालिकामा न्यूनतम एक जना र बढीमा २० जना एउटा परिवारमा    हेको

पाइएको छ । परिवार संख्या एकजना रहेको ९९ परिवार छन् भने परिवारको सदस्य २० जना रहेको परिवार संख्या दुई रहेको  छ । सबैभन्दा बढी परिवारहरू परिवार सदस्य चार र पाँच सरहेका छन् । चार जना परिवार सदस्य रहेको परिवार संख्या ९०७ रहेको छ भने परिवारका सदस्यहरू पाँच जना  रहेको परिवार संख्या ८३० रहेको छ । जुन कुल जनसंख्याको क्रमशः १८.२७ र २०.९ प्रतिशत  रहेको पाइएको छ ।

### लिङ्ग अनुसार घरपरिवार मूली

लैङ्गिक आधारमा परिवार मुलीको विश्लेषण आफैमा महत्वपूर्ण विषय हो । हाम्रो समाज पुरूष प्रधान र पितृसतात्मक मानिन्छ । यस्तो समयमा घरमुलीको लिङ्ग पहिचान ज्यादै महत्वपूर्ण विषय हुन्छ । महिलाले नेतृत्व लिएको घरपरिवार र पुरुषको नेतृत्वमा रहेको परिवारको विषयमा वास्तवमा अध्ययन गर्नुपर्ने पक्षहरू धेरै छन् । तर, यहाँ त्यता तर्फ नलागी सामानय लैङ्गिक अनुपातको विश्लेषण मात्र गर्ने जमर्को ठरिएको छ । तलको तालिका यसै प्रयोजनका लागि हो ।

*तालिका नं. ३*


*वडा नं. तथा लिङ्ग अनुसार घरपरिवार मूलीको संख्या ।*

| वडा नं. | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| १ | ५०९ | ५१ | ५६० |
| २ | २८५ | ९८ | ३८३ |
| ३ | ५६९ | ७१ | ६४० |
| ४ | ३१४ | ७९ | ३९३ |
| ५ | ३८० | ७१ | ४५१ |
| ६ | ३२७ | ७५ | ४०२ |
| ७ | २४४ | ८० | ३२४ |
| ८ | २४७ | १३६ | ३८३ |
| ९ | ३१६ | १०० | ४१६ |
| जम्मा | ३१९१ | ७६१ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

परिवारको मूल व्यक्ति महिला वा पुरूष को बढी रहेको छ ? भन्ने विषयमा अध्ययन गर्दा धर्मदेवी नगरपालिकाका ३९५२ परिवार मध्ये ३१९१ घरमा मुली पुरुष रहेका छन् भने ७६१ घरमा मूली महिला रहेका छन् । वडागत आधारमा विश्लेषण गर्दा महिला मूली रहेको परिवार

वडा नम्बर ७ मा सबैभन्दा कम अर्थात ८० परिवार रहेका छन् । त्यसैगरी वडा नम्बर ८ सबैभन्दा बढी महिला घरमूली रहेको पाइएको छ । कुल घरमूली मध्ये २४ प्रतिशत महिला र ७६ प्रतिशत पुरुष रहेका छन् । यसलाई तलको वृतचित्रमा पनि देखाइएको छ ।




### उमेर समूह तथा लिङ्ग अनुसार नगरपालिकाको जनसंख्या

जनसंख्यालाई उमेर समूहको आधारमा वर्गीकरण गरेर विश्लेषण गर्दा कुन उमेर समूहका मानिसहरू कति छन् भन्ने जानकारी हुनुका साथै कुन उमेर समूहका मानिसहरुमा लैङ्गिक अनुपात कसतो रहेको छ भनी थाहा पाउन सकिने अवस्था बन्दछ । जुन जनसाख्यिक अध्ययनको दृष्टिकोणबाट निक्कै महत्वपूर्ण हुन्छ । यसले लैङ्गिक सन्तुलनको अवस्था पनि दर्शाउँछ । तलको तालिका हेर्नुहोस् ।

*तालिका नं. ४*

*उमेर समूह तथा लिङ्ग अनुसार नगरपालिकाको जनसंख्या ।*


| सि.नं. | उमेर समुह | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | ३ वर्ष भन्दा कम | ५१९ | ४९८ | १०१७ | ५.१२ |
| २ | ४ देखि ५ | ३७७ | ३१८ | ६९५ | ३.५० |
| ३ | ६ देखि ९ | ६४९ | ६४१ | १२९० | ६.५० |
| ४ | १० देखि १४ | ११२१ | १०९१ | २२१२ | ११.१४ |
| ५ | १५ देखि १९ | ११०५ | १०४५ | २१५० | १०.८३ |
| ६ | २० देखि २४ | १०८३ | १००५ | २०८८ | १०.५१ |
| ७ | २५ देखि २९ | ९३८ | ८२१ | १७५९ | ८.८६ |
| ८ | ३० देखि ३४ | ८७४ | ७५३ | १६२७ | ८.१९ |
| ९ | ३५ देखि ३९ | ६७२ | ६७१ | १३४३ | ६.७६ |
| १० | ४० देखि ४४ | ५५५ | ४९३ | १०४८ | ५.२८ |
| ११ | ४५ देखि ४९ | ४४१ | ४६३ | ९०४ | ४.५५ |
| १२ | ५० देखि ५४ | ४५५ | ४८८ | ९४३ | ४.७५ |
| १३ | ५५ देखि ५९ | ४०५ | ३५४ | ७५९ | ३.८२ |
| १४ | ६० देखि ६४ | ३१३ | ३४६ | ६५९ | ३.३२ |
| १५ | ६५ देखि ६९ | २६२ | २६४ | ५२६ | २.६५ |
| १६ | ७० वर्ष भन्दा माथि | ४१९ | ४२० | ८३९ | ४.२२ |
| जम्मा | | १०१८८ | ९६७१ | १९८५९ | १००.०० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकामा रहेको कुल जनसंख्या १९८५९ मध्ये उमेर समूहको आधारमा १० देखि १४ वर्ष समूहको जनसंख्या बढी रहेको पाइएको छ । यो समूहको जनसंख्या २२१२ रहेको छ, जुन कुल जनसंख्याको ११.१४ प्रतिशत हो । यसबाट यस नगरपालिकामा बालबालिकाको समूह निक्कै बढी रहेको देखिएको छ । त्यसैगरी जनसंख्या बढी रहेको उमेर समूहहरूमा १५ देखि १९ वर्ष समूहका २१५० (१०.८३ प्रतिशत), २० देखि २४ वर्ष समूहको जनसंख्या २०८८ जना (१०.५१ प्रतिशत) रहेको छ । यस नगरपालिकामा ७० वर्षभन्दा बढी उमेर समूहको जनसंख्या

८३९ रहेको छ जुन कुल जनसंख्याको ४.२२ प्रतिशत रहेको छ । यसलाई तल दिइएको जनसंख्या पीरामिड अझ प्रष्ट पार्न सकिन्छ ।

लिङ्ग तथा उमेर समूह अनुसार जनसंख्याको पिरामिड ।




**उमेर समूह र लिङ्गको आधारमा वडागत जनसंख्या**

धर्मदेवी नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् । सबै वडामा जनसंख्याको आधारमा लैङ्गिक सहभागिता सहभागिताको अवस्था थाहा पाउन वडागत आधारमा महिला र पुरूषको उमेरगत संख्या जरूरी हुन्छ । यसबाट उमेरगत आवश्यकता पहिचचान गरी कार्यक्रमहरू सञ्चालन गर्न सजिलो हुन्छ । यस नगरपालिकामा वडागत आधारमा तयार गरिएको जनसंख्या विवरण तल इिएको छ ।

## तालिका नं. ५
## उमेर समूह तथा वडा अनुसारको जनसंख्या विवरण ।

| सि.नं. | वडा नं. | उमेर समुह | लिङ्ग |  | जम्मा |
|---|---|---|---|---|---|
|  |  |  | पुरुष | महिला |  |
| १ | १ | ३ वर्ष भन्दा कम | ८८ | ७८ | १६६ |
| २ |  | ४ देखि ५ | ७० | ५४ | १२४ |
| ३ |  | ६ देखि ९ | ९३ | १०० | १९३ |
| ४ |  | १० देखि १४ | १७६ | १३२ | ३०८ |
| ५ |  | १५ देखि १९ | १४३ | १५० | २९३ |
| ६ |  | २० देखि २४ | १५३ | १४७ | ३०० |
| ७ |  | २५ देखि २९ | १३४ | ९२ | २२६ |
| ८ |  | ३० देखि ३४ | ११८ | ११० | २२८ |
| ९ |  | ३५ देखि ३९ | ९५ | ८३ | १७८ |
| १० |  | ४० देखि ४४ | ५५ | ५८ | ११३ |
| ११ |  | ४५ देखि ४९ | ४७ | ६३ | ११० |
| १२ |  | ५० देखि ५४ | ६८ | ६६ | १३४ |
| १३ |  | ५५ देखि ५९ | ५७ | ५० | १०७ |
| १४ |  | ६० देखि ६४ | ४२ | ४३ | ८५ |
| १५ |  | ६५ देखि ६९ | २६ | २५ | ५१ |
| १६ |  | ७० वर्ष भन्दा माथि | ६१ | ४३ | १०४ |
| जम्मा |  |  | १४२६ | १२९४ | २७२० |
| १७ | २ | ३ वर्ष भन्दा कम | ४३ | ३९ | ८२ |
| १८ |  | ४ देखि ५ | २९ | २६ | ५५ |
| १९ |  | ६ देखि ९ | ४९ | ४८ | ९७ |
| २० |  | १० देखि १४ | ७० | ८२ | १५२ |
| २१ |  | १५ देखि १९ | ११५ | ९५ | २१० |

| सि.नं. | वडा नं. | उमेर समुह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| २२ | | २० देखि २४ | ११० | ८० | १९० |
| २३ | | २५ देखि २९ | ९० | ८९ | १७९ |
| २४ | | ३० देखि ३४ | ८७ | ७४ | १६१ |
| २५ | | ३५ देखि ३९ | ६० | ५८ | ११८ |
| २६ | | ४० देखि ४४ | ६१ | ५१ | ११२ |
| २७ | | ४५ देखि ४९ | ४५ | ४५ | ९० |
| २८ | | ५० देखि ५४ | ३८ | ४६ | ८४ |
| २९ | | ५५ देखि ५९ | ४४ | ३४ | ७८ |
| ३० | | ६० देखि ६४ | ३० | ३७ | ६७ |
| ३१ | | ६५ देखि ६९ | २३ | २४ | ४७ |
| ३२ | | ७० वर्ष भन्दा माथि | ५४ | ४० | ९४ |
| जम्मा | | | ९४८ | ८६८ | १८१६ |
| ३३ | ३ | ३ वर्ष भन्दा कम | ८० | ७९ | १५९ |
| ३४ | | ४ देखि ५ | ५८ | ४५ | १०३ |
| ३५ | | ६ देखि ९ | ९९ | ११३ | २१२ |
| ३६ | | १० देखि १४ | १९६ | १७१ | ३६७ |
| ३७ | | १५ देखि १९ | १६९ | १६४ | ३३३ |
| ३८ | | २० देखि २४ | १५२ | १६१ | ३१३ |
| ३९ | | २५ देखि २९ | १३७ | १३१ | २६८ |
| ४० | | ३० देखि ३४ | १५३ | १२४ | २७७ |
| ४१ | | ३५ देखि ३९ | १०१ | १०८ | २०९ |
| ४२ | | ४० देखि ४४ | ९५ | ७४ | १६९ |
| ४३ | | ४५ देखि ४९ | ५८ | ७६ | १३४ |
| ४४ | | ५० देखि ५४ | ७४ | ७८ | १५२ |

| सि.नं. | वडा नं. | उमेर समुह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| ४५ | | ५५ देखि ५९ | ५९ | ५४ | ११३ |
| ४६ | | ६० देखि ६४ | ५३ | ४७ | १०० |
| ४७ | | ६५ देखि ६९ | ४८ | ३४ | ८२ |
| ४८ | | ७० वर्ष भन्दा माथि | ४६ | ५४ | १०० |
| जम्मा | | | १५७८ | १५१३ | ३०९१ |
| ४९ | ४ | ३ वर्ष भन्दा कम | ५६ | ५९ | ११५ |
| ५० | | ४ देखि ५ | ३६ | २८ | ६४ |
| ५१ | | ६ देखि ९ | ५३ | ६४ | ११७ |
| ५२ | | १० देखि १४ | ११२ | १३७ | २४९ |
| ५३ | | १५ देखि १९ | १२४ | ११२ | २३६ |
| ५४ | | २० देखि २४ | १०६ | ९९ | २०५ |
| ५५ | | २५ देखि २९ | ९४ | १०३ | १९७ |
| ५६ | | ३० देखि ३४ | ८१ | ६५ | १४६ |
| ५७ | | ३५ देखि ३९ | ७६ | ७५ | १५१ |
| ५८ | | ४० देखि ४४ | ७८ | ६३ | १४१ |
| ५९ | | ४५ देखि ४९ | ५७ | ५० | १०७ |
| ६० | | ५० देखि ५४ | ४९ | ५५ | १०४ |
| ६१ | | ५५ देखि ५९ | ४१ | ३६ | ७७ |
| ६२ | | ६० देखि ६४ | २५ | ३७ | ६२ |
| ६३ | | ६५ देखि ६९ | ३१ | २६ | ५७ |
| ६४ | | ७० वर्ष भन्दा माथि | ५४ | ५९ | ११३ |
| जम्मा | | | १०७३ | १०६८ | २१४१ |
| ६५ | ५ | ३ वर्ष भन्दा कम | ५७ | ३५ | ९२ |
| ६६ | | ४ देखि ५ | ४७ | ३६ | ८३ |

| सि.नं. | वडा नं. | उमेर समुह | लिङ्ग पुरुष | लिङ्ग महिला | जम्मा |
|---|---|---|---|---|---|
| ६७ | | ६ देखि ९ | ७२ | ६० | १३२ |
| ६८ | | १० देखि १४ | १४८ | १५१ | २९९ |
| ६९ | | १५ देखि १९ | ११९ | १३४ | २५३ |
| ७० | | २० देखि २४ | १३३ | १२४ | २५७ |
| ७१ | | २५ देखि २९ | १०८ | ८१ | १८९ |
| ७२ | | ३० देखि ३४ | १०५ | ९९ | २०४ |
| ७३ | | ३५ देखि ३९ | ७५ | ८६ | १६१ |
| ७४ | | ४० देखि ४४ | ६८ | ५९ | १२७ |
| ७५ | | ४५ देखि ४९ | ५५ | ५१ | १०६ |
| ७६ | | ५० देखि ५४ | ५५ | ५९ | ११४ |
| ७७ | | ५५ देखि ५९ | ४३ | ४३ | ८६ |
| ७८ | | ६० देखि ६४ | ३३ | ४३ | ७६ |
| ७९ | | ६५ देखि ६९ | ३२ | ३० | ६२ |
| ८० | | ७० वर्ष भन्दा माथि | ४५ | ५० | ९५ |
| जम्मा | | | ११९५ | ११४१ | २३३६ |
| ८१ | ६ | ३ वर्ष भन्दा कम | ५० | ६३ | ११३ |
| ८२ | | ४ देखि ५ | ४६ | ३६ | ८२ |
| ८३ | | ६ देखि ९ | ६९ | ७८ | १४७ |
| ८४ | | १० देखि १४ | १२१ | ११८ | २३९ |
| ८५ | | १५ देखि १९ | १०५ | ९० | १९५ |
| ८६ | | २० देखि २४ | १११ | १०५ | २१६ |
| ८७ | | २५ देखि २९ | ८५ | ७३ | १५८ |
| ८८ | | ३० देखि ३४ | ७७ | ७८ | १५५ |
| ८९ | | ३५ देखि ३९ | ५६ | ५९ | ११५ |

| सि.नं. | वडा नं. | उमेर समुह | लिङ्ग पुरुष | लिङ्ग महिला | जम्मा |
|---|---|---|---|---|---|
| ९० | | ४० देखि ४४ | ४० | ४७ | ८७ |
| ९१ | | ४५ देखि ४९ | ५० | ४९ | ९९ |
| ९२ | | ५० देखि ५४ | ४१ | ४४ | ८५ |
| ९३ | | ५५ देखि ५९ | ३५ | ३३ | ६८ |
| ९४ | | ६० देखि ६४ | ३१ | २४ | ५५ |
| ९५ | | ६५ देखि ६९ | २८ | ३० | ५८ |
| ९६ | | ७० वर्ष भन्दा माथि | ३७ | ५१ | ८८ |
| जम्मा | | | ९८२ | ९७८ | १९६० |
| ९७ | ७ | ३ वर्ष भन्दा कम | ४७ | ३२ | ७९ |
| ९८ | | ४ देखि ५ | २९ | ३२ | ६१ |
| ९९ | | ६ देखि ९ | ५९ | ६० | ११९ |
| १०० | | १० देखि १४ | ६७ | ८९ | १५६ |
| १०१ | | १५ देखि १९ | ९६ | ७३ | १६९ |
| १०२ | | २० देखि २४ | ९४ | ८० | १७४ |
| १०३ | | २५ देखि २९ | ८९ | ७७ | १६६ |
| १०४ | | ३० देखि ३४ | ८८ | ५४ | १४२ |
| १०५ | | ३५ देखि ३९ | ५२ | ६१ | ११३ |
| १०६ | | ४० देखि ४४ | ३३ | ३९ | ७२ |
| १०७ | | ४५ देखि ४९ | ३९ | ३० | ६९ |
| १०८ | | ५० देखि ५४ | ४१ | ४१ | ८२ |
| १०९ | | ५५ देखि ५९ | ३३ | २८ | ६१ |
| ११० | | ६० देखि ६४ | ३२ | ४४ | ७६ |
| १११ | | ६५ देखि ६९ | २७ | २९ | ५६ |
| ११२ | | ७० वर्ष भन्दा माथि | ४० | ३८ | ७८ |

| सि.नं. | वडा नं. | उमेर समुह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| जम्मा | | | ८६६ | ८०७ | १६७३ |
| ११३ | ८ | ३ वर्ष भन्दा कम | ५० | ५९ | १०९ |
| ११४ | | ४ देखि ५ | २७ | ३० | ५७ |
| ११५ | | ६ देखि ९ | ७८ | ५६ | १३४ |
| ११६ | | १० देखि १४ | ११८ | ९५ | २१३ |
| ११७ | | १५ देखि १९ | १२० | १०५ | २२५ |
| ११८ | | २० देखि २४ | १०१ | ९३ | १९४ |
| ११९ | | २५ देखि २९ | १०२ | ९५ | १९७ |
| १२० | | ३० देखि ३४ | ९२ | ७२ | १६४ |
| १२१ | | ३५ देखि ३९ | ९० | ७० | १६० |
| १२२ | | ४० देखि ४४ | ६२ | ५१ | ११३ |
| १२३ | | ४५ देखि ४९ | ४७ | ४९ | ९६ |
| १२४ | | ५० देखि ५४ | ४० | ३८ | ७८ |
| १२५ | | ५५ देखि ५९ | ४२ | ३५ | ७७ |
| १२६ | | ६० देखि ६४ | ३२ | ४३ | ७५ |
| १२७ | | ६५ देखि ६९ | २४ | ३७ | ६१ |
| १२८ | | ७० वर्ष भन्दा माथि | ४० | ४७ | ८७ |
| जम्मा | | | १०६५ | ९७५ | २०४० |
| १२९ | ९ | ३ वर्ष भन्दा कम | ४८ | ५४ | १०२ |
| १३० | | ४ देखि ५ | ३५ | ३१ | ६६ |
| १३१ | | ६ देखि ९ | ७७ | ६२ | १३९ |
| १३२ | | १० देखि १४ | ११३ | ११६ | २२९ |
| १३३ | | १५ देखि १९ | ११४ | १२२ | २३६ |

| सि.नं. | वडा नं. | उमेर समुह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १३४ | | २० देखि २४ | १२३ | ११६ | २३९ |
| १३५ | | २५ देखि २९ | ९९ | ८० | १७९ |
| १३६ | | ३० देखि ३४ | ७३ | ७७ | १५० |
| १३७ | | ३५ देखि ३९ | ६७ | ७१ | १३८ |
| १३८ | | ४० देखि ४४ | ६३ | ५१ | ११४ |
| १३९ | | ४५ देखि ४९ | ४३ | ५० | ९३ |
| १४० | | ५० देखि ५४ | ४९ | ६१ | ११० |
| १४१ | | ५५ देखि ५९ | ५१ | ४१ | ९२ |
| १४२ | | ६० देखि ६४ | ३५ | २८ | ६३ |
| १४३ | | ६५ देखि ६९ | २३ | २९ | ५२ |
| १४४ | | ७० वर्ष भन्दा माथि | ४२ | ३८ | ८० |
| जम्मा | | | १०५५ | १०२७ | २०८२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा धर्मदेवी नगरपालिकाका नौ वटा वडाहरूमा जनसङ्ख्याको वितरण कसरी भएको छ भन्ने कुरा देखाइएको छ । जसले योजना तर्जुमा गर्ने समयमा उमेरलाई आधार मानेर वडागत रणनीति र वडागत कार्ययोजना बनाई अगाडि बढ्न मद्दत गर्ने अपेक्ष ागर्न सकिन्छ ।

## एकल उमेर र लैङ्गिक आधार

जनसङ्ख्याको विश्लेषण गर्दा एकल उमेरलाई आधार मानेर गरिने विश्लेषणको आफनै महत्व रहेको छ । यहाँ तीन वर्षमुनिको अर्थात शून्यदेखि तीन वर्षसम्मको उमेर भएको सङ्ख्यालाई एक ठाउँमा राखिएको छ । त्यसभन्दा माथि ७५ वर्षसम्मलाई हरेक वर्षको विवरण अलग दिइएको छ । फेरि ७६ वर्षभन्दा माथिको जनसङ्ख्यालाई एकमुष्ट राखिएको छ । यसबाट हरेक

उमेर समूहको महिला र पुरुषको जनसंख्यालाई तुलनात्मक रूपमा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ ।

## तालिका नं. ६
## एकल उमेर अनुसार नगरपालिकाको जनसंख्या विवरण ।

| उमेर | लिंग | | जम्मा | उमेर | लिंग | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | पुरुष | महिला | |
| ३ वर्ष भन्दा कम | ५१९ | ४९८ | १०१७ | ४० वर्षसम्मको | ७५३६ | ७०१४ | १४५५० |
| ४ | १८६ | १६२ | ३४८ | ४१ | ८७ | ८२ | १६९ |
| ५ | १९१ | १५६ | ३४७ | ४२ | १०८ | ८७ | १९५ |
| ६ | १७० | १५३ | ३२३ | ४३ | ८१ | ७३ | १५४ |
| ७ | १५७ | १८० | ३३७ | ४४ | ८१ | ८० | १६१ |
| ८ | १६३ | १५८ | ३२१ | ४५ | ११८ | १४० | २५८ |
| ९ | १५९ | १५० | ३०९ | ४६ | ९० | ९२ | १८२ |
| १० | २१७ | १९८ | ४१५ | ४७ | ८० | ७० | १५० |
| ११ | १८५ | १७८ | ३६३ | ४८ | ८५ | ९१ | १७६ |
| १२ | २१६ | १९२ | ४०८ | ४९ | ६८ | ७० | १३८ |
| १३ | २४८ | २८१ | ५२९ | ५० | १४८ | १५४ | ३०२ |
| १४ | २५५ | २४२ | ४९७ | ५१ | ६९ | ६८ | १३७ |
| १५ | २३० | २१० | ४४० | ५२ | ८८ | १०० | १८८ |
| १६ | २२५ | २०६ | ४३१ | ५३ | ७६ | ८४ | १६० |
| १७ | २१६ | २०० | ४१६ | ५४ | ७४ | ८२ | १५६ |

| उमेर | लिंग | | जम्मा | उमेर | लिंग | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | पुरुष | महिला | |
| १८ | २३२ | २४८ | ४८० | ५५ | ८५ | ९२ | १७७ |
| १९ | २०२ | १८१ | ३८३ | ५६ | ७७ | ७८ | १५५ |
| २० | २२२ | २४९ | ४७१ | ५७ | ९१ | ६३ | १५४ |
| २१ | १९९ | १९६ | ३९५ | ५८ | ८८ | ६९ | १५७ |
| २२ | २४५ | २१३ | ४५८ | ५९ | ६४ | ५२ | ११६ |
| २३ | १७९ | १६० | ३३९ | ६० | ९८ | १२३ | २२१ |
| २४ | २३८ | १८७ | ४२५ | ६१ | ५६ | ५२ | १०८ |
| २५ | २३७ | २१९ | ४५६ | ६२ | ५९ | ५३ | ११२ |
| २६ | १८६ | १६७ | ३५३ | ६३ | ५४ | ४९ | १०३ |
| २७ | १७७ | १५२ | ३२९ | ६४ | ४६ | ६९ | ११५ |
| २८ | १८३ | १४७ | ३३० | ६५ | ७० | ८१ | १५१ |
| २९ | १५५ | १३६ | २९१ | ६६ | ५७ | ५६ | ११३ |
| ३० | २४६ | २२८ | ४७४ | ६७ | ३९ | ३६ | ७५ |
| ३१ | १४० | १०४ | २४४ | ६८ | ४८ | ५४ | १०२ |
| ३२ | १७० | १५६ | ३२६ | ६९ | ४८ | ३७ | ८५ |
| ३३ | १५६ | १२९ | २८५ | ७० | ५१ | ६२ | ११३ |
| ३४ | १६२ | १३६ | २९८ | ७१ | ४५ | ३५ | ८० |
| ३५ | १९९ | २०० | ३९९ | ७२ | ३७ | ४१ | ७८ |

| उमेर | लिंग | | जम्मा | उमेर | लिंग | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | पुरुष | महिला | |
| ३६ | १३८ | १२७ | २६५ | ७३ | २९ | ३० | ५९ |
| ३७ | ११६ | १०९ | २२५ | ७४ | ३७ | ३५ | ७२ |
| ३८ | ११७ | १२६ | २४३ | ७५ | ४३ | ४५ | ८८ |
| ३९ | १०२ | १०९ | २११ | ७६ वर्ष भन्दा माथि | १७७ | १७२ | ३४९ |
| ४० | १९८ | १७१ | ३६९ | | | | |
| जम्मा | ७५३६ | ७०१४ | १४५५० | कुल जम्मा | १०१८८ | ९६७१ | १९८५९ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकाबाट प्रत्येक उमेर समूहका महिला र पुरुषको जनसङ्ख्या अध्ययन गर्न सकिन्छ । त्यस आधारमा हेर्दा १३ वर्ष उमेर समूहको मानिसहरू सबैभन्दा धेरै ५२९ जना रहेको पाइयो । त्यसपछि बढी जनसङ्ख्या भएका वर्ष समूहमा १४ वर्ष रहेको छ । सो उमेरका जनसङ्ख्या ४९७ रहेको पाइयो । त्यसैगरी क्रमशः १८ वर्षका ४८० जना, ३० वर्षमा ४७४ र २० वर्षमा ४७१ जना रहेको पाइयो । त्यसैले १३ देखि १८ वर्षसम्मको जनसङ्ख्या सबैभन्दा बढी रहेको छ । त्यो भन्दा तल र माथिको उमेर समूहको जनसंख्या घट्दै गएको पाइन्छ ।

यही आधारमा सबैभन्दा थोरै जनसङ्ख्या भएको उमेर समूह ६६ रहेको छ जुन उमेरका मानिस ५६ जना मात्र छन् । त्यसैगरी ७३ वर्षका मानिसहरू ५९ जना, ७२ वर्षका ७८ जना, ६९ र ७१ वर्षका मानिसहरू ८५/८५ जना र ७५ वर्षका मानिसहरूको सङ्ख्या ८८ जना रहेका छन् ।

यसरी उमेरगत आधारमा जनसङ्ख्याको अध्ययनले आफूलाई आवश्यक परेको उमेर समूहको जनसङ्ख्या गणना गरी सोही अनुसार योजना बनाउन सकिने हुन्छ । जस्तै धर्मदेवी नगरपालिकाको बालबालिकाको जनसङ्ख्या निकाल्नु पर्दा माथिको तालिकाको सहारा लिन सकिन्छ ।

## जातिगत समुदायको जनसङ्ख्या

संखुवासभामा रहेको धर्मदेवी नगरपालिकामा विभिन्न जातिका मानिसहरूको बसोवास रहेको पाइन्छ । त्यो जातिगत जनसङ्ख्यालाई जातीय समुदायको आधारमा वडागत आधारमा विभाजन गरेर तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. ७*

*जातिगत समूह तथा वडा अनुसारको जनसंख्या तथा घरपरिवार सम्वन्धी विवरण ।*

| वडा नं. | जातजाति | | | | |
|---|---|---|---|---|---|
| | **बाहुनक्षेत्री पहाड** | **जनजाति पहाड** | **अन्य जाति** | **दलित पहाड** | **जम्मा** |
| १ | ९३६ | १७११ | ० | ७३ | २७२० |
| २ | ४२७ | १२४० | ० | १४९ | १८१६ |
| ३ | १३२४ | १६३८ | ४ | १२५ | ३०९१ |
| ४ | १३६० | ५४७ | ० | २३४ | २१४१ |
| ५ | ९२२ | १२९० | ० | १२४ | २३३६ |
| ६ | ९६३ | ७९४ | ० | २०३ | १९६० |
| ७ | ३९४ | १११३ | ० | १६६ | १६७३ |
| ८ | ७०९ | १०६२ | ० | २६९ | २०४० |
| ९ | १३६९ | ५५७ | ० | १५६ | २०८२ |
| **जम्मा** | ८४०४ | ९९५२ | ४ | १४९९ | १९८५९ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा धर्मदेवी नगरपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोवास रहेको छ । तिनीहरूलाई जातीय समूहको आधारमा बाहुन क्षेत्री, जनजाति र दलित गरी तीन समूहमा बाँडी अध्ययन गरिएको छ । धर्मदेवी नगरपालिकामा सबैभन्दा धेरै जनसंख्या जनजातिंको रहेको छ । उनीहरूको जनसङ्ख्या ९९५२ जना रहेको छ । यो .नगरपालिकाको कुल जनसङ्ख्याको आधाभन्दा बढी अर्थात ५०.११ प्रतिशत रहेको छ । त्यसकै हाराहारीमा बाहुन क्षेत्रीको जनसंख्या रहेको छ । उनीहरूको जनसंख्या ८४०४ रहेको छ जुन कुल जनसङ्ख्याको ४२.३२ प्रतिशत हुनआउँछ । त्यसपछि पहाडे दलितको जनसंख्या रहेको छ । पहाडे दलितहरूको जनसंख्या १४९९ रहेको छ । यो कुल जनसंख्याको ७.५५ प्रतिशत हो ।

यसबाहेक चार जना अन्य जातिका मानिस पनि यहाँ रहेको पाइएको छ । जुन प्रतिशतको आधारमा शून्य दशमलव २ रहेको छ ।

वडागत आधारमा विश्लेषण गर्दा वडा नम्बर ४,६ र ९ मा बाहुन क्षेत्री समुदायका मानिसहरूको बसोबास तुलनात्मक रूपमा बढी रहेको पाइएको छ भने बाँकी छ वटा वडाहरूमा जनजाति समुदायका मानिसहरूको बाहुल्यता रहेको पाइएको छ ।

## जातिगत समुदाय, घरपरिवार र लिङ्ग अनुसारको जनसङ्ख्या

जातिगत आधारमा धर्मदेवी मिश्रित जातजातिको बसोबास भएको नगरपालिका हो । धर्मदेवी नगरपालिकामा कुल ३९५२ घर परिवारमा १९८५९ मानिस बसोबास गर्छन् । यहाँ बसोवास गर्ने मानिसहरूलाई घरपरिवार आधारमा विश्लेषण गर्दा यस नगरपालिकामा सबैभन्दा धेरै घरपरिवार जनजाति समुदायको रहेको पाइएको छ । यिनको परिवार सङ्ख्या २०४० रहेको छ जुन ५१.६२ प्रतिशत रहेको छ । यस बाहेक बाहुन क्षेत्रीको १६१० परिवार बसोबास गरेको पाइएको छ । जुन कुल घरपरिवारको ४०.७४ हुन आउँछ । दलित परिवार ३०० घर बसोबास गरेको पाइएको छ जुन कुल घरपरिवारको ७.५९ प्रतिशत हुन आउँछ । यसबाट प्रष्ट हुन्छ कि जनसंख्याको तुलनामा परिवारसंख्या जनजाति समुदायमा बढी रहेको छ । बाहुन क्षेत्री र दलितको घरपरिवार संख्या जनसंख्याको तुलनामा कम प्रतिशत रहेको छ । यसबाट प्रति परिवार जनसंख्या बाहुन क्षेत्री र दलित जातीय समुदायका मानिसहरूमा बढी रहेको बुझ्न सकिन्छ ।

*तालिका नं. ८*

*जातिगत समूह तथा लिङ्ग अनुसारको जनसंख्या तथा घरपरिवार सम्वन्धी विवरण ।*

| *सि.नं.* | *जातजाति* | *घर परिवार संख्या* | *लिङ्ग* | | *जम्मा* | *जातजाति प्रतिशत* |
|---|---|---|---|---|---|---|
| | | | *पुरुष* | *महिला* | | |
| १ | बाहुन क्षेत्री **पहाड** | १६१० | ४३३६ | ४०६८ | ८४०४.०० | ४२.३२ |
| २ | **जनजाति पहाड** | २०४० | ५११० | ४८४२ | ९९५२.०० | ५०.११ |
| ३ | **अन्य जातजाति** | २ | २ | २ | ४.०० | ०.०२ |
| ४ | **दलित पहाड** | ३०० | ७४० | ७५९ | १४९९.०० | ७.५५ |
| **जम्मा** | | ३९५२ | १०१८८ | ९६७१ | १९८५९.०० | १००.०० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

लिङ्गको आधारमा माथिको तालिकालाई विश्लेषण गर्दा धर्मदेवी नगरपालिकामा दलित र अन्य बाहेक सबै जातीय समुदायमा महिला भन्दा पुरुषको जनसंख्या धेरै रहेको पाइएको छ भने दलितमा पुरुषभन्दा महिला बढी र अन्य जातीय समुदायमा पुरुष र महिलाको स.ख्या बराबरी रहेको पाइएको छ ।

## मातृभाषा अनुसारको जनसङ्ख्या

धर्मदेवी नगरपालिकामा बसोबास गर्ने मानिसहरूको मातृभाषा १५ प्रकारको रहेको छ । तिनमा सबैभन्दा बढी नेपाली मातृभाषी मानिसहरूको बसोबास रहेको देखिन्छ । यिनीहरूको सङ्ख्या १२२०९ जना रहेको छ जुन कुल जनसंख्या १९८५९ जनाको ६१.४८ प्रतिशत हुन आउँछ । यसपछि याख्खा भाषा बोल्ने मानिसहरूको सङ्ख्या रहेको छ । याख्खा भाषा बोल्नेहरू ५५९८ जना रहेका छन् । यिनीहरू कुल जनसंख्याको १७.११ प्रतिशत रहेका छन् । तेस्रो ठूलो भाषाभाषी तामाङ रहेका छन् । तामाङ भाषा बोल्नेहरू १२४७ जना रहेको पाइएको छ । चौथो ठूलो संख्या मगरभाषीको रहेको छ । जम्मा १११५ जना मगर भाषी रहेका छन्, यो कुल जनसंख्याको ५.६१ प्रतिशत हो । धर्मदेवी नगरपालिकामा रहेको मातृभाषाका आधारमा जनसङ्ख्याको विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. ९*
*लिंग तथा मातृभाषा अनुसार नगरपालिकाको जनसंख्या ।*

| सि.नं. | मातृभाषाको नाम | लिंग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | **नेपाली** | ६२५१ | ५९५८ | १२२०९ | ६१.४८ |
| २ | **याक्खा** | १७५३ | १६४५ | ३३९८ | १७.११ |
| ३ | **तामांग** | ६३७ | ६१० | १२४७ | ६.२८ |
| ४ | **मगर** | ५८६ | ५२९ | १११५ | ५.६१ |
| ५ | **राई** | २७९ | २९१ | ५७० | २.८७ |
| ६ | **गुरुंग** | २६९ | २४६ | ५१५ | २.५९ |
| ७ | **शेर्पा** | १८ ५ | १८६ | ३७१ | १.८७ |
| ८ | **नेवार** | ७८ | ६९ | १४७ | ०.७४ |
| ९ | **लिम्वु** | ७४ | ६८ | १४२ | ०.७२ |
| १० | **भुजेल** | २० | २० | ४० | ०.२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | **सुनुवार** | १५ | १४ | २९ | ०.१५ |
| १२ | **बोटे** | ७ | ५ | १२ | ०.०६ |
| १३ | **बान्तवा** | ५ | ५ | १० | ०.०५ |
| १४ | **जिमी** | ४ | ५ | ९ | ०.०५ |
| १५ | **अन्य भाषा** | २५ | २० | ४५ | ०.२३ |
| **जम्मा** | | १०१८८ | ९६७१ | १९८५९ | १००.०० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा देखाइएको एक प्रतिशत भन्दा बढी जनसंख्या भएको अन्य भाषाभाषीहरूमा माथि व्याख्या गरिएका भाषाभाषी बाहेक राई,गुरुङ र शेर्पा भाषी छन् । उनीहरूको सङ्ख्या कुल संख्याको क्रमशः २.८७, २.५९ र १.८७ प्रतिशत रहेको छ । एक प्रतिशतभन्दा कम जनसंख्या भएका भाषाभाषीहरूमा क्रमशः नेवार, लिम्बु, भुजेल, सुनुवार, बोटे, बान्तवा, जिमी र अन्य रहेका छन् ।

### धर्म अनुसारको जनसङ्ख्या

धर्मदेवी नगरपालिकामा प्रमुख रूपमा चारवटा धर्मका अनुयायीको बसोबास रहेको पाइन्छ । यस नगरपालिकामा प्रमुख धर्मका रुपमा हिन्दू रहेको देखिन्छ । यस नगरपालिकामा हिन्दूमार्गीको सङ्ख्या १४८९७ रहेको छ, जुन कुल जनसंख्याको ७५.०१ प्रतिशत हो । हिन्दू धर्मावलम्बीहरू धर्मदेर्वीको सबै वडाहरूमा छरिएर रहेका छन् । वडा नम्बर ९, ८,६, ३ र ४मा हिन्दु धर्मावलम्बीहरू बढी संख्यामा रहेका छन् । त्यसपछि दोस्रो क्रममा बौद्ध धर्मका अनुयायीहरू रहेको देखिन्छ । उनीहरू पनि सबै वडामा छरिएर रहेका छन् । बौद्ध धर्मावलम्बीहरूको संख्या ३७९६ जना अर्थात  १९.११ प्रतिशत रहेको छ । खास गरेर १,३ र ५ नम्बर वडामा बौद्ध धर्म मान्नेहरूको संख्या बढी छ ।

तेस्रो क्रममा किरात धर्म मान्नेहरूको संख्या छ । किरात धर्मावलम्बीहरूको संख्या ९४२ रहेको छ । यो कुल जनसंख्याको ४.७४ प्रतिशत हो । किरात धर्म मान्नेहरू वडा नम्बर १,२,३ र ४ मा अलि ठूलो संख्यामा रहेका छन् । वडा नम्बर ६ र ८ नम्बरमा किरात धर्म माननेहरूको संख्या शून्य रहेको छ भने बाँकी वडामा अत्यन्त न्यून रहेको पाइएको छ ।

यहाँ  इसाइ धर्म मान्ने मानिसहरू चौथो क्रममा रहेको पाइन्छ । इसाइ धर्म मान्नेहरू २२४ जना रहेका छन् । जुन कुल जनस.ख्याको १.१३ प्रतिशत हुन आउँछ । इसाइ धर्म मान्नेहरू ६ नम्बर वडामा बाहेक अन्य सबै वडामा धेरथोर संख्यामा रहेको पाइन्छ ।

यस नगरपालिकाको धर्मअनुसारको जनसङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।


*तालिका नं. १०*

*धर्म तथा वडा नं. अनुसार नगरपालिकाको जनसंख्या विवरण ।*

| वडा नं. | धर्म | | | | जम्मा |
|---|---|---|---|---|---|
| | हिन्दु | बौद्ध | इसाई | किरांत | |
| १ | १२०२ | ११७६ | ७४ | २६८ | २७२० |
| २ | १५१३ | ७९ | १८ | २०६ | १८१६ |
| ३ | १८६० | ११०४ | २६ | १०१ | ३०९१ |
| ४ | १६९५ | १०३ | २१ | ३२२ | २१४१ |
| ५ | १२०१ | १११२ | २२ | १ | २३३६ |
| ६ | १८६६ | ९४ | ० | ० | १९६० |
| ७ | १५९१ | ७ | ३३ | ४२ | १६७३ |
| ८ | १९५१ | ७६ | १३ | ० | २०४० |
| ९ | २०१८ | ४५ | १७ | २ | २०८२ |
| जम्मा | १४८९७ | ३७९६ | २२४ | ९४२ | १९८५९ |
| *जम्मा प्रतिशत* | ७५.०१ | १९.११ | १.१३ | ४.७४ | १००.०० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

यही अवस्थालाई तलको स्तम्भचित्रमा हेरेर अझ प्रष्ट हुन सकिन्छ ।




## साक्षरताको अवस्था

कुनै पनि स्थानमा कति मानिसहरू साक्षर छन् भन्ने कुराको अध्ययनले एकातिर त्यहाँका मानिसहरूको शिक्षामा रुचि कतिको छ भन्ने अवस्था थाहा पाउन सकिन्छ भने अर्कोतिर शिक्षासँग जाडिएर के कस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ भनी योजना बनाउन सजिलो हुन्छ । त्यसैले यहाँ धर्मदेवी नगरपालिकाको साक्षरताको अवस्था अध्ययन गरिएको छ ।

*तालिका नं. ११*

*लिङ्ग अनुसार नगरपालिको साक्षरता प्रतिशतको विवरण ।*

| सिं नं. | शैक्षिक अवस्था | लिङ्ग | | प्रतिशत |
|---|---|---|---|---|
| | | पुरुष % | महिला % | |
| १ | साक्षर प्रतिसत | ७३.२५ | ६०.५३ | ६७.०५ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाको ६७.०५ प्रतिशत जनता साक्षर रहेको पाइएको छ । साक्षरमध्ये पुरुष बढी छन् । उनीहरूको साक्षरता प्रतिशत ७३.२५ प्रतिशत रहेको छ भने महिला साक्षरता प्रतिशत ६०.५३ रहेको छ । अर्थात यहाँका कुल पुरुष १०१८८ मध्ये ७४६३ जना साक्षर छन् भने बाँकी निरक्षर । त्यसैगरी ९६७१ महिलामध्ये ५८५४ जना साक्षर छन् । यसको मतलव अझै यस नगरपालिकामा २७२५ पुरुष र ३८१७ महिला गरी ६५४२ जना मानिस (३२.९५ प्रतिशत) जनता निरक्षर छन् । यस नगरपालिकामा निरक्षर महिलाको संख्या निरक्षर पुरुषको तुलनामा अधिक रहेको पाइएको छ ।

## उमेर समूह तथा लिङ्ग अनुसार साक्षरताको अवस्था

साक्षरताको अवस्थालाई उमेरगत आधारमा अध्ययन गर्दा यसले अहिलेको अवस्थाझल्काउनुका साथै भविष्यको योजनालाई मार्गदर्शन गर्ने किसिमको बास्तसवकता उजागर हुनसक्छ । तलको तालिकामा धर्मदेवी नगरपालिकाको विभिन्न चार उमेर समूहको आधारमा साक्षर तथा निरक्षण महिला र पुरुषको अवस्था चित्रण गरिएको छ । जुन तलको तालिकामा उल्लेख छ ।

*तालिका नं. १२*

**उमेर समूह तथा लिङ्ग अनुसार नि*रक्षर र साक्षरताको विवरण ।***

| सि.नं. | उमेर समूह | पुरुष | | | महिला | | |
|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | साक्षर प्रतिशत | निरक्षर | साक्षर | साक्षर प्रतिशत |
| १ | ५–१५ | ११९१ | १००० | ४५.६४ | ११०३ | ९९५ | ४७.४३ |
| २ | १६–४५ | ४६० | ४६५५ | ९१.०१ | ७५० | ३९६८ | ८४.१० |
| ३ | ४६–६० | ४०७ | ८७४ | ६८.२३ | ८८० | ४०८ | ३१.६८ |
| ४ | ६१ भन्दा माथि | ४७९ | ४१७ | ४६.५४ | ८२४ | ८३ | ९.१५ |
| **जम्मा** | | २५३७ | ६९४६ | ७३.२५ | ३५५७ | ५४५४ | ६०.५३ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा पाँच वर्षदेखि माथिको उमेर समूहका मानिसहरूलाई चार समूहमा विभाजन गरेर प्रस्तुत गरिएको छ । उमेरगत आधारमा १५ वर्षमुनिका ४५.६४ प्रतिशत बालक र ४७.४३ प्रतिशत बालिका साक्षर छन् । यो उमेर समूह भनेको पढ्नका लागि विद्यालय जानुपर्ने उमेर समूह हो । यसबाट विद्यालय भर्ना कार्यक्रम र विद्यालयको आकर्षण प्रभावकारी हुन नसेकोको हो देखिन्छ । सबैभन्दा बढी साक्षर देखिएको उमेर समूह १६ देखि ४५ वर्षको हो

। यस समूहको ९१.०१ प्रतिशत पुरुष र ८४.१० प्रतिशत महिलाहरू साक्षर छन् । अझै पनि काम गर्ने उमेरका मानिसहरू निरक्षर हरेको पाइन्छ ।

उमेरको आधारमा ४६ देखि ६० वर्ष समूह र ६१ वर्षभन्दा बढी उमेर समूहका मानिसहरूमा पुरुषहरू क्रमशः ६८.२३ र ४६.५४ प्रतिशत साक्षर रहेका छन् भने महिलाहरू क्रमशः ३१.६८ र ९.१५ प्रतिशत साक्षर छन् । यसबाट प्रौढ उमेर समूहका मानिसलाइस लक्षित गरेर अनौपचारिक कक्षाहरू अझै आवश्यक रहेको अनुमान गर्न सकिन्छ । सबै उमेर समूहका लागि अनौपचारिक कक्षा चलाउँदा महिला सहभगिता बढी गराउनुपर्ने आवश्यकता देखिएको छ ।

### वडागत आधारमा साक्षरताको अवस्था

साक्षरताको अवस्था वडागत आधारमा विश्लेषण गर्दा कुन वडाको अवस्था के रहेको भनी जानकारी हुने र अर्को वडाको अवस्थासँग तुलना गर्न सकिने अवस्था रहन्छ । यसबाट स्थानीय स्तरमा योजना बनाउन सजिलो हुन्छ । तलको लालिकामा धर्मदेवी नगरपालिकाको ९ वटा वडाको अलग अलग विवरण लैङ्गिक आधारमा छुट्याएर प्रस्तुत गरिएको छ ।

*तालिका नं. १३*

*वडा नं. अनुसार साक्षरता दरको विवरण ।*

| वडा नं | पूरुष साक्षरता | | | | महिला साक्षरता | | | | जम्मा साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | जम्मा | साक्षर प्रतिशत | निरक्षर | साक्षर | जम्मा | साक्षर प्रतिशत | |
| १ | ३२९ | ९७८ | १३०७ | ७४.८३ | ४६६ | ७२१ | ११८७ | ६०.७४ | ६८.१२ |
| २ | ४३८ | ४५७ | ८९५ | ५१.०६ | ४५१ | ३६३ | ८१४ | ४४.५९ | ४७.९८ |
| ३ | ३१४ | ११५६ | १४७० | ७८.६४ | ४८६ | ९३४ | १४२० | ६५.७७ | ७२.३२ |
| ४ | २५५ | ७३९ | ९९४ | ७४.३५ | ३८७ | ६०५ | ९९२ | ६०.९९ | ६७.६७ |
| ५ | ३३५ | ७८४ | १११९ | ७०.०६ | ४७६ | ६१३ | १०८९ | ५६.२९ | ६३.२७ |
| ६ | १८४ | ७२१ | ९०५ | ७९.६७ | २९९ | ५९६ | ८९५ | ६६.५९ | ७३.१७ |
| ७ | १७७ | ६२६ | ८०३ | ७७.९६ | २६७ | ४९३ | ७६० | ६४.८७ | ७१.५९ |
| ८ | २५८ | ७४५ | १००३ | ७४.२८ | ३६९ | ५३१ | ९०० | ५९.०० | ६७.०५ |
| ९ | २४७ | ७४० | ९८७ | ७४.९७ | ३५६ | ५९८ | ९५४ | ६२.६८ | ६८.९३ |
| **जम्मा** | २५३७ | ६९४६ | ९४८३ | ७३.२५ | ३५५७ | ५४५४ | ९०११ | ६०.५३ | ६७.०५ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिका अनुसार साक्षरताको हिसाबले सबैभन्दा राम्रो अवस्था वडा नम्बर ६मा  रहेको छ । यहाँको साक्षरताको प्रतिशत ७३.१७ प्रतिशत छ । त्यस्तै दोस्रो र तेस्रो राम्रो अवस्था क्रमशः वडा नम्बर ३ र ७ को रहेको छ । यिनीहरूको साक्षरता प्रतिशत क्रमशः ७२.३२ र ७१.५९ प्रतिशत रहेको छ ।

नौ वडाहरू मध्ये सबैभन्दा कमजोर अवस्था वडा नम्बर २ को रहेको छ । यहाँको साक्षरताको प्रतिशत ५० भन्दा पनि तल अर्थात ४७.९८ प्रतिशत रहेको छ । बाँकी पाँच वटा वडाहरू सबैको साक्षरता प्रतिशत ६३ भन्दा माथि छ ।

### जातजाति अनुसार निरक्षर र साक्षरताको अवस्था

साक्षरताको अवस्थालाई जातीयताको आधारमा विश्लेषण गर्दा जातीय समुदायको अग्रताको अवस्था पहिचान गर्न सकिन्छ । यसबाट त्यस समुदायको शिक्षामा लगाव के कस्तो रहेको छ भन्ने कुरा जान्न सकिन्छ । यहाँ जातीय आधारमा साक्षरतालाई विश्लेषण गर्ने प्रयास गरिएको छ । तलको तालिकामा पाँच वर्षभन्दा माथिको कुल जजनसंख्या र साक्षरताको अवस्था झल्काइएको छ ।

*तालिका नं. १४*

*जातजाति अनुसार निरक्षर र साक्षरताको विवरण ।*

| सि.नं. | जातजाति | निरक्षर | साक्षर | कुल जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| १ | **ब्राहम्ण क्षेत्री पहाड** | २२३४ | ५६११ | ७८४५ | ७१.५२ |
| २ | **जनजाति पहाड** | ३३१२ | ५९५६ | ९२६८ | ६४.२६ |
| ३ | **अन्य जातजाति** | ० | ४ | ४ | १००.०० |
| ४ | **दलित पहाड** | ५४८ | ८२९ | १३७७ | ६०.२० |
| **जम्मा** | | ६०९४ | १२४०० | १८४९४ | ६७.०५ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिका अनुसार साक्षरताको हिसाबले सबैभन्दा राम्रो अवस्था अन्य जातिको रहेको पाइएको छ । यस जातीय समुदायमा साक्षरताको प्रतिशत १०० प्रतिशत छ । यहाँ चार जना अन्य सुमदायको रहेकोमा सबै साक्षर छन् ।  त्यस्तै दोस्रो र तेस्रो अवस्था  क्रमशः बाहुन क्षेत्री र र जनजातिको  रहेको छ । यिनीहरूको साक्षरता प्रतिशत क्रमशः ७१.५२ र ६४.२६ प्रतिशत

रहेको छ । सबैभन्दा कमजोर अवस्था दलित समुदायको छ । यो समुदायका ६०.२० प्रतिशत जनता मात्र साक्षर छन् ।

**लिङ्ग अनुसार जनसंख्याले उत्तीर्ण गरेको शैक्षिक तह**

कुनै ठाउँको साक्षरताको अवस्थाको सामान्य विश्लेषणले मात्र त्यस ठाउँका मानिसको शिक्षाको सही अवस्था झल्काउन सकिन्न । त्यहाँका मानिसहरूले कुन कुन तहसम्म शिक्षा आर्जन गरे वा कुन कुन तह उतीर्ण गरी राष्ट्रका लागि योगदान गर्न सक्ने शिक्षित जनशक्तिको बनेका छन् भन्ने कुरा सबैभन्दा महत्वपूर्ण कुरा हो । त्यसैले यहाँ संखुवासभाको धर्मदेवी नगरपालिकाका साक्षर मानिसहरू मध्ये कतिले कुन कुन शैक्षिक तह उतीर्ण गरेका छन् भन्ने कुरा विश्लेषण गरिएको छ ।

यहाँका मानिसहरूको शैक्षिक स्तरलाई लैङ्गिक आधारमा पाँच वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याको विवरण तलको तालिकामा देखाइएको छ । यसबाट लैङ्गिक आधारमा शैक्षिक जनशक्तिको अवस्था के कस्तो छ भनी आँकलन गर्न सकिने अवस्था बन्नेछ ।

*तालिका नं. १५*

*लिङ्ग अनुसार जनसंख्याले उत्तीर्ण गरेको शिक्षा तह ।*

| सि.नं. | उत्तीर्ण गरेको शिक्षा | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | पूर्व प्रा.वि. | १७१८ | १५४७ | ३२६५ |
| २ | आधरभूत तह | २५९६ | २१५१ | ४७४७ |
| ३ | माध्यमिक तह | २३३४ | १७६५ | ४०९९ |
| ४ | स्नातक तह | ३४० | २८२ | ६२२ |
| ५ | स्नातकोत्तर तह वा माथि | १३५ | ८० | २१५ |
| ६ | प्राविधिक एस एल सि | ३५१ | २१५ | ५६६ |
| ७ | साक्षर | ११९० | ९६१ | २१५१ |
| ८ | निरक्षर | ८१९ | २०१० | २८२९ |
| जम्मा | | ९४८३ | ९०११ | १८४९४ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

शैक्षिक तहको विश्लेषण गर्दा यस नगरपालिकाका सबैभन्दा बढी सङ्ख्या आधारभूत तहको शिक्षा लिने मानिसहरूको रहेको छ । आधारभूत नतह उतीर्ण गरेकाहरू ४७४७ जना रहेका छन् । यसैगरी दोस्रोमा माध्यमिक तह उतीर्ण गर्नेको सङ्ख्या ४०९९ रहेको छ । यहाँ सामान्यतया माध्यमिक तह उतर्ण गरेपछि पढाइ छाड्ने प्रवृत्ति ज्यादा देखिन्छ । फलस्वरूप उच्च शिक्षा अध्ययन गर्ने मानिसहरूको सङ्ख्या घट्दो क्रममा रहेको देखिएको छ । जस्तो कि तालिकामा माध्यमिक तह उत्तीर्णहरूको सङ्ख्या ४०९९ रहेको देखाइएको छ भने स्तानतक तह उतीर्ण गर्नेहरूको सङ्ख्या ६२२ मात्र छ । अझ स्नातकोत्तर उतीर्ण गर्नेको सख्या २१५ छ । पढाइको नयाँ चलन पनि तालिकाले बताउँछ । प्राविधिक एसएससीको पनि पढाइ हुन थालेको छ । तर यो विषय पढ्नेहरूको संख्या ५६६ रहेको छ । यसबाट धर्मदेवीका नागरिकहरूमा प्राविधिक शिक्षातर्फ अकार्षण बढेको पाइएको छ ।

लैङ्गिक आधारमा विश्लेषण गर्दा सबै तहको शिक्षामा पुरुष अगाडि छन् । अर्थात शिक्षाको अवसर महिलाहरूको तुलनामा पुरुषहरूले बढी पाए । त्यही भएर निरक्षरहरूमा महिलाको संख्या पुरुषको तुलनामा निक्कै उच्च छ । परिणाम स्वरूप निरक्षर महिलाको संख्या २०१० जना हुँदा निरक्षंर पुरुषको संख्या ८१९ जना रहेको पाइएको छ ।

## बसोबासको आधारमा जनसंख्याको वडागत विवरण

बस्तुगत विवरण तयार गर्नका लागि गरिएको तथ्याङ्क संकलन वा सर्वेक्षणको क्षेत्र घर हो । घरमा गएर सकेसम्म मुख्य मानिस भेटेर आधिकारिक तथ्याङ्क लिइएको हो । तर, अहिलेको मानव जीवन निक्कै गतिशील भइसकेको छ । मानिसहरू आय आर्जनको लागि घर छाडेर अन्यत्र जाने चलन व्यापक छ । आयआर्जनका लागि स्वेश मात्र होइन विदेशमा जाने क्रम बढ्दो छ ।

तलको तालिकामा घरमा रहेको जनसंख्या, स्वदेशमै तर घर बाहिर रहेको तथा आय आर्जनको लागि विदेश गएको जनसंख्याको अवस्था चित्रण गरिएको छ ।

*तालिका नं. १६*

*वडा तथा बसोवासको आधारमा जनसंख्याको विवरण ।*

| वडा | गणना क्षेत्र (घरमा) | | अन्य स्थान | | विदेश | | |
|---|---|---|---|---|---|---|---|
| नं. | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| १ | १०५२ | ११३५ | १५४ | १४४ | २२० | १५ | २७२१ |
| २ | ८११ | ८३७ | १७ | १५ | १२० | १६ | १८१८ |
| ३ | १३८९ | १४७१ | १७ | २७ | १७२ | १५ | ३०९४ |
| ४ | ९२८ | ९९७ | ६८ | ६२ | ७७ | ९ | २१४५ |
| ५ | ९८७ | १०६२ | ९३ | ६९ | ११५ | १० | २३४१ |
| ६ | ८४४ | ९३२ | ६० | ४० | ७८ | ६ | १९६६ |
| ७ | ७४० | ८०३ | ० | २ | १२६ | २ | १६८० |
| ८ | ६९६ | ८०१ | १९७ | १६० | १७२ | १४ | २०४८ |
| ९ | ८१८ | ९४८ | ७६ | ६३ | १६१ | १६ | २०९१ |
| जम्मा | ८२६५ | ८९८६ | ६८२ | ५८२ | १२४१ | १०३ | १९८५९ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिका तालिकामा गणना क्षेत्र वा घरमा भेटिएका मानिसको संख्या १७,२५१ रहेको छ । यिनीहरूमा महिलाको संख्या ८९८६ अर्थात घर बस्ने जनसंख्याको ५२ प्रतिशत महिला रहेका छन् भने ४८ प्रतिशत पुरुष रहेका छन् । त्यसैगरी घर बाहिर तर स्वदेशमा आयआर्जन गरिरहेका मानिसहरूको संख्या १२६४ रहेको छ, कुल जनसंख्याको ६.३६ प्रतिशत । यसमा ६८२ जना पुरुष छन्, जुन स्वदेशमा आयआर्जन गर्ने संख्याको ५३.९५ प्रतिशत हो । त्यसैगरी धर्मदेवी नगरपालिका क्षेत्रबाट विदेशमा गई आयआर्जन गरिरहेका जनशक्तिको संख्या १३४४ रहेको छ, जुन कुल जनसंख्याको ६.७७ प्रतिशत हो । विदेश गएर आयआर्जन गर्नेहरूमा पुरुष महिलाको संख्या नगण्य छ । जस्तो कि महिलाको संख्या ७.६६ प्रतिशत र पुरुषको संख्या ९२.३४ प्रतिशत रहेको पाइएको छ ।

लैङ्गिक आधारमा विशलेषण गर्दा घर बस्नेमा बढी महिला देखिएका छन् । यसरको काममा महिलाहरू बढी सक्रिय हुने गरेको पाइन्छ । स्वदेशमै तर नगर क्षेत्रभन्दा बाहिर गएर काम गर्नेहरूमा महिलाको संख्या ४६.०५ प्रतिशत छ, अहिलेको सामाजिक परिवेश अनुसार त्यो राम्रो छ । त्यसैगरी वैदेशि रोजगारीको क्षेत्रमा भने पुरुषहरूको संख्या अत्यधिक छ । सायद विदेशमा जाने महिलाहरू विभिन्न खाले जोखिममा परेको खबर आउने गरेकाले महिलाहरू नै विदेश

जान अनइच्छुक देखिएको हुनसक्छ वा घरको काममा महिलालाई छाडेर पुरुषहरू अग्रसर भई गएको पनि हुनसक्छ ।

## जातजाति र बसोवासको आधारमा जनसंख्या

जातजाति अहिलेको समयमा संवेदनशील विषय हो । जातीय पहिचान र समावेशीकरणको आवाज उठिरहेको बेला यहाँको जनसंख्याको गतिशीलतालाई जातिगत आधार विश्लेशन गर्ने प्रयास गरिएको छ । तलको तालिकामा धर्मदेव नगरपालिकाको जनसंख्यालाई जातिगत आधारमा छुट्याई घर, काममा घरबाहिर र कामका लागि विदेश गएको अवस्था चित्रण गरिएको छ ।

*तालिका नं. १७*

*जातजाति तथा बसोवासको आधारमा जनसंख्याको विवरण ।*

| | | बसोवासको स्थिती | | | |
|---|---|---|---|---|---|
| सि.नं. | जातजाति | घरमा | अन्य स्थान | विदेश | जम्मा |
| १ | **बाहुन क्षेत्री पहाड** | ७३०३ | ६४९ | ४५२ | ८४०४ |
| २ | **जनजाति पहाड** | ८५९५ | ५६८ | ७८९ | ९९५२ |
| ३ | **अन्य जातजाति** | ४ | ० | ० | ४ |
| ४ | **दलित पहाड** | १३४९ | ४७ | १०३ | १४९९ |
| **जम्मा** | | १७२५१ | १२६४ | १३४४ | १९८५९ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिका तालिकामा घरधूरी सर्वेक्षणको समयमा घरमा रहेको बताउने मानिसहरूको संख्या १७,२५१ जना रहेको छ । यिनीहरूमध्ये जनजाति सबैभन्दा बढी ८५९५ जना छन् भने बाहुन क्षेत्री दोस्रोमा पर्दछन् । घरमा बसेको बताउने बाहुन क्षेत्रीहरू ७३०३ जना रहेको छन् । दलित १३४९ र अन्य ४ जना रहेका छन् । त्यसैगरी घर बाहिर तर स्वदेशमा आयआर्जन गरिरहेका मानिसहरूको संख्यामा सबैभन्दा बढी बाहुन क्षेत्री छन् भने विदेश जानेमा जनजाति बढी छन् ।

दुवै अवस्थामा दलित तेस्रो श्रेणीमा रहेको छ । अन्य जातिका चारजना यही बस्छन्, यही कमाउँछन् । न विदेश जान्छन् न स्वदेशको अर्को ठाउँ जान्छन्, कही जाँदैनन् ।

## जनसंख्याको वैवाहिक अवस्था

विवाह व्यक्तिको जीवनका लागि महत्वपूर्ण घटना हो । विवाहले व्यक्तिको पारिवारिक र सामाजिक अवस्थामा पनि भिन्नता ल्याइदिन्छ । विवाहसँग जोडिएका घट्नाहरू धेरै हुन्छन् । धर्मदेवी नगरपालिकामा बहुविवाह, सम्बन्ध विच्छेद, विदुर विवाह पुनः विवाहजस्ता घट्नाहरू के कति मात्रामा भएका छन् भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १८*

*१० वा १० वर्षभन्दा माथिका जनसंख्याको वैवाहिक अवस्था ।*

| सि.नं. | वैवाहिक अवस्था | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | विवाहित | ४९९१ | ५१५५ | १०१४६ |
| २ | बहुविवाह | १६३ | ५६ | २१९ |
| ३ | पुनविवाह | ५७ | ११ | ६८ |
| ४ | विदुर /विधुवा विवाह | १४० | ४०० | ५४० |
| ५ | सम्वन्ध विच्छेद | ३३ | ८ | ४१ |
| ६ | छुट्टाछुट्टै वसेको | २४ | ५६ | ८० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिका तालिकामा सर्वेक्षणको समयमा विवाह भएको बताउने मानिसहरूको संख्या १०,१४६ जना रहेको छ । यिनीहरूमध्ये महिला बढी (५१५५ जना) छन् । धर्मदेवीमा २१९ जनाले बहुविवाह गरेका छन् । त्यसमध्ये पुरुष १६३ जना र महिला ५६ जना रहेका छन् । विदुर /विधुवा विवाह निक्कै हुने गरेको पाइएको छ । यहाँ ५४० जनाले विदुर /विधुवाले विवाह गरेका छन् । विदुरहरू १४० जना र ४०० विधवाको विवाह भएको पाइएको छ । पुनः विवाह गर्ने चलन पनि निक्कै छ । यहाँका ५७ जना पुरुष र ११ जना महिलाले पुनः विवाह गरेका छन्

भने ३३ पुरुष र ८ महिला गरी ४१ जनाले सम्बन्ध विच्छेद गरेका छन् । यहाँका ८० जना श्रीमान र श्रीमती अलग्गिएर बसेको घरधूरी सर्वेक्षणले देखाएको छ ।

## पेशा/व्यवसाय सम्बन्धी विवरण

पेशा वा व्यवसायको मानिसको जीवीकोपार्जन र आयआर्जनको मुख्य आधार हो । यहाँ धर्मदेवी नगरपालिकाका मानिसहरू कुन कुन पेशा र व्यवसय गर्दछन् भन्ने कसरा तलको तालिका उल्लेख छ । नेपालको कानुनले १४ वर्षभन्दा तलको मानिसलाई काममा लगाउन निषेध गरेको छ। त्यही भएर हुनत १५ वर्षभन्दा माथिको जनसंख्यालाई मात्र सक्रिय जनसंख्या भन्ने गरिन्छ। तर १० वर्ष उमेरका बालबालिकाले आफ्नो वा घरायसी काम गरिरहेको पाउँछौं । त्यही आधारमा १० वर्षदेखि माथिका मानिसहरूले गर्ने कामलाई पेशाका रुपमा तलको तालिकामा राखी सोही अनुसार विश्लेषण गरिएको छ।

*तालिका नं. १९*

*१० वा १० वर्ष भन्दामाथिका जनसंख्याको पेशा/व्यवसाय सम्वन्धी विवरण।*

| सि.नं. | पेशा/व्यवसाय | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | कृषि तथा पशुपालन | ३७७८ | ३८७१ | ७६४९ | ४५.३८ |
| २ | नोकरी | ४९० | १९८ | ६८८ | ४.०८ |
| ३ | व्यापार तथा उद्योग | १९६ | ११० | ३०६ | १.८२ |
| ४ | जनमजदुरी | ३७९ | ८४ | ४६३ | २.७५ |
| ५ | वैदेशिक रोजगार | १२३० | ८३ | १३१३ | ७.७९ |
| ६ | व्यवसायक सञ्चालन | ३९ | ८ | ४७ | ०.२८ |
| ७ | विद्यार्थी | २००६ | १९८५ | ३९९१ | २३.६८ |
| ८ | गृहणी | ५४ | १६३८ | १६९२ | १०.०४ |
| ९ | बेरोजगारी | २४१ | ८६ | ३२७ | १.९४ |
| १० | अन्य | २३० | १५१ | ३८१ | २.२६ |
| जम्मा | | ८६४३ | ८२१४ | १६८५७ | १००.०० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिका तालिकामा सर्वेक्षणको समयमा केही न केही काम गरेको वा गर्न चाहेको बताउने मानिसहरूको संख्या १६,८५७ जना रहेको छ । यिनीहरू सबै दश वर्ष र सोभन्दा बढी उमेर समूहका हुन् । यीमध्ये ४५.३८ प्रतिशतले कृषि तथा पशुपालन गरेको बताएका छन् । नोकरी गरिरहेको बताउने ६८८ जना (४.०८ प्रतिशत) मध्ये ४९० जना पुरुष छन् । यस उमेर समूहका मध्ये २३.६८ प्रतिशत (३९९१ जना) विद्यार्थी छन् । जो अध्ययन कार्यमा संलग्न छन्, आयआर्जन गर्दैनन् । त्यसैगरी १०.०४ प्रतिशत (१६९२जना) मानिसले गृहिणी पेशा बताएका छन् । यी मध्ये ५४ जना पुरुष छन् भने बाँकी १६३८ जना महिला छन् । यस नगरपालिकाबाट वैदेशिक रोजगारीमा गएका ७.७९ प्रतिशत (१३१३ जना) गएका छन् ।

ती मध्ये ८३ जना महिला छन् भने बाँकी पुरुष रहेका छन् । यसरी कृषि पशुपालन र गृहिणीमा महिला बढी छन् भने अरू सबैमा पुरुषको संख्या बढी रहेको पाइएको छ । रोजगारीको दृष्टिले छलफल गरिरहँदा यस धर्मदेवी नगरपालिकाका ३२७ जना (१.९४ प्रतिशत) मानिस बेरोजगार रहेका छन् । त्यसमध्ये ८६ जना (२६.३०प्रतिशत) महिला छन् भने बाँकी (७३.७ प्रतिशत बेरोजगार) पुरुष रहेको पाइएको छ ।

### जातीयताको आधारमा पेशाको वर्गीकरण

परम्परागत रूपमा नेपालमा पेशलाई जातिगत आधारमा व्याख्या गर्ने चलन थियो । अहिले त्यो अवस्था छैन । सबै जातिका मानिसले सबै किसिमको पेशा गरिरहेका हुन्छन् । धर्मदेवी नगरपालिकामा पनि सबै किसिमको काममा सबै जातिका मानिस संलग्न भएकोपाइएको छ । तलको तालिकामा धर्मदेवी नगरपालिकाका दश वर्षभन्दा बढी उमेरका मानिसहरूको पेशागत विवरण प्रस्तुत गरिएको छ ।

*तालिका नं. २०*

*जातीयता तथा पेशाको आधारमा जनसंख्याको विवरण ।*

| सि.नं. | पेशा/व्यवसाय | जातीयता | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | बाहुनक्षेत्री पहाड | जातजाति पहाड | अन्य जातजाति | दलित पहाड | | |
| १ | कृषि तथा पशुपालन | ३३६९ | ३७५८ | ० | ५२२ | ७६४९ | ४५.३८ |
| २ | नोकरी | ३७९ | २६९ | ० | ४० | ६८८ | ४.०८ |
| ३ | व्यापार तथा उद्योग | १७९ | १०७ | २ | १८ | ३०६ | १.८२ |
| ४ | जनमज्दुर | १०२ | २५६ | ० | १०५ | ४६३ | २.७५ |
| ५ | वैदेशिक रोजगार | ४३७ | ७७४ | ० | १०२ | १३१३ | ७.७९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | व्यावसायिक कार्य | २० | २५ | ० | २ | ४७ | ०.२८ |
| ७ | विद्यार्थी | १७६५ | १९५० | १ | २७५ | ३९९१ | २३.६८ |
| ८ | गृहिणी | ६१८ | ९३० | १ | १४३ | १६९२ | १०.०४ |
| ९ | बेरोजगारी | ११८ | १८४ | ० | २५ | ३२७ | १.९४ |
| १० | अन्य | १६२ | १९८ | ० | २१ | ३८१ | २.२६ |
| जम्मा | | ७१४९ | ८४५१ | ४ | १२५३ | १६८५७ | १००.०० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिका तालिकामा सर्वेक्षणको समयमा विभिन्न पेशा गर्छु भनी बताउने मानिसहरूको संख्या १६,८५७ जना रहेको छ । कृषि तथा पशुपालन, नोकरी, व्यापार उद्योग, जनमजदूरी, वैदेशिक रोजगार जस्ता पेशाहरूमध्ये कृषि तथा पशुपालन, जनमजदूरी, वैदेशिक रोजगारी, व्यावसायिक कार्य जस्ता पेशाहरूमा जनजाति समुदायको बढी सहभागिता देखिएको छ भने नोकरी, व्यापार उद्योग, व्यावसायिक कार्यमा बाहुन क्षेत्री जातिको सहभागिता बढी देखिएको छ । उत्पादनमूलक काममा नहुने विद्यार्थी, गृहिणी र बेरोजगारहरूमा पनि जनजाति समुदायको नै बढी सहभागिता रहेको पाइएको छ । तेस्रो संख्यामा रहेको दलित समुदायको सहभागिता सबै पेशामा तेस्रो अवस्थामा नै रहेको छ । अन्य समुदायको प्रतिनिधित्व गर्ने चारजना मध्ये दुई जना विद्यार्थी रहेका छन् भने दुई जना उद्योग व्यापारमा रमेको पाइएको छ ।

### शारीरिक तथा मानसिक अशक्तताको अवस्था

धर्मदेवी नगरपालिकामा शारीरिक तथा मानसिक अशक्त मानिसहरूको संख्या ३६५ जना रहेको छ । त्यसमध्ये २०६ जना पुरुष र १५९ महिला छन् । अपाङ्गताको विविधताका आधारमा त्यस्को विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. २१*

*नगरपालिका अनुसार शारीरिक तथा मानसिक अशक्तताको विवरण ।*


| सि.नं. | शारीरिक तथा मानसिक अवस्था | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | शरीरिक | १२१ | ९१ | २१२ |
| २ | वौद्धिक अपाङ्ग | ७ | ११ | १८ |
| ३ | दृष्टिविहीन | २० | १२ | ३२ |
| ४ | बोल्न तथा सुन्न नसक्ने | ३५ | २७ | ६२ |
| ५ | स्वर सम्वन्धी | १२ | ४ | १६ |
| ६ | सुनाइ तथा दृष्टि | ६ | ७ | १३ |
| ७ | अन्य | ५ | ७ | १२ |
| जम्मा | | २०६ | १५९ | ३६५ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

अपाङ्गतता भएकामध्ये २१२ जना शारीरिक अपाङ्गता भएकाहरू रहेको माथिको तालिकामा उल्लेख छ । शारीरिक अपाङ्गता भएकाहरू मध्ये पुरुष १२१ जना छन् भने महिलाको संख्या ९१ जना रहेका छन् । दोस्रो ठूलो संख्या बोल्न तथा सुन्न नसक्नेहरूको रहेको छ । कुल ६२ जना यस किसिमको अपाङ्गता भएकाहरूमध्ये ३५ जना पुरुष र २७ जना महिला छन् । त्यसैगरी दृष्टिविहीनहरू तेस्रो ठूलो संख्या अर्थात ३२ जना रहेको छ । यसमध्ये २० जना पुरुष र १२ जना महिला रहेका छन् । बौद्धिक अपाङ्गता भएकाहरू १८ जना, स्वर सम्बन्धी अपाङ्गता भएकाहरू १६ जना रहेका छन् । त्यसपछि सुनाइ र दृष्टिसम्बन्धी अपाङ्गता भएका १३ र अन्य किसिमको अपाङ्गता भएकाहरू १२ जना रहेका छन् ।

यही कुरालाई तलको वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ । तर यसमा सबै किसिमको अपाङ्गतालाई प्रतिशतमा उल्लेख गरिएको छ ।

।




माथिको वृत्त चित्रमा उल्लेख भए अनुसार कुल अपाङ्गता भएकामध्ये ५८ प्रतिशत शारीरिक अपाङ्गता भएकाहरूको रहेको छ भने बौद्धिक अपाङ्गता भएकाहरूको संख्या ५ प्रतिशत रहेको छ । त्यसैगरी दृष्टिविहीनको संख्या ९ प्रतिशत, बोल्न र सुन्न नसक्नेको संख्या १७ प्रतिशत र स्वर सम्बन्धी अपाङ्गता भएकाहरू ४ प्रतिशत रहेका छन् । त्यसपछि सुनाइ र दृष्टि सम्बन्धी अपाङ्गता भएकाहरू ४ प्रतिशत र अन्य किसिमका अपाङ्गता भएकाहरू ३ प्रतिशत रहेको माथिको वृत्तचित्रले देखाएको छ ।

## स्वास्थ्य सम्वन्धी अवस्था

जनस्वास्थ्यको अवस्था पनि अध्ययनका लागि महत्वपूर्ण छन् । धर्मदेवी नगरपालिका बासिन्दाको जनस्वासथ्यको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. २२*

*नगरपालिकामा भएका जनसंख्याको स्वास्थ्य सम्वन्धी विवरण ।*

| सि.नं. | विवरण | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | स्वास्थ्य | ९५८७ | ९०६९ | १८६५६ |
| २ | सामान्य रोगी | ४५९ | ४६६ | ९२५ |
| ३ | दीर्घ रोगी | १४२ | १३६ | २७८ |
| जम्मा | | १०१८८ | ९६७१ | १९८५९ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

जनस्वास्थ्यको अवस्थाको विश्लेषण गर्दा धर्मदेवी नगरपालिकाका १९८५९ जनसंख्यामध्ये १८६५६ जना स्वस्थ रहेको पाइएको छ । कुनै न कुनै विरामी भएका १२०३ जना रहेका छन् । यी मध्ये ९२५ जना सामान्य रोगी र २७८ जना दीर्घ रोगी रहेका छन् । लैङ्गिक आधारमा विश्लेषण गर्दा सामानय रोगीमा पुरुषभन्दा महिला बढी छन् भने दीर्घ रोगीमा महिला भन्दा पुरुषको संख्या बढी छ । स्वस्थ नागरिकहरूमा पुरुषको संख्या महिलाको भन्दा बढी रहेको छ ।

## मृत्यु भएको जनसंख्या

वर्षभरिमा मृत्यु भएका जनसंख्याको अध्य यन गर्दा ८६ जनाले मृत्युवरण गरेको पाइएको छ । यसरी मृत्यु वरण गर्नेहरूमा पुरुष ५१ जना र महिला  ३५ जना रहेका छन् । यही संख्यालाई वडागत आधारमा वर्गीकरण गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. २३*

*वडा अनुसार मृत्यु भएको जनसंख्याको विवरण ।*

| वडा नं. | मृत्युको विवरण | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| १ | २ | २ | ४ |
| २ | ५ | ० | ५ |
| ३ | ५ | ४ | ९ |
| ४ | ९ | ७ | १६ |
| ५ | ४ | ६ | १० |
| ६ | १० | ३ | १३ |
| ७ | ६ | ५ | ११ |
| ८ | ३ | ६ | ९ |
| ९ | ७ | २ | ९ |
| जम्मा | ५१ | ३५ | ८६ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा देखाइए अनुसार वडानम्बर ४ का १६ जना मानिस मरेको पाइएको थियो । त्यसपछि वडा नम्बर ६, ७ र ५ मा क्रमशः १३,११ र १० जनाले मृत्युवरण गरेको पाइन्छ । सबैभन्दा कम मानिसको मृत्यु वडा नम्बर १ र २ मा क्रमशः ४ र ५ जनाको भएको पाइएको छ । बाकी तीन वटा वडाका मानिसहरू मध्ये प्रत्येक वडाका ९/९ जनाले मृत्युवरण गरेको पाइएको छ ।

## उमेर समूह अनुसार मृत्युको विवरण

जन्मेपछि मृत्यु  अवश्यंभावी भए पनि कुन उमेरका मानिसको मृत्यु भएकोछ भन्ने कुराले त्यस ठाउँको विकास र सामाजिक सुरक्षाको अवस्था कतिको मजबुद रहेको छ भन्ने स्पष्ट हुन्छ । तलको तालिकामा विभिन्न उमेर समूहका मानिसको मृत्युको अवस्थालाई दर्शाएको छ ।

*तालिका नं. २४*

*उमेर समूह अनुसार मृत्युको विवरण ।*

| उमेर समुह | मृत्युको विवरण | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| १५ वर्ष भन्दा कम | ८ | ३ | ११ |
| १६ देखि ४९ सम्म | ७ | १० | १७ |
| ५० वर्ष माथि | ३५ | २३ | ५८ |
| जम्मा | ५० | ३६ | ८६ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा देखाइएको छ कि धर्मदेवी नगरपालिका क्षेत्रमा मृत्यु वरण गर्नेहरूको ठूलो स.खया ५० वर्षभन्दा माथिको उमेर समूह हो । गएको एक वर्षमा यस उमेर समूहको ५८ जनाको मृतयु भएकोमा ३५ जना पुरुष र २३ जना महिला रहेका थिए । त्यसैगरी १६ देखि ४९ वर्ष समूहका मानिसहरू १७ जनाको मृत्यु भएको थियो । तीमध्ये १० जना महिला रहेका थिए । त्यसैगरी गत एक वर्षमा मर्नेहरूमा १५ वर्षभन्दा कम उमेर समूहका ११ जना रहेका थिए । तीमध्ये ८ जना पुरुष र ३ जना महिला रहेका थिए ।

**व्यावसायिक तालिमको विवरण**

मानिसलाई उद्यम गर्नका लागि पूँजी र सीप चाहिन्छ । यही दुई कुराले मानिसलाई स्वरोजगार बनाउँछ र अरुकका लागि रोजगारीको अवसर पनि सिर्जना हुन्छ । तलको तालिकामा धर्मदेवी नगरपालिका क्षेत्रमा लिइएका व्यावासायिक तालिमको शीर्ष, सहभागी संख्या र लैङ्गिक दृष्टिकोणबाट सहागीहरूको विश्लेषण गर्नको लागि तलको तालिकामा विवरणहरू दिइएको छ ।

*तालिका नं. २५*

*व्यावसायिक तालिम तथा सहभागी जनसंख्याको विवरण*

| सि.नं. | तालिमको विवरण | तालिम लिएका सहभागीहरूको संख्या | | |
|---|---|---|---|---|
| | | **पुरुष** | **महिला** | **जम्मा** |
| १ | **इलोम्ट्रोनिक्स** | २७ | १३ | ४० |
| २ | **सिलाइ वुनाइ तथा सृंगार** | १९ | ११० | १२९ |
| ३ | **निर्माण** | ३८ | ५ | ४३ |
| ४ | **इञ्जिनियरिंग** | ७ | १ | ८ |
| ५ | **कृषिसम्वन्धी** | १८ | १६ | ३४ |
| ६ | **जनस्वास्थ्य सम्वन्धी** | २ | ६ | ८ |

| | | | | |
|---|---|---|---|---|
| ७ | **पशुस्वास्थ्य सम्वन्धी** | ५ | २ | ७ |
| ८ | **पर्यटन सम्वन्धी** | १ | ० | १ |
| ९ | **कला सम्वन्धी** | १ | १ | २ |
| १० | **अन्य** | ६ | ९ | १५ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा सीप तथा व्यावसायिक तालिमलाई १० शीर्षकमा विभाजन गरिएको छ । सबैभन्दा बढी सहभागी सिलाइ बुनाइ तालिममा देखिएको छ । त्यस तालिममा १२९ सहभागी छन् । यसमा महिलाको संख्या ११० जना रहेको छ । त्यसैगरी दोस्रो निर्माण र तेस्रो इलेक्ट्रोनिक्स सम्बन्धी  तालिममा सहभागी भएका थिए । यी दुवैमा महिलाको भन्दा पुरुषको संख्या बढी छ । चोथोमा कृषि सम्बन्धी तालिममा सहभागीहरू बढी देखिएको छ । यसमा ३४ जना तालिममा सहभागी भएका थिए । तिनीहरूमध्ये पुरुष १८ जना र महिला १६ जना रहेका थिए ।

खण्ड चार

# घरायसी तथा पारिवारिक विवरण

## पिउने पानीको मुख्य स्रोत

मानिसलाई प्यास मेट्नका लागि पानी पिउनु आवश्यक हुन्छ । यो मानिसको आधारभूत आवश्यकता र मौलिक अधिकारभित्र पर्दछ । नेपालको संविधान २०७२ ले शुद्ध पिउनेपानी नागरिकको मौलिक हक अन्तरगत पर्दछ । पिउनेपानीको पर्याप्तता, शुद्धता र मानव स्वास्थ्यबीच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । त्यसैले धर्मदेवीका नागरिकले पिउने पानीको अवस्था कस्तो छ भन्ने विश्लेषण हुन आवश्यक छ । धर्मदेवी नगरपालिकाबासी कस्तो स्रोतको पानी पिइरहेका छन् भन्ने थाहा पाउनका लागि तलको तालिका हेर्नुपर्दछ ।

*तालिका नं. १*

*वडा नं. अनुसार पिउने पानीको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।*

| वडा नं. | पिउने पानीको मुख्य श्रोत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | धारा | सार्वजनिक धारा | मूलको पानी | अन्य | |
| १ | २९६ | १५८ | ६१ | ४५ | ५६० |
| २ | ३६४ | ४ | १२ | ३ | ३८३ |
| ३ | १६६ | २२७ | २४३ | ४ | ६४० |
| ४ | २८७ | ५० | ३० | २६ | ३९३ |
| ५ | ११६ | ३१५ | १२ | ८ | ४५१ |
| ६ | १६० | २३७ | २ | ३ | ४०२ |
| ७ | २६८ | २ | ३९ | १५ | ३२४ |
| ८ | २११ | ६१ | १५ | ९६ | ३८३ |
| ९ | २९५ | ८८ | ३३ | ० | ४१६ |
| जम्मा | २१६३ | ११४२ | ४४७ | २०० | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकाले प्रष्ट पारेको छ कि पिउने पानीका लागि धर्मदेवी नगरपालिकाका सबै वडामा निजी धारा, सार्वजनिक धारा, मूलको पानी र अन्य व्यवस्था गरिएको छ । धर्मदेवी नगरपालिकामा कुल ३९५२ घरधूरी रहेकोमा २१६३ घरपरिवारले धाराको पानी पिउने गर्दछ । यो कुल घरपरिवार संख्याको ५४.७३ प्रतिशत रहेको छ । त्यसैगरी सार्वजनिक धारामा पानी लि जाने परिवार संख्या ११४२ रहेको छ । यो कुल घरसंख्याको २८.९ प्रतिशत हो । त्यसै गरी मूलको पानी पिउने परिवार संख्या ४४७ रहेको छ भने अन्य स्रोतबाट पानी पिउनेहरू २०० परिवार रहेका छन् । कुल घर परिवारमा यो क्रमशः ११.३१ र ५.०६ प्रतिशत रहेको छ ।

सार्वजनिक धारा सबै वडाहरूमा रहेको पाइएको छ । वडा नम्बर २ र ७मा क्रमशः ४ र २ वटा सार्वजनिक धाराहरू रहेको पाइन्छ ५० वटाभन्दा बढी नै सार्वजनिक धाराहरू रहेको पाइएको छ । त्यसैगरी निजी धारा प्रयोग गर्नेहरू धेरै छन् । यसबाट धर्मदेवीका बासिन्दा शुद्ध पिउनेपानीले उपभोग गरिरहेको निष्कर्ष निकाल्न सकिन्छ । सार्वजनिक धारा कम भएको ठाउँमा निजी धारा वा मूलको पानी बढी भएको अवस्था पनि पाइएको छ ।

## खाना पकाउने इन्धनको मुख्य स्रोत

खाना बनाउन दाउरा, मट्टितेल, ग्याँस जस्ता इन्धनको जरुरत पर्दछ । त्यो इन्धन उसले कुन स्रोतबाट जुटाउँछ भन्ने कुराले एकातिर त्यहाँका मानिसको जीवनशैली प्रष्ट पार्दछ भने अर्कोतर्फ इन्धनमा निर्भरताको अवस्था के कस्तो छ भन्ने कुरा पनि बुझाउँछ । यस आधारमा हेर्दा धर्मदेवी नगरपालिकाका मानिसहरूले ग्यास, मट्टितेल, दाउरा र गोबरग्यास खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनका रूपमा प्रयोग भएको पाइन्छ ।

*तालिका नं. २*

*वडा नं. अनुसार खाना पकाउने इन्धनको मुख्य स्रोत र घरपरिवार संख्या ।*

| वडा नं. | खाना पकाउने इन्धनको मुख्य स्रोत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | दाउरा | मट्टीतेल | ग्यास | अन्य | |
| १ | ५४६ | १० | ३ | १ | ५६० |
| २ | ३७८ | १ | ४ | ० | ३८३ |
| ३ | ५३८ | १ | १०० | १ | ६४० |
| ४ | ३८९ | ० | ३ | १ | ३९३ |
| ५ | ४४३ | ३ | ५ | ० | ४५१ |
| ६ | ३९८ | १ | १ | २ | ४०२ |
| ७ | ३१९ | ० | ५ | ० | ३२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३७९ | १ | २ | १ | ३८३ |
| ९ | ४१३ | ० | ३ | ० | ४१६ |
| जम्मा | ३८०३ | १७ | १२६ | ६ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका बासिन्दाहरू माथि उल्लेखित सबै प्रकारका इन्धनहरू उपयोग गरी खाना बनाउने गर्दछन् । खाना पकाउने इन्धनको रूपमा सबैभन्दा बढी दाउराको प्रयोग हुने गर्दछ । यहाँको परम्परागत इन्धनको स्रोत दाउरा नै हो । जंगलले घेरिएको ठाउँ भएकाले पनि दाउरा पाउन सस्तो र सजिलो छ । अहिले पनि ३८०३ घर परिवारले दाउरा प्रयोग गरेर खाना पकाउँछन् । जुन कुल घरपरिवार संख्या ३९५२ को करिब ९६.२३ प्रतिशत हो । बाँकी सबै स्रोत उपयोगकर्ताहरू ३.७७ प्रतिशतमा पर्दछन् ।

इन्धनको दोस्रो स्रोत ग्यास हो । कुल घर परिवारमध्ये १२६ परिवारले ग्यास प्रयोग गर्छन् । यो कुल परिवार संख्याको ३.१९ प्रतिशत हो । तेस्रो स्रोत मट्टितेल हो । मट्टितेल प्रयोग गर्ने घरपरिवार १७ मात्र छ । यो कुल घर परिवार संख्याको ०.४३ प्रतिशत हो । मट्टितेल प्रयोग गर्ने १० घर पाइएको छ भने ग्यास प्रयोग गर्ने वडा नम्बर ३ मा १०० घरपरिवार पाइएको छ । अन्य वडामा मट्टितेल र ग्यास प्रयोग गर्नेहरू अत्यन्त न्यून वा नगन्य संख्यामा रहेको पाइन्छ । यति हुँदाहुँदै पनि इन्धनको रुपमा दाउरा प्रयोग गर्नेहरू सबै वडामा प्रशस्त पाइएको छ ।

### बत्तीको मुख्य स्रोत अनुसार घरपरिवार संख्या

धर्मदेवी नगरपालिकाको बत्तीको मुख्य स्रोत विजुली रहेको छ । विजुलीबाट बत्ती बाल्नेहरूको संख्या ३७९६ घरपरिवार रहेको छ । बिजुली बत्ती बाल्नेहरू कुल घरपरिवार संख्याको ९६.०५ प्रतिशत रहेको छ । बाकी सबै स्रोत उपयोग गर्नेहरू ३.९५ प्रतिशतमा पर्दछन् । धर्मदेवीमा मट्टितेल प्रयोग गरी घर उज्यालो पार्नेहरूको संख्या दोस्रो स्थानमा रहेको छ । धर्मदेवी नगरपालिका क्षेत्रका कुल १०३ घर परिवारले लालटिन वा कुप्पिमा मट्टितेल हालेर घरायसी कामका लागि उज्यालोको व्यवस्था गर्छन् । अझै पनि कतिपय विवाह जस्ता सामाजिक कार्यक्रममा मेट्रोलम्याक्स बाल्ने वा जेनेरेटर चलाएर विजुली उत्पादन गर्ने चलन छँदैछ ।

*तालिका नं. ३*

*वडा नं.अनुसार बत्तीको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।*

| वडा नं. | बत्ती श्रोत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | बिजुली | मट्टीतेल | सोलर | अन्य | |
| १ | ५१४ | ३२ | ३ | ११ | ५६० |
| २ | ३८१ | १ | ० | १ | ३८३ |
| ३ | ६२६ | १२ | १ | १ | ६४० |
| ४ | ३८० | १२ | ० | १ | ३९३ |
| ५ | ४४७ | १ | ० | ३ | ४५१ |
| ६ | ३८२ | १७ | ३ | ० | ४०२ |
| ७ | ३१९ | ३ | १ | १ | ३२४ |
| ८ | ३४९ | २० | १० | ४ | ३८३ |
| ९ | ३९८ | ५ | १ | १२ | ४१६ |
| जम्मा | ३७९६ | १०३ | १९ | ३४ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

सोलर प्यानल जोडेर त्यसैबाट विजुली बाल्ने क्रम बढ्दो छ । हाल सोलर उर्जा प्रयोग गर्नेहरू १९ परिवार मात्र छन् । सरकारी अनुदान पाइने र मट्टितेल वा बिजुलीको महसुल बृद्धि भइरहेको हुनालो पनि सौर्य उर्जा प्रयोग गर्नेतर्फ मानिसको ध्यान जान थालेको छ । वडागत आधारमा हेर्दा पनि सबै वडामा विजुली प्रयोगकर्ताहरूकै बाहुल्यता रहेको छ । परम्पारगत इन्धन मानिएको मट्टितेल प्रयोगकर्ताहरू वडा नम्बर १ मा ३२ परिवार, वडा नम्बर ८ मा २० परिवार, वडा नम्बर ६मा १७ परिवार रहेको पाइएको छ भने वडा नम्बर २ र ३ मा १२/१२ परिवार रहेका छन् ।

**शौचालय प्रयोगको अवस्था**

अहिले देशभर खुला दिसामुक्त अभियान जोडतोडले चलिरहेको छ । शौचालय खुला दिसामुक्त अभियानको एक महत्वपूर्ण सूचक हो । त्यसैले शौचाय निर्माण र प्रयोगमा भएको प्रगतिले खुला दिसामुक्त अभियानका साथै नगरपालिकाको स्वच्छता तथा सरसफाइ अभियानमा समेत योगदान पुग्ने गर्दछ । तलको तालिकामा धर्मदेवी नगरपालिकाको नवै वडाहरूको शौचालय निर्माणको अवस्था र प्रकृति दिइएको छ ।

*तालिका नं. ४*

*वडा नं. अनुसार शौचालयको व्यवस्था अनुसार घरपरिवार संख्या ।*

| वडा नं. | शौचालयको सुविधा | | | | जम्मा |
|---|---|---|---|---|---|
| | फ्लस भएको चर्पी | साधारण | अन्य | शौचालय नभएको | |
| १ | ४६६ | ५८ | १३ | २३ | ५६० |
| २ | ३७७ | २ | ४ | ० | ३८३ |
| ३ | ५५० | ७९ | ५ | ६ | ६४० |
| ४ | २२१ | १५२ | ३ | १७ | ३९३ |
| ५ | ३४५ | ९३ | ९ | ४ | ४५१ |
| ६ | २५९ | १३३ | ६ | ४ | ४०२ |
| ७ | २९२ | ३१ | १ | ० | ३२४ |
| ८ | ३७३ | ३ | ० | ७ | ३८३ |
| ९ | २३३ | १७५ | ० | ८ | ४१६ |
| जम्मा | ३११६ | ७२६ | ४१ | ६९ | ३९५२ |


*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकामा रहेको कुल ३९५२ घरपरिवार मध्ये ३८८१ परिवारमा कुनै न कुनै प्रकारको चर्पी बनेको पाइएको छ । अब ६९ घरपरिवारले मात्र चर्पी बनाउन बाँकी रहेको देखिन्छ । चर्पी बनाइ प्रयोग गर्नेहरूको संख्या कुल घरपरिवार संख्याको ९८.२ प्रतिशत हो । यसरी विश्लेषण गर्दा चर्पी बनाउन बाँकी परिवारको संख्या १.८ प्रतिशत मात्र रहेको पाइन्छ ।

पहाडी जिल्ला भइकन पनि यो प्रगतिले त्यहाका जनतामा शौचालय र सरसफाइ सम्बन्धी चेतनास्तर निक्कै माथि रहेको दशाएको छ । चर्पी नहुने घरपरिवारका सदस्यले जंगल, खोला वा खाली ठाउँमा दिसा गर्न बाध्य छन् । चर्पी हुने घरपरिवारको अध्ययन गर्दा पक्की चर्पी ३११६ घरमा छ भने साधारण चर्पी ७२६ परिवारमा छ । बाँकी ४१ परिवारले खाल्डे चर्पी प्रयोग गरिरहेका छन् । यिनीहरूमा पक्की चर्पी बनाउनेतर्फ प्रेरित गर्नुपर्ने देखिन्छ ।

वडा गत आधारमा चर्पी प्रयोगलाई हेर्दा वडा नम्बर २ र ७ मा शतप्रतिशत जनाताले चर्पी प्रयोग गरेको पाइन्छ । वडा नम्बर १ र ४  मा अझै चर्पी निर्माणका लागि पहल गर्नुपर्ने देखिन्छ ।  तथापि सूचकको आधारमा भन्ने हो धर्मदेवी नगरपालिका पूर्ण सरसफाइतर्फ उन्मुख भइरहेकोले छ । यहाँका बासिन्दामा शौचालय निर्माण र प्रयोग गर्ने बानी व्यवहारमा धेरै नै परिवर्तन भएको र सरसफाइको दृष्टिले अगुवा रहेको अनुमान गर्न सकिन्छ ।

बुझ्नका सजिलो होस भन्ने उद्देश्यले यही विवरणलाई तलको वृत्तचित्रमा पनि हरेकलाई प्रतिशतमा परिणत गरी प्रस्तुत गरिएको छ ।




माथिको वृत्तचित्रमा फ्लस भएको चर्पी प्रयोगकर्ता घरपरिवार ७९ प्रतिशत रहेको देखाइएको छ । त्यसैगरी साधारण चर्पी प्रयोग गर्ने घर परिवार १८ प्रतिशत र खाल्डे वा अन्य प्रकारको चर्पी प्रयोग गर्ने परिवार १ प्रतिशत रहेको जनाइएको छ । चर्पी प्रयोग नगर्ने घरपरिवार २ प्रतिशत रहेको देखाएको छ । संख्यात्मक हिसाबले १.८ प्रतिशत वृत्तचित्र बनाउन सहजताका लागि २ प्रतिशत लेखिएको हो ।

## जातीय समूह अनुसार शौचालय प्रयोगको अवस्था

धर्मदेवी नगरपालिकामा विभिन्न जातीय समुदायको बसोबास छ । तिनीहरूमा शौचालय निर्माण र प्रयोगको अवस्था के रहेको भन्ने दर्शाउनका लागि तलको तालिकामा धर्मदेवी नगरपालिकामा रहेका जातीय समुदाय र तिनमा रहेको शौचालय प्रयोगको अवस्था दर्शाउन खोजिएको छ ।

*तालिका नं. ५*
*जातीय समूह अनुसार शौचालय र घरपरिवार संख्या ।*

| विवरण | शौचालयको सुविधा | | | | जम्मा |
|---|---|---|---|---|---|
| | फ्लस भएको चर्पी | साधारण | अन्य | शौचालय नभएको | |
| **ब्राह्मण पहाड** | १२६४ | ३१२ | १५ | १९ | १६१० |
| **जनजाति पहाड** | १६४६ | ३२९ | २२ | ४३ | २०४० |
| **अन्य जातजाति** | १ | १ | ० | ० | २ |
| **दलित पहाड** | २०५ | ८४ | ४ | ७ | ३०० |
| **जम्मा** | **३११६** | **७२६** | **४१** | **६९** | **३९५२** |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा धर्मदेवी नगरपालिकामा रहेका जातीय समुदाय बाहुन क्षेत्री, जनजाति,दलित र अन्य गरी चार जातीय समुदायमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

सबैभन्दा बढी जनसंख्या भएको जनजाति समुदायको २०४० परिवारमध्ये १६४६ ले पक्की चर्पी बनाई प्रयोग गरेका छन्, ३२९ परिवारले साधारण चर्पी र २२ जनाले अन्य चर्पी प्रयोग गरेका छन् । प्रतिशतको आधारमा हेर्दा जनजाति पाविारमा ९७.९ प्रतिश तलेल चर्पी प्रयोग गरिररहेको पाएको छ । बाँकी २.१ प्रतिशतले चर्पी बनाई प्रयोग गरेको छैन । यो अतयन्तै सानो पसंख्या हो । दोस्रो ठूलो संख्यामा रहेको बाहुन क्षेत्रीहरू १६१० परिवार रहेका छन् । यिनीहरूमध्ये १२६४ परिवारले पक्की चर्पी बनाएको छ,३१२ परिवारले साधारण कच्ची चपीृ बनाएको छ भने १५ परिवारले खालडे चर्पी प्रयोग गरिरहेको तथ्याङ्क छ । यसरी हेर्दा कुल १६१० घरपरिवारमध्ये १५९१ घरपरिवारले कुनै न कुनै प्रकारको चर्पी प्रयोग गरिररहेका छन् । यो कुल परिवार संख्याको ९८.८२ प्रतिशत हो ।

यस आधारमा हेर्दा बाहुन क्षेत्री समुदायको १.१८ प्रतिशत परिवारमा मात्र चर्पी नरहेको अवस्था छ । तेस्रो जनसंख्या रहेको दलित समुदायको ३०० घर परिवार रहेकोमा २९३ घरपरिवारले चर्पी बनाएका छन् ७ परिवारले बनाएको छैन । यसरी हेर्दा ९७.६७ प्रतिशत दलित समुदायको घर परिवारमा चर्पी रहेको र २.३३ प्रतिशत दलितको घरमा चर्पी बन्न बाँकी रहेको देखिन्छ । यस आधारमा हेर्दा दलित समुदाय, जनजाति समुदाय र बाहुन क्षेत्री समुदायमा चर्पी निर्माणका लागि आवश्यक पहल गर्नुपर्ने देखिएको छ ।

### घर भएको वा नभएको अवस्था

घर भएका र नभएकाहरूको विवरणले घरधनीहरूको अवस्था जानकारी हुन्छ । धर्मदेवी नगरपालिकामा घरविहीन परिवारहरू २११ रहेको पाइएको छ । ३४४२ जनाको एउटा घर रहेको छ भने २९९ परिवारको नाममा दुईदुई वटा घर रहेको छ । कुल घर परिवारको आधारमा हेर्दा ५.३४ प्रतिशत परिवारको आफनो घर नभएको पाइएको छ । यसलाई तलको तालिकामा अध्ययन गर्न सकिन्छ ।

*तालिका नं. ६*
*घरको संख्या अनुसार वडाको विवरण ।*

| वडा नं. | घरको संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | घर नभएको | एउटा भएको | दुई वा बढी भएको | |
| १ | ११ | ५०४ | ४५ | ५६० |
| २ | ८ | ३२८ | ४७ | ३८३ |
| ३ | ४५ | ५०७ | ८८ | ६४० |
| ४ | १४ | ३६७ | १२ | ३९३ |
| ५ | ११ | ४०४ | ३६ | ४५१ |
| ६ | १६ | ३७१ | १५ | ४०२ |
| ७ | २३ | २९२ | ९ | ३२४ |
| ८ | ५० | ३१७ | १६ | ३८३ |
| ९ | ३३ | ३५२ | ३१ | ४१६ |
| **जम्मा** | २११ | ३४४२ | २९९ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिका प्रायः सबै वडाहरूमा जसरी दुई दुई वटा घर भएका परिवार पाइएको छ भने एउटा पनि घर नहुने परिवार पनि सबै वडाहरूमा पाइएको छ । यसबाट घर नहुनेहरू दुईवटा घरहुनेहरूको घरमा बसेको अनुमान गर्न सकिन्छ । घर नहुने परिवारहरू वडा नम्बर ८,३ र ९ मा बढी संख्यामा रहेका छन् भने वडा नम्बर २, १ र ५ मा न्यून संख्यामा रहेको पाइएको छ । यसबाट घर नभएका परिवारको बारेमा अध्ययन गरी गरिबीका अवस्थाको कारणले

घरविहीन भएको अवस्था हो भने नगरपालिकाले विशेष कार्यक्रम सञ्चालन गरी घरविहीनको अवस्थाबाट उनीहरूलाई बाहिर ल्याउनुपर्ने अवस्था छ ।

### घरको स्वामित्वको अवस्था

आफनो घर भएको र आफनो घर नभएका कारण अरूको घरमा भाडामा बस्नेहरूको विवरणले घर र परिवारको सम्बन्धको अवस्था जानकारी हुन्छ । धर्मदेवी नगरपालिकामा घरविहीन परिवारहरू अरुको घरमा भाडामा बसेको पाइन्छ । कुल घर परिवार ३९५२ मध्ये ३७४१ परिवार आफनो घरमा बसेको छ भने १५८ परिवार अरुको घरमा भाडा तिरेर बसेको पाइएको छ । भाडा नतिरी अरुको घरमा बस्नेहरू ५३ परिवार रहेका छन् ।

*तालिका नं. ७*

*घरको स्वामित्व अनुसार घरपरिवारको विवरण ।*

| वडा नं. | घरको स्वामित्व | | | जम्मा |
|---|---|---|---|---|
| | आफ्नो | भांडामा | अन्य | |
| १ | ५४९ | ३ | ८ | ५६० |
| २ | ३७५ | ८ | ० | ३८३ |
| ३ | ५९५ | ४३ | २ | ६४० |
| ४ | ३७९ | १० | ४ | ३९३ |
| ५ | ४४० | ११ | ० | ४५१ |
| ६ | ३८६ | १२ | ४ | ४०२ |
| ७ | ३०१ | १२ | ११ | ३२४ |
| ८ | ३३३ | २७ | २३ | ३८३ |
| ९ | ३८३ | ३२ | १ | ४१६ |
| **जम्मा** | ३७४१ | १५८ | ५३ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

वडाको आधारमा हेर्दा सबै वडामा अरुको घरमा भाडामा बस्नेहरू रहेको पाइन्छ । त्यसमा पनि वडा नम्बर ३, ९ र ८ मा बढी संख्यामा घर भाडामा लिएर परिवारहरू रहेका छन् भने वडा नम्बर २, १ र ५ मा न्यून संख्यामा रहेको पाइएको छ । त्यसैगरी भाडा नतिरी अरुको घरमा बस्नेहरू वडा नम्बर ८ र ७ मा बढी पाइन्छ । यो पनि नगरपालिकाले विशेष कार्यक्रम

सञ्चालन गरी घरविहीनको अवस्थाबाट उनीहरूलाई बाहिर ल्याउने हो भने अरुको घरमा बस्नुपर्ने बाध्यता नै समाप्त हुन्छ ।

### घरको छानाको किसिम

घरको छानोलाई हाम्रो समाजमा आर्थिक सम्पन्नताको सूचकका रूपमा लिने गरिन्छ । मानिसले आफनो घरको छाना कस्तो लगाएको छ भन्ने कुरा पनि आर्थिक सम्पन्नताको महत्वपूर्ण सूचक हुन्छ । कुनै पनि ठाउँको आर्थिक सम्पन्नताको अवस्था थाहा पाउन यसको विश्लेषणको महत्व रहेको छ । धर्मदेवी नगरपालिकाको घरको छानाको विश्लेषण वडागत आधारमा गरिएको छ । जसले गर्दा वडागत आधारमा योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

*तालिका नं. ८*

*वडा नं. अनुसार नगरपालिकामा भएको घरको छानाको प्रयोग किसिम ।*

| वडा नं. | घरको छानाको प्रकार | | | जम्मा |
|---|---|---|---|---|
| | फुस वा खर | जस्तापाता | अन्य/पक्की | |
| १ | ७३ | ४३४ | ५३ | ५६० |
| २ | ४१ | ३३५ | ७ | ३८३ |
| ३ | २१ | ५४९ | ७० | ६४० |
| ४ | १७८ | २०६ | ९ | ३९३ |
| ५ | ३८ | ४०० | १३ | ४५१ |
| ६ | १६१ | २३९ | २ | ४०२ |
| ७ | २०८ | ११४ | २ | ३२४ |
| ८ | २९१ | ७८ | १४ | ३८३ |
| ९ | २१५ | १९२ | ९ | ४१६ |
| **जम्मा** | १२२६ | २५४७ | १७९ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका ३९५२ घरहरूमध्ये २५४७ घरहरू जस्ता पाताले छाइएका छन् । यो संख्या कुल घरसंख्याको ६४.४५ प्रतिशत हुन आउँछ । यो अवस्था प्रायः सबै वडाहरूमा देखिन्छ । छानाको हिसाबले दोस्रो क्रममा पराल वा खरले छाएका घरहरू पर्दछन् । यिनीहरूको संख्या १२२६ रहेको छ । यो कुल घरसंख्याको ३१.२ प्रतिशत हो । यसबाट प्रष्ट हुन्छ कि

धर्मदेवी नगरपालिकाका ३१.२ प्रतिशत जनता पराल वा खरले छाएको घरमा बसोबास गरिरहेका छन् । यो अवस्था प्राय: सबै वडाहरूमा देखिएको छ ।

तेस्रो क्रममा मात्र ढलान भएको छानामुनि बस्नेहरू आउँछन् । यस्ता घरहरूको संख्या १७९ रहेको छ । जुन कुल घरपरिवार संख्याको ४.५३ प्रतिशत हो । छानो ढलान भएका घरहरू सानै संख्यामा भए पनि सबै वडाहरूमा रहेका छन् । वडा नम्बर १, ३,५ र ८ मा संख्यात्मक रूपमा सबैभन्दा बढी घरपरिवार छानो ढलान भएको घरमा बस्छन् । तर यो अत्यन्त सानो संख्या हो । वडा नम्बर ७ मा सबैभन्दा कम अर्थात एक वटा घरमात्र छानो ढलान भएका छन् ।

## घरको जगको आधारमा घरपरिवार

घर निर्माण गर्दा कस्तो जग हालिएको छ भन्ने कुराको अध्ययनले त्यस ठाउँका मानिसहरूको सम्पन्नताको अवस्था थाहा पाउन सकिन्छ । त्यसबाट मानिसहरूको परम्परागत गृह निर्माण पद्धतिमा कतिको सुधार आएको छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ । त्यति मात्र होइन गृह निर्माण प्रविधिले त्यहाँका घरहरू कतिको बलिया छन् र भूकम्प प्रतिरोधी छन कि छैनन् भन्ने पनि थाहा पाउन सकिन्छ । त्यही भएर धर्मदेवी नगरपालिकाका मानिसहरू बस्ने घरको जग कस्तो छ भन्ने कुरा तलको तालिकाको आधारमा विश्लेषण गरिएको छ ।

*तालिका नं. ९*

*वडा तथा घरको जग अनुसार घरपरिवारको विवरण ।*

| वडा नं. | घरको जगको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | माटो र ढुङ्गा | सिमेन्ट र ढुङ्गा | काठको खम्बा | अन्य | |
| १ | ४९१ | २ | ५५ | १२ | ५६० |
| २ | ३७० | ९ | २ | २ | ३८३ |
| ३ | ५३९ | ४२ | ३८ | २१ | ६४० |
| ४ | २९० | १४ | ४९ | ४० | ३९३ |
| ५ | ४२९ | २ | ३ | १७ | ४५१ |
| ६ | ३६० | ७ | ३३ | २ | ४०२ |
| ७ | २६८ | ५ | ४९ | २ | ३२४ |
| ८ | ३०१ | ३ | ७९ | ० | ३८३ |
| ९ | ३२४ | १९ | ६८ | ५ | ४१६ |
| **जम्मा** | ३३७२ | १०३ | ३७६ | १०१ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

यहाँको घर निर्माण पद्धति परम्परागत बढी छ । माटो र ढुङ्गाको जग बनाउने यहाँको परम्परागत पद्धति हो । कुल ३९५२ घरपरिवारमध्ये ३३७२ घरहरू माटो र ढुङ्गाबाट बनेका छन् । सिमेन्ट र ढुङ्गाको जग भएका घरहरू १०३ वटा छन् । काठको खम्बा भएका घरहरू ३७६ वटा छन् । यस आधारमा हेर्दा अझै पनि ९.५१ प्रतिशत घरहरूमा काठको खम्बा भएका छन् । सिमेन्ट र काठको खम्बा प्रयोग नगरी बनाएका झुपडीहरू १०१ वटा छन् । जुन कुल घरसंख्याको हिसाबले २.५५ प्रतिशत हो । यहाँ ढुङ्गा प्रशस्त पाइने भएकोले घर बनाउन माटोको साथमा होस वा सिमेन्टको साथमा ढुङ्गा नै प्रयोग गर्ने चलन सर्वत्र रहेको छ ।

### भवनको मापदण्डको प्रयोगको अवस्था

घर निर्माण गर्दा नगरपालिकाले तोकेको मापदण्ड पालना गर्नुपर्दछ । घरको न्क्सा नगरपालिकाले पास गरेबमोजिम हुनुपर्दछ । तर, भर्खरै नगरपाकिामा प्रवेश गरेको भएकाले यहाँका बान्दिाका लागि यो अभ्यास अत्यन्त नौलो हो । तथापि पछिल्लो समयमा बनेका घरहरू मापदण्ड बमोजिम बनेका छन् । यो अभ्यास सुरु भएको छ ।

*तालिका नं. १०*
*वडा तथा भवनको मापदण्ड अनुसारको विवरण ।*

| वडा नं. | मापदण्ड | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | ६ | ५५४ | ५६० |
| २ | ८ | ३७५ | ३८३ |
| ३ | १ | ६३९ | ६४० |
| ४ | ११ | ३८२ | ३९३ |
| ५ | ७ | ४४४ | ४५१ |
| ६ | ८ | ३९४ | ४०२ |
| ७ | २ | ३२२ | ३२४ |
| ८ | २ | ३८१ | ३८३ |
| ९ | २५ | ३९१ | ४१६ |
| **जम्मा** | ७० | ३८८२ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका ३९५२ घरहरूमध्ये ३८८२ घरहरू मापदण्ड अनुरुप छैनन् । यासो भनिरहँदा त्यहाका जनताले भवन संहिता पालन नगरेको अर्थ लाग्नुहुन्न । नगरपालिका बन्नुअघि निर्माण भएका भवनहरूमा भवन संहिता लागू नहुनु स्वाभाविक हो । त्यस यता बनेका घरहरूमा भने भवन आचारसंहिता लागू भएको छ । यसरी हेर्दा धर्मदेवी नगरपालिकाका ९८.२३ प्रतिशत घरहरू मापदण्ड विपरीत र १.७७ प्रतिशत घरहरू मात्र मापदण्ड अनुरुप बनेको पाइन्छ ।

## घर भूकम्प प्रतिरोधी भए / नभएको

घर निर्माण गर्दा नगरपालिकाले तोकेको मापदण्ड पालना गर्नुका साथै भूकम्प प्रतिरोधी पनि हुनुपर्दछ । खासगरी वि.सं. २०७२ को भूकम्पले धेरै धनजनको क्षति गरेपछि नयाँ भवन बन्दा भूकम्पप्रतिरोधी बनाउनु पर्ने र यसको अनुगमन नगरपालिकाहरूले गर्ने व्यवस्था गरिएको छ । खासगरी पक्की र ठूला संरचना भूकम्प प्रतिरोधी हुन आवश्यक छ ।

*तालिका नं. ११*

*वडा तथा घर भूकम्प प्रतिरोधी भए नभएको सम्वन्धी विवरण ।*

| वडा नं. | भूकम्प प्रतिरोधी | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | ४ | ५५६ | ५६० |
| २ | ७ | ३७६ | ३८३ |
| ३ | १० | ६३० | ६४० |
| ४ | ४२ | ३५१ | ३९३ |
| ५ | ७ | ४४४ | ४५१ |
| ६ | ४१ | ३६१ | ४०२ |
| ७ | २५ | २९९ | ३२४ |
| ८ | ३२ | ३५१ | ३८३ |
| ९ | १७ | ३९९ | ४१६ |
| **जम्मा** | १८५ | ३७६७ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका ३९५२ घरहरूमध्ये १८५ घरहरू भूकम्प प्रतिरोधी र ३७६७ घरहरू भूकम्प प्रतिरोधी नभएको अवस्था पाइएको छ । यसो भनिरहँदा त्यहाका जनताले सरकाको निर्देशन नसनेको भन्ने अर्थ लाग्नसक्छ । तर, त्यस्तो होइन । बरु भूकम्प प्रतिरोधी संरचना हुनका लागि पछिल्लो समयमा मात्र अनिवार्य वगरिएकाले त्यसभन्दा पहिले बनेका भवनहरू भूकम्प प्रतिरोधी नहुनु स्वाभाविकै हो ।

जसरी नगरपालिका बन्नुअघि निर्माण भएका भवनहरूमा भवन संहिता लागू नहुनु स्वाभाविक हो । त्यसैगरी भूकम्पले हल्लाएर भूकम्प प्रतिरोधी घर बनाउन सरकारले निर्देशन गर्नुअघिसम्म भूकम्प प्रतिरोधी भवनहरू र अन्य संरचना नबन्नु स्वभाविक नै हो । यता बनेका घरहरूमा भने भवन आचारसंहिता लागू भएको छ ।

यसरी हेर्दा धर्मदेवी नगरपालिकाका ४.६८ प्रतिशत घरहरू भूकम्प प्रतिरोधी र ९५.३२ प्रतिशत घरहरू भूकम्प प्रतिरोधी नभएको पाइन्छ । अहिले हेर्ने हो भने हरेक वडामा भूकम्प प्रतिरोधी संरचना बनेको छ । यो भूकम्प प्रतिरोधी संरचना बन्ने क्रम अझ बढेर जाने विश्वास गर्न सकिन्छ ।

## परिवारको स्वामित्वमा जग्गा भए/नभएको

आफनो स्वामित्वमा जग्गा भएका र नभएकाहरूको विवरणले जग्गाधनीहरूको अवस्था जानकारी हुन्छ । धर्मदेवी नगरपालिकामा जग्गा विहीन परिवारहरू ३९७ रहेको पाइएको छ । ३५५५ परिवारको नाममा जग्गा रहेको छ । कुल घरपरिवारको तुलनामा आफनो घरपरिवारका सदस्यको नाममा जमिन भएकाहरू ८९.९५ प्रतिशत र आफनो परिवारको नाममा जग्गा जमिन नभएकाहरू १०.०५ प्रतिशत रहेका छन् ।

*तालिका नं. १२:*

*परिवारको स्वामित्वमा जग्गा भए/नभएको घरपरिवारको विवरण ।*

| वडा नं. | परिवारको स्वामित्व जग्गा | | जम्मा |
|---|---|---|---|
| | भएका | नभएको | |
| १ | ५११ | ४९ | ५६० |
| २ | ३४४ | ३९ | ३८३ |
| ३ | ५०५ | १३५ | ६४० |
| ४ | ३५२ | ४१ | ३९३ |
| ५ | ४२९ | २२ | ४५१ |
| ६ | ३८९ | १३ | ४०२ |
| ७ | २६७ | ५७ | ३२४ |
| ८ | ३५३ | ३० | ३८३ |
| ९ | ४०५ | ११ | ४१६ |
| **जम्मा** | ३५५५ | ३९७ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिका प्रायः सबै वडाहरूमा परिवारका नाममा जग्गा भएका र नभएका दुवै किसिमको बसोबास पाइएको छ । आफनो वा परिवारको अलिकति पनि जग्गा नहुने परिवार सबै वडाहरूमा पाइएको छ । जग्गा नहुने परिवारहरू वडा नम्बर ३,७,४,१ र २ मा बढी संख्यामा रहेका छन् भने वडा नम्बर ९, ६, र ५ मा न्यून संख्यामा रहेको पाइएको छ । यसबाट जग्गा नभएका परिवारको बारेमा अध्ययन गरी गरिबीको अवस्थाको कारणले जग्गा विहीन भएको अवस्था हो भने नगरपालिकाले विशेष कार्यक्रम सञ्चालन गरी जग्गाविहीनको अवस्थाबाट उनीहरूलाई बाहिर ल्याउनुपर्ने हुन्छ ।

### कृषियोग्य जमिन भएका जातजातिहरू

आफनो स्वामित्वमा कृषियोग्य जग्गा भएका र नभएकाहरूको विवरणले किसानहरू जग्गाधनी हुन वा होइनन् भन्ने जानकारी हुन्छ । धर्मदेवी नगरपालिकामा कृषियोग्य जग्गा विहीन परिवारहरू ३९७ रहेको पाइएको छ । कुल ३५५५ परिवार कृषकको परिवार सदस्यको नाममा जग्गा रहेको पाइएको छ । कुल घरपरिवारको तुलनामा आफनो घरपरिवारका सदस्यको नाममा कृषियोग्य जमिन भएकाहरू ८९.९५ प्रतिशत र आफनो परिवारको नाममा कृषियोग्य जमिन नभएकाहरू १०.०५ प्रतिशत रहेका छन् ।

*तालिका नं. १३*

*जातजाति अनुसार कृषियोग्य जमिन भएका घरपरिवारको विवरण ।*

| सि.नं. | जातजातिहरूको समुह | कृषियोग्य जमिन | | जम्मा | जमिन भएका प्रतिशत |
|---|---|---|---|---|---|
| | | पाभएको | नभएको | | |
| १ | **बाहुन क्षेत्री पहाड** | १४७३ | १३७ | १६१० | ९१.४९ |
| २ | **जातजाति पहाड** | १८२७ | २१३ | २०४० | ८९.५६ |
| ३ | **अन्य जातजाति** | ० | २ | २ | ०.०० |
| ४ | **दलित पहाड** | २५५ | ४५ | ३०० | ८५.०० |
| **जम्मा** | | ३५५५ | ३९७ | ३९५२ | ८९.९५ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिका प्रायः सबै वडाहरूमा परिवारका नाममा कृषियोग्य जग्गा भएको र नभएको दुवै किसिमको बसोबास रहेको पाइएको छ । आफनो वा परिवारको नाममा अलिकति पनि जग्गा नहुने परिवार सबै वडाहरूमा छरिएर रहेको पाइएको छ । आफनो परिवारको कृषियोग्य

जग्गा नहुने परिवारहरूलाई जातीय आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी दलित समुदाय रहेको छ ।

आफनो परिवारको नाममा कृषियोग्य जमिन नहुने दलितहरू १५ प्रतिशत रहेका छन् । दोस्रो क्रममा जनजातिहरूको प्रतिशत १०.४४ रहेको छ । आफनो वा परिवारको नाममा कृषियोग्य जमिन नहुने बाहुन क्षेत्रीहरू ८.५१ प्रतिशत मात्र छन् । अन्य जातीय समुदायमा रहेकाहरू कसैको पनि कृषियोग्य जमिन भएको पाइदैन । तर,उनीहरू खेती कर्म नगरी व्यापार व्यवसायबाट आयआर्जन गरिरहेकाले उनीहरूको कृषियोग्य जमिन नहुनुले केही फरक पार्ने अवस्था छैन ।

**कृषि जमिनको क्षेत्रफलको अवस्था**

धर्मदेवी नगरपालिकामा कृषियोग्य जमिन कति रहेको छ भन्ने कुराको अध्ययनविना यहाँको कृषि योजना बनाउन सकिँदैन । कृषियोजना र उत्पादन अनुमान गर्नका लागि कृषियोग्य जमिन कहाँ कति छ भन्ने थाहा हुन जरूरी छ ।  यस प्रयोजनका लागि धर्मदेवी नगरपालिकाको कृषियोग्य जमिनको क्षेत्रफल तलको तालिकामा दिइएको छ ।

*तालिका नं. १४*
***वडा अनुसार कृषि जमिनको क्षेत्रफल रोपनी तथा हेक्टरमा विवरण ।***

| वडा नं. | कृषि कार्यका लागी जमिनको क्षेत्रफल ( रोपनी) | | जम्मा (रोपनी) | जम्मा जमिन ( हेक्टर) |
|---|---|---|---|---|
| | आफ्नो परिवारको | अरूको जमिन | | |
| १ | ६,०८३.५० | १९९.०० | ६,२८२.५० | ३१९.६१ |
| २ | ५,४६८.७५ | १९१.०५ | ५,६५९.८० | २८७.९३ |
| ३ | १०,७५९.०० | २०५.०० | १०,९६४.०० | ५५७.७८ |
| ४ | ५,७३८.७५ | ३११.०० | ६,०४९.७५ | ३०७.७७ |
| ५ | ६,१४३.७५ | ११४.०० | ६,२५७.७५ | ३१८.३५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ५,१३०.०० | ५०२.०० | ५,६३२.०० | २८६.५२ |
| ७ | ३,३१७.०० | १७३.०० | ३,४९०.०० | १७७.५५ |
| ८ | ४,८४२.०० | १,०५५.०० | ५,८९७.०० | ३००.०० |
| ९ | ४,८३१.५६ | ६३७.०० | ५,४६८.५६ | २७८.२१ |
| **जम्मा** | ५२,३१४.३१ | ३,३८७.०५ | ५५,७०१.३६ | २,८३३.७३ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

कृषि कार्यमा प्रयोग भइरहेको जमिनको संरचना माथिको तालिकामा दिइएको छ । नौ वडाकको अवस्था हेर्दा आफनो ५२३१४ रोपनी जग्गा र ३३८७ रोपनी अरुको जमिन लिइएर कुल ५५ हजार ७०१ रोपनी जमिनमा कृषि कर्म भइरहेको छ । जुन क्षेत्रफलको हिसाबल  २८३३.७३ हेक्टर हुन आउँछ ।

वडागत आधारमा हेर्दा वडा नम्बर ३ सबैभन्दा बढी खेतीयोग्य जमिन भएको वडा हो । त्यसपछि वडा नम्बर ४,५, १,८,२ नम्बर वडाहरू बढी खेतीयोग्य जमिन भएको वडाको रुपमा नाम आउँछ । वडा नम्बर ७ चाहि सबैभन्दा कम कृषियोग्य जमिन भएको वडा हो ।

## कृषि बाली, उत्पादन र बिक्री

धर्मदेवी नगरपालिकामा कुन कुन बाली हुन्छन्,  तिनको उत्पादन र बिक्रीको अवस्था के छ भन्ने विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । यहाँ पनि अन्य पहाडी जिल्लामा जस्तै धान, मकै , कोदो, गहुँ, दलहन, तेलहन, तरकारी आदि उत्पादन हुन्छन् । तलको तालिकामा ती बालीको उत्पादन, बिक्री र बचतको अवस्था पनि देखाइएको छ ।

*तालिका नं. १५*

*बाली अनुसार कृषि उत्पादन तथा बिक्रीको विवरण*

| बालीको विवरण | कृषि उत्पादन तथा बिक्री | | वचत वा उपभोग |
|---|---|---|---|
| | उत्पादन (क्वि.) | बिक्री (क्वि.) | |
| धान | १०,३४६.८९ | ५१.०० | १०,२९५.८९ |
| मकै | ८,०५१.६२ | १२९.०९ | ७,९२२.५३ |
| गहु | १८८.६६ | ४.५१ | १८४.१५ |
| कोदो | २,४२७.६० | १६४.२२ | २,२६३.३८ |
| अन्य अन्न | ५९.८७ | ०.२० | ५९.६७ |
| दलहन | ३०३.०० | ०.९६ | ३०२.०४ |
| तेलहन | १३४.४६ | ५४.०० | ८०.४६ |
| तरकारी | १२,८४०.७५ | ५,३७७.०८ | ७,४६३.६७ |
| नगदेबाली | १,९९३.५१ | ८९२.४२ | १,१०१.०९ |
| फलफुल | ६५५.६७ | ५१.०५ | ६०४.६२ |
| **जम्मा** | ३७,००२.०३ | ६,७२४.५३ | ३०,२७७.५० |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकामा वर्षभरिमा कुल ३७००२ क्विन्टल कृषि उत्पादन हुन्छ । त्यसमध्ये ३०२७७.५ क्विन्टल उपभोग गर्छन् । कृषि उपज ६७२४.५३ क्विन्टल मात्र बिक्री गरिन्छ । यसबाट कुल उत्पादनको ८१.८३ प्रतिशत खानको लागी अन्न बाली उपयोग हुने गरेको पाइएको छ । केवल १८.१७ प्रतिशत कृषि उपज मात्र बजारमा बिक्री गरी अन्य आवश्यकता पूरा गर्ने अर्थ उपार्जन भइरहेको पाइएको छ । यहाँ उत्पादन भई बिक्री हुने र नगद आर्जन गर्ने कृषि बालीमा तरकारी,नगदे बाली, कोदो, मकै, तेलहन, फलफूल रहेका छन् ।

**पशुपंक्षी भए / नभएको परिवार**

पशुपंक्षी पालन हाम्रो संस्कार वा परम्परा हो । महाभारतकाल वा त्यो भन्दा पछिको समयमा पनि पशुपंक्षी पालन गर्ने चलन नेपाली समाजमा रहेको पाइन्छ । यहाँका मानिसहरूको परम्परागत पेशा कृषि नै हो । कृषिमा खेतीपाती र पशुपालन दुवै आउँछन् । पछिल्लो समय मानिसहरू तरकारी खेतीतर्फ आकर्षित भइरहेको पाइएको छ । धर्मदेवीका मानिसहरूको पेशागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. १६*
*वडा अनुसार कुनै प्रकारको पशुपंक्षी भए नभएको घरपरिवारको विवरण ।*


| वडा नं. | पशुपंक्षी | | जम्मा |
|---|---|---|---|
| | भएका | नभएका | |
| १ | ५२३ | ३७ | ५६० |
| २ | ३६५ | १८ | ३८३ |
| ३ | ४९८ | १४२ | ६४० |
| ४ | ३५१ | ४२ | ३९३ |
| ५ | ४०६ | ४५ | ४५१ |
| ६ | ३७९ | २३ | ४०२ |
| ७ | २९१ | ३३ | ३२४ |
| ८ | ३६७ | १६ | ३८३ |
| ९ | ४०५ | ११ | ४१६ |
| **जम्मा** | ३५८५ | ३६७ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका ३९५२ घर परिवार मध्ये ३५८५ ले पशुपंक्षी पालन गरेको पाइन्छ। । यसको मतलब यहाँका ९०.७१ प्रतिशत घरपरिवारमा पशुपंक्षी पालन हुने गरेको छ । यहाका ९.२९ प्रतिशत घरपरिवारले भने कुनै किसिमको पशु वा पंक्षी वा दुवै पालेको पाइएन ।

वडागत आधारमा हेर्दा वडा नम्बर १ मा ५२३ र ३ मा ४९८ परिवारले पशुपंक्षी पालेको पाइयो । सबैभन्दा कम पशुपंक्षी पाल्नेहरू वडा नम्बर ७ मा रहेको छ । त्यहाँ २९१ परिवारले मात्र पशुपंक्षी पालेको पाइएको छ । यद्यपि यस वडामा कुल घर संख्या नै अरूभन्दा न्यून रहेको छ ।

यो कुरालाई तलको रेखा चित्रले अझ प्रष्ट पार्दछ ।




पशुपंक्षी उत्पादन विवरण

धर्मदेवी नगरपालिकाका बासिन्दाले पशुपंक्षी पालन गर्दा मुख्य रुपमा गाईगोरू, राँगाभैंसी, खसीबाखा, बंगुरसुँगुर र कुखुरा एवम् हाँस पाल्ने गरेको पाइएको छ । तिनीहरू कति उत्पादन हुन्छन् भन्ने विवरण तलको तालिकामा वडागत आधारमा दिइएको छ ।

*तालिका नं. १७*

*वडा अनुसार पशुपंक्षीहरूको विवरण ।*

| वडा नं. | चौपाया तथ पशुपंक्षीहरू संख्या | | | | |
|---|---|---|---|---|---|
| | गाईगोरु | राँगाभैसी | खसीबाखा | वंगर सुँगर | कुखुरा हाँस |
| १ | ७६० | २९५ | १०३३ | ११४६ | १३९२ |
| २ | ४५१ | १८२ | १५०२ | २८७ | २६३३ |
| ३ | ६५५ | ३२८ | १५६४ | २३३ | १६८९ |
| ४ | ७६६ | ६३१ | १४६२ | १६३ | २००८ |
| ५ | ३८५ | ३३३ | १६८४ | १८८ | २०१७ |
| ६ | ७१६ | २७० | १८२६ | १६५ | १८७४ |
| ७ | ८९१ | १७१ | १४९३ | २४३ | १७६४ |
| ८ | १२७८ | २१९ | २३५५ | २१८ | २२७५ |
| ९ | १३९८ | ४६० | २३८२ | १७१ | २७२६ |
| **जम्मा** | ७,३०० | २,८८९ | १५,३०१ | २,८१४ | १८,३७८ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिका अध्ययन गर्दा धर्मदेवी नगरपालिकामा कृषकले ७३०० गाईगोरू, २८८९ राँगाभैंसी, १५३११ खसीबाखा, २८१४ बंगुर/सूँगुर तथा १८३७८ वटा हाँस कुखुरा पाल्ने गरेको पाइएको छ ।

वडागत आधारमा हेर्दा वडा नम्बर १ देखि ९ सम्मका सबै वडामा माथि उल्लेखित पशुपंक्षी पालन गरेको पाइएको छ । तुलनात्म रूपमा हेर्दा राँगाभैसीको तुलनामा गाइगोरू र बंगुरसुँगुरको तुलनामा खसीबाखा बढी पालन तथा उत्पादन हुने गरेको पाइएको छ ।

**कृषक परिवारको संख्या**

मानिसले पेशा लेख्दा धेरै ठाउँ कृषि वा आफूलाई किसानका रूपमा बताइरहेको हुन्छ । आफूलाई किसान भन्ने तर कृषि कर्म कहिल्यै नगर्ने मानिसहरूको संख्या हाम्रो समाजमा निक्कै पाइएको छ । त्यसैले यहाँ परिवारलाई कृषक परिवार वा गैर कृषक परिवार भनी वर्गीकरण गर्न लागिएको छ । कृषक परिवारको विवरण तलको तालिकामा दिइएको छ ।

*तालिका नं.१८*

*वडा अनुसार कृषक परिवार संख्याको विवरण ।*

| वडा नं. | कृषक परिवार | | जम्मा |
|---|---|---|---|
| | हो | होइन | |
| १ | ५४१ | १९ | ५६० |
| २ | ३७५ | ८ | ३८३ |
| ३ | ५५९ | ८१ | ६४० |
| ४ | ३८३ | १० | ३९३ |
| ५ | ४३८ | १३ | ४५१ |
| ६ | ३९३ | ९ | ४०२ |
| ७ | २९४ | ३० | ३२४ |
| ८ | ३७८ | ५ | ३८३ |
| ९ | ४१२ | ४ | ४१६ |
| **जम्मा** | ३७७३ | १७९ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिका अध्ययन गर्दा धर्मदेवीमा रहेका ३९५२ परिवारमध्ये ३७७३ परिवार कृषक रहेको पाइएको छ । यसरी हेर्दा ९५.४७ प्रतिशत परिवार कृषिमा आधारित छन् भने ४.५३ प्रतिशत परिवार गैरकृषि पृष्ठभूमिको रहेको पाइएको छ । यसबाट यहाँका जनता वा यस नगरपालिकाको उत्पादन मूलत कृषि उपज हुने अनुमान गर्न सकिन्छ ।

धर्मदेवी नगरपालिकाका सबै वडामा कृषक र गैर कृषक परिवारका रूपमा आफूलाई प्रस्तुत गर्ने परिवारहरू केही न केही रूपमा भेटिन्छन् । कृषक बाहेक अन्य किसिमको परिवारका रूपमा आफूलाई प्रस्तुत गर्ने परिवार वडा नम्बर ३ मा सबैभन्दा बेसी अर्थात ८१ परिवार छन् । जुन त्यस वडाको कुल घर संख्या ६४० को १२.६६ प्रतिशत मात्र हो । तयसैगरी सबैभन्दा कम गैरकृषक परिवार रहेको बताउने वडा नम्बर ९ हो, जहाँ ४ जनाले आफू गैरकृषक परिवारको भएको बताएका छन् । यो संख्या त्यस वडाको कुल परिवार संख्या ४१६ को ०.९६ प्रतिशत मात्र हो ।

### जातीय समूह अनुसार कृषक परिवार

धेरै जना मानिसले आफनो पेशा लेख्दा वा भन्दा कृषि वा खेती उल्लेख गर्ने र आफूलाई किसानका रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेको हुन्छ । तर यथार्थमा उसले कृषि कर्म कहिल्यै नगरेको पनि हुनसक्छ ।  यस्ता मानिसहरूको संख्या हाम्रो समाजमा निक्कै पाइने गरेका छन् ।

त्यसैले यहाँ परिवारलाई जातीय समूहका आधारमा वर्गीकरण गरी त्यसभित्र कृष परिवार वा गैर कृषक परिवार भनी वर्गीकरण गर्न लागिएको छ । यसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

*तालिका नं. १९*

*जातीय समूह अनुसार कृषक परिवार संख्याको विवरण ।*

| सि.नं. | जातजातिहरूको समुह | कृषक परिवार | | जम्मा | कृषक प्रतिशत |
|---|---|---|---|---|---|
| | | हो | होईन | | |
| १ | **बाहुन क्षेत्री पहाड** | १५३३ | ७७ | १६१० | ९५.२२ |
| २ | **जनजाति पहाड** | १९५९ | ८१ | २०४० | ९६.०३ |
| ३ | **अन्य जातजाति** | ० | २ | २ | ०.०० |
| ४ | **दलित पहाड** | २८१ | १९ | ३०० | ९३.६७ |
| **जम्मा** | | ३७७३ | १७९ | ३९५२ | ९५.४७ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकाले धर्मदेवी नगरपालिकामा रहेका ३७७३ परिवार कृषकलाई जातीय आधारमा विश्लेषण गरिएको छ । जातीय समुदायको आधारमा यसरी हेर्दा कृषि पेशमा रहेकाहरू मध्ये ९५.२२ प्रतिशत (१५३३) परिवार बाहुन क्षेत्री समुदायका रहेका छन् । त्यसैगरी ९६.०३ प्रतिशत (१९५९) कषक परिवार जनजाति समुदायको रहेका छन् । दलित समुदायका कृषकहरू ९३.४७ प्रतिशत (२८१) परिवार कृषिमा आधारित छन् ।

धर्मदेवी नगरपालिकामा रहेका अन्य जातिका शतप्रतिशत मानिसहरू गैर कृषि पेशामा आश्रित छन् । दलित र बाहुन क्षेत्री समुदायका मानिसहरूको परम्परागत पेशा पनि छ, जुन गैरकृषि नै हो । त्यसैले दलित र बाहुन क्षेत्री समुदायका मानिसहरूले परम्परागत पेशामा संलग्न भएको कारणले जनजाति समुदायको कृषक पेशा अपनाउने प्रतिशत तुलनात्मक रूपमा बढी देखिएको हुनसक्छ ।

**कृषि उव्जनीबाट खान पुग्ने समय**

वर्षभरि खेती वा अन्य पेशा गरिन्छ । त्यो मूलत परिवारको खाना, नाना र छानाका लागि नै

हो । तर वर्षभरि काम वा अनेक दु:ख कष्ट गरे पनि सबै परिवारले त्यसबाट आएका आमदानीबाट वर्षभरि खान पाउने अवस्था देखिदैन । त्यसैले यहाँ तीन महिना, छ महिना,नौ महिना र वर्षभरि खान पुग्ने परिवारका रुपमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

*तालिका नं. २०*

*वडा अनुसार कृषक परिवारलाई कृषि उव्जनीवाट खान पुग्ने समय ।*

| वडा नं. | कृषि उत्पादनवाट खान पुग्ने समय | | | | जम्मा |
|---|---|---|---|---|---|
| | तीन महिना सम्म | छ महिना सम्म | नौ महिना सम्म | वर्ष भरि | |
| १ | ३२१ | १९४ | ३७ | ८ | ५६० |
| २ | २३० | ११५ | १९ | १९ | ३८३ |
| ३ | २८१ | २६० | ३१ | ६८ | ६४० |
| ४ | १७६ | ११९ | २० | ७८ | ३९३ |
| ५ | २३४ | १४२ | १९ | ५६ | ४५१ |
| ६ | १४४ | १६२ | ५७ | ३९ | ४०२ |
| ७ | ८४ | १५९ | ३८ | ४३ | ३२४ |
| ८ | ११९ | ९३ | ६५ | १०६ | ३८३ |
| ९ | १४९ | १२५ | ६१ | ८१ | ४१६ |
| **जम्मा** | १७३८ | १३६९ | ३४७ | ४९८ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकाले आधारमा धर्मदेवी नगरपालिकामा रहेका ३९५२ परिवारमध्ये ४९८ परिवारले मात्र वर्षभरि खान पुग्ने बताएका छन् । जुन कुल घर परिवारको १२.६ प्रतिशत मात्र हो । बाँकी ८७.४ प्रतिशत घर परिवारले वर्षभरि खान नपुग्ने बताएका छन् । तीमध्ये १७३८ परिवारले कृषि उपजबाट तीन महिना मात्र खान पुगेको बताएका छन् । यो कुल परिवार संख्याको ४३.९८ प्रतिशत हो ।

त्यसैगरी छ महिना खान पुग्ने बताउनेको परिवार संख्या १३६९ र नौ महिना खान पुग्ने बताउने परिवार संख्या ३४७ रहेको छ । यो कुल परिवार संख्याको आधारमा क्रमशः ३४.६४ प्रतिशत र ८.७८ प्रतिशत हुन आउँछ । कृषिमा आधारित अर्थतन्त्र भने पनि वास्तवमा वर्षभरि काम गर्ने तर आधा पेट मात्र माम खाने अवस्था धेरैजसोको रहेको छ । यो वास्तविकतालाई मनन गरेर धर्मदेवी नगरपालिकाले योजनाबद्ध रूपमा आयआर्जनका लागि रोजगारी तथा स्वरोजगारी कार्यक्रम अगाडि सार्नुपर्ने आवश्यकता रहेको छ ।

## विभिन्न साधन सुविधा उपयोग गर्ने घर परिवार

मानिसहरूलाई दैनिक जीवन यापनका क्रममा विभिन्न प्रकारका साधन तथा उपकरणको आवश्यकता महसुस हुन्छ । यस्ता साधनले मानिसको दैनिकीलाई सहज बनाउँछन् । त्यसैले यस्ता साधनको उपयोग गर्ने सम्बन्धमा एक किसिमको प्रतिश्पर्धा जस्तो देखिएको छ । अचेत यस्ता साधन प्रयोग गर्ने अवस्थालाई सोख र सम्पन्नताको सूचकका रूपमा पनि लिन थालिएको छ ।

धर्मदेवी नगरपालिकाका बासिन्दाले के कस्ता सञ्चार उपकरण, विद्युतीय वा सवारी साधन उपयोग गरिरहेका छन् भन्ने कुरा तलको तालिकामा उल्लेख गरिएको छ । यहाँ घरपरिवारको आधारमा नै विश्लेषण गरिएको छ ।

*तालिका नं. २१*

*विभिन्न साधन सुविधा उपयोग गर्ने घर परिवारको विवरण ।*

| सि.नं. | सुविधाको साधान | भएको घरपरिवार संख्या | नभएको घरपरिवार संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | रेडियो | १६९२ | २२६० | ३९५२ |
| २ | टेलिभिजन | २०६४ | १८८८ | ३९५२ |
| ३ | टेलिफोन/मोबाइल | ३७४२ | २१० | ३९५२ |
| ४ | इन्टरनेट | ८१ | ३८७१ | ३९५२ |
| ६ | मोटरसाइकल | १८६ | ३७६६ | ३९५२ |
| ७ | मोटर | ४३ | ३९०९ | ३९५२ |
| ८ | फ्रिज | ५५ | ३८९७ | ३९५२ |
| ९ | कम्प्यूटर | २२८ | ३७२४ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका बासिन्दाले प्रयोग गरिरहेका साधनहरूलाई ९ वर्गमा बर्गीकरण गरी अध्ययन गरिएको छ । यी ९ किसिमका साधनहरूमा रेडियो, टेलिभिजन, टेलिफोन, मोबाइल, मोटर साइकल, मोटर, फ्रीज, इन्टरनेट र कम्प्युटर रहेका छन् । यी साधनहरूमध्ये सबैभन्दा बढी मोबाइल प्रयोगकर्ता छन् । यस नगरपालिकाका ३७४२ घरपरिवारले मोबाइल प्रयोग गर्दछन् जुन कुल घरसंख्याको ९४.६९ प्रतिशत हो । यसबाट के बुझिन्छ भने यहाँका जनताको मुख्य रूचिको साधन मोबाइल बनेको छ । सवारी साधनको प्रयोग हुने साधनहरूमा मोटर

साइकल रहेको छ, यहाँका १८६ घरपरिवारमा मोटरसाइकल छ भने ४३ घरमा मोटरगाडी छ । जुन कुल घरपरिवार संख्याको क्रमशः ४.७ र १.०९ प्रतिशत हुन आउँछ ।

सूचना र मनोरञ्जनका लागि रेडियो र टेलिभिन प्रयोगकर्ताहरू यहाँ उल्लेख्य छन् । यिनीहरूको संख्या क्रमशः १६९२ र २०६४ घरपरिवार रहेको छ । जुन कुल घर परिवार संख्याको क्रमशः ४२.८१ प्रतिशत र ५२.२३ प्रतिशत हुन आउँछ । यसबाट के देखिन्छ भने धर्मदेवी नगरपालिका क्षेत्रमा टेलिभिजन हेर्नेहरूको संख्या रेडियो सुन्ने घरको संख्या भन्दा बढी रहेको छ । यसबाट अनुमान लगाउन सकिन्छ कि यहाँ केबल टेलिभिजनसँगै DTH प्रविधि पनि उत्तिकै प्रचलनमा छ । धर्मदेवी नगरपालिकामा घरायसी सामग्री फ्रीज, आधुनिक प्रविधिको उपकरण कम्प्युटर प्रयोगकर्ता बढिरहेका छन् । त्यसैगरी आधुनिक सूचना प्रविधिको रूपमा चिनिने इन्टरनेटको प्रयोग पनि हुने गरेको देखिएको छ । यसका प्रयोगकर्ताहरू बढ्दो क्रममा रहेको अनुमान गर्न सकिन्छ ।

### परिवारको बैंक खाता सम्वन्धी विवरण

बैंक मानिसको दैनिक जीवन यापनका सहज बनाउने एक साधन हो । यसले मानिसलाई बचत गर्न, बचत भएको रकम बैंकमा निक्षेपका रूपमा जम्मा गर्न सिकाउँछ । त्यसैगरी आवश्यकता परेको बेला मानिसहरूले गाउँघरको भन्दा सस्तो व्याजदरमा ऋण लिन पाउँछन् । त्यसैले बैंक तथा वित्तीय संस्थाको उपस्थितिले मानिसको जीवनमा समृद्धि ल्याउन मद्दत गर्दछ भनिन्छ । किनकि बैंकको पहुँचसँगै स्थानीय जनजीवनमा आर्थिक क्रियाकलाप वृद्धि हुन्छ । त्यसले विस्तारै जीवस्तरलाई सुधार्दै समृद्धितर्फ अगाडि बढ्न मानिसलाई प्रेरित गर्छ ।

तलको तालिकामा धर्मदेवी नगरपालिकाका मानिसहरूको बैंकिङ बानीका बारेमा उल्लेख गरिएको छ । यहाँ पनि घरपरिवारलाई नै आधार मानेर विश्लेषण गरिएको छ ।

*तालिका नं. २२*
*वडा तथा परिवारको बैंक खाता सम्वन्धी विवरण ।*

| वडा नं. | बैंक खाता | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | १३० | ४३० | ५६० |
| २ | १९९ | १८४ | ३८३ |
| ३ | ११६ | ५२४ | ६४० |
| ४ | १०१ | २९२ | ३९३ |
| ५ | ८१ | ३७० | ४५१ |
| ६ | ७५ | ३२७ | ४०२ |
| ७ | १३७ | १८७ | ३२४ |
| ८ | ६० | ३२३ | ३८३ |
| ९ | ८० | ३३६ | ४१६ |
| **जम्मा** | ९७९ | २९७३ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

बैंङ्किङ बानीको अध्ययन गर्दा धर्मदेवी नगरपालिकाका बासिन्दाहरू मध्ये ९७९ परिवारको बैंकमा खाता रहेको छ । कुल परिवार संख्याको आधारमा भन्दा यो २४.७७ प्रतिशत हो । यसको आधारमा ७५.२३ प्रतिशत परिवार अझैं बैंकको पहुँचमा पुगेको छैनन् । वडा नम्बरको आधारमा हेर्दा पनि सबै वडाका मानिसले खाता खोलेको देखिन्छ । त्यसैले बैंकबाट पाउने सुविधा सबै वडाका मानिसले उपभोग गरिरहेका होलान् भनी अनुमान गरिएको छ । यहाँ केवल खाता खोलेको कुरालाई आधार मानेर विश्लेषण गरिएको हो । स्थानीयले बैंकबाट के कस्ता सुविधा उपभोग गरिरहेका छन् भन्ने कुरामा ध्यान दिइएको छैन ।

## आम्दानीको समूह अनुसार घरपरिवारको विवरण

धर्मदेवी नगरपालिकाका बासिन्दाको पारिवारिक आम्दानी के कति रहेको छ भन्ने कुरा तलको तालिकाले प्रष्ट पार्दछ । यहाँ अध्ययनको सहजताको निम्ति पारिवारिक आम्दानीलाई चार समूहमा वर्गीकरण गरेर प्रस्तुत गरिएको छ । त्यसैगरी आम्दानीको श्रेणीलाई वडागत आधारमा पनि वितरण गरी तालिकामा देखाइएको छ । यसबाट वडागत आधारमा वा आम्दानीको श्रेणीको आधारमा दुवै किसिमले बुझ्न सजिलो हुने अपेक्षा गरिएको छ ।

*तालिका नं. २३*

*आम्दानीको समूह अनुसार घरपरिवारको विवरण ।*

| | आम्दानी समूह | | | | |
|---|---|---|---|---|---|
| **वडा नं** | **५०००० भन्दा कम** | **५०००० देखि १००००० सम्म** | **१००००० देखि २००००० सम्म** | **२००००० भन्दा माथि** | **जम्मा** |
| १ | १८८ | १२८ | १६७ | ७७ | ५६० |
| २ | २४५ | ९१ | २८ | १९ | ३८३ |
| ३ | २८६ | १९८ | १०८ | ४८ | ६४० |
| ४ | १५७ | १६७ | ४४ | २५ | ३९३ |
| ५ | ११२ | १४५ | १२८ | ६६ | ४५१ |
| ६ | २४४ | ९६ | ४३ | १९ | ४०२ |
| ७ | १७५ | ८६ | ४१ | २२ | ३२४ |
| ८ | १०३ | ८५ | ८३ | ११२ | ३८३ |
| ९ | १३९ | ६७ | ६० | १५० | ४१६ |
| **जम्मा** | १६४९ | १०६३ | ७०२ | ५३८ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकाले आधारमा धर्मदेवी नगरपालिकामा रहेका ३९५२ परिवारमध्ये ५३८ परिवारले वर्षभरिमा रू. २ लाखभन्दा बढी आम्दानी हुने बताएका छन् । यो कुल घर परिवारको १३.६१ प्रतिशत मात्र हो । त्यसैगरी ७०२ जनाले वर्षमा एकलाख देखि दुई लाको बीचमा वार्षिक आम्दानी हुने बताएका छन् । यो संख्या कुल घरसंख्याको १७.७६ प्रतिशत घर परिवार हो ।
तीमध्ये १०६३ परिवारले वाािर्षक ५० हजार रुपैयाँदेखि एक लाख रूपैयाँसम्म आम्दानी हुने बताएका छन् । यो कुल घर परिवार संख्याको २६.९ प्रतिशत हो । त्यसैगरी वर्षभरिमा रू.५० हजारभन्दा कम आम्दानी हुने भनी बताउने परिवार संख्या यो कुल घर परिवार संख्याको ४१.७३ प्रतिशत हो । यो वास्तविकतालाई मनन गरेर धर्मदेवी नगरपालिकाले योजनाबद्ध रूपमा आयआर्जनका लागि बैकल्पिक बाटो खोजन जरूरी छ । कम आम्दानी भएका वर्गलाई लक्षित गरेर रोजगारी तथा स्वरोजगारी कार्यक्रम अगाडि सार्नुपर्ने आवश्यकता छ ।

**खर्चको समूहका आधारमा घरपरिवारको विवरण**

धर्मदेवी नगरपालिकाका बासिन्दाको वार्षिक पारिवारिक खर्च के कति रहेको छ भन्ने कुरा तलको तालिकाले प्रष्ट पार्दछ । यहाँ अध्ययनको सहजताको निम्ति पारिवारिक खर्चलाई चार समूहमा वर्गीकरण गरेर प्रस्तुत गरिएको छ । त्यसैगरी खर्चकको श्रेणीलाई वडागत आधारमा पनि वितरण गरी तालिकामा देखाइएको छ । यसबाट वडागत आधारमा वा खर्चको श्रेणीको आधारमा यहाँका बासिन्दाको खर्च गर्ने क्षमता बुझ्न सजिलो हुने अपेक्षा गरिएको छ ।

*तालिका नं. २४*

*खर्चको समूह अनुसार घरपरिवारको वडागत विवरण ।*

| वडा नं | खर्च समूह | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ५0000भन्दा कम | ५00000 देखि १00000 सम्म | १00000 देखि २00000 सम्म | २00000 भन्दा माथि | |
| १ | १४८ | २८७ | १०० | २५ | ५६० |
| २ | १७६ | १४४ | ३२ | ३१ | ३८३ |
| ३ | २९४ | २२३ | ९० | ३३ | ६४० |
| ४ | १८० | १६३ | ३४ | १६ | ३९३ |
| ५ | ८७ | २१८ | १०४ | ४२ | ४५१ |
| ६ | १८१ | १७१ | ४१ | ९ | ४०२ |
| ७ | १७५ | ९० | ३८ | २१ | ३२४ |
| ८ | ५३ | १४४ | ७८ | १०८ | ३८३ |
| ९ | १३१ | ८७ | ७४ | १२४ | ४१६ |
| **जम्मा** | १४२५ | १५२७ | ५९१ | ४०९ | ३९५२ |


*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकाले आधारमा धर्मदेवी नगरपालिकामा रहेका ३९५२ परिवारमध्ये ४०९ परिवारले वर्षभरिमा रू. २ लाखभन्दा बढी खर्च गरेको बताएका छन् । यो परिवार संख्या कुल घर परिवार संख्याको १०.३५ प्रतिशत हो । त्यसैगरी ५९१ जनाले वर्षमा एक लाखदेखि दुई लाखको बीचमा वार्षिक खर्च हुने बताएका छन् । यो संख्या कुल घरसंख्याको १४.९५ प्रतिशत हो ।

धर्मदेवी नगरपालिकाका बासिन्दामध्ये १५२७ परिवारले वाार्षिक ५० हजार रुपैयाँदेखि एक लाख रूपैयाँसम्म खर्च गरिरहेको बताएका छन् । यो कुल घर परिवार संख्याको ३८.६४ प्रतिशत हो । त्यसैगरी वर्षभरिमा रू.५० हजारभन्दा कम खर्च गर्ने गरेको बताउने परिवार संख्या १४२५ रहेको छ । यो कुल घर परिवार संख्याको ३६.०६ प्रतिशत हो ।

वार्षिक एक लाख भन्दा कम खर्च गरेर परिवारको जीविका चलाइरहेको परिवार धर्मदेवीमा २९५२ रहेका छन् । यो कुल घरपरिवार स.ख्याको ७४.७ प्रतिशत हो । पहाडी ग्रामीण जीवन भएकाले केही सहज भएको हुनसक्छ तर वार्षिक एक लाख रुपैयाँभन्दा कम खर्च गरेर परिवार पाल्नु निक्कै कठिन काम हो ।

माथिको आम्दानी र खर्चको अवस्थालाई तलको वृत्तचित्रमा तुलना गरेर प्रस्तुत गरिएको छ ।




प्रति परिवार औसत आम्दानी र खर्च

धर्मदेवी नगरपालिकाका बासिन्दाको वार्षिक पारिवारिक आम्दानी र खर्चको अवस्था के रहेको छ भन्ने कुरा तलको तालिकाले प्रष्ट पार्दछ । यहाँ अध्ययनको सहजताको निम्ति पारिवारिक खर्च र आम्दानी वडागत आधारमा प्रस्तुत गरिएको छ । त्यसले गर्दा पारिवारिक औसत आम्दानीबाट औसत खर्चको तुलना गरी औसत बचत निकाल्न सजिलो हुने अपेक्षा गरिएको छ ।

*तालिका नं. २५*

*प्रति परिवार औसत आम्दानी तथा खर्च सम्वन्धी विवरण ।*

| वडा न. | औसत आम्दानी रु. | औसत खर्च रु. | घरपरिवार संख्या |
|---|---|---|---|
| १ | १२९५४३ | ९३५७५ | ५६० |
| २ | ७६७४२ | ९९२६७ | ३८३ |
| ३ | १००६६९ | ८७९८३ | ६४० |
| ४ | १०५१७८ | ९०८२७ | ३९३ |
| ५ | १५५५८८ | १३१७८० | ४५१ |
| ६ | ७९२९१ | ७९८४१ | ४०२ |
| ७ | ९२५२२ | ८२२१० | ३२४ |
| ८ | १८०२३६ | १७११६१४ | ३८३ |
| ९ | २०९११३ | १७५४११ | ४१६ |
| **जम्मा** | १२५४२७ | १११११५६ | ३९५२ |


*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकाले आधारमा धर्मदेवी नगरपालिकाका ३९५२ परिवारले सरदर १२५४२७ रुपैयाँ आम्दानी गर्दछ भने रु. १११११५६ खर्च गर्दछ । जसले गर्दा वार्षिक सरदर रू. १४२७१ बचत गर्ने देखिन्छ । औसत आम्दानीको आधारमा वडा नम्बर ९,८ र १ मा तुलनात्मक रूपमा धेरै रहेको पाइएको छ ।

खर्चको हिसाबले वडा नम्बर ९,८ र ५ बढी खर्चालु देखिएका छन् । बचतको हिसाबले हेर्दा वडा नम्बर ९का बासिन्दाको औसत बचत ३३७०२ रुपैयाँ रहेको छ । त्यसैगरी वडा नम्बर ८को औसत बचत रु. ४८२५ मात्र छ । त्यसैगरी वडा नम्बर ५को वार्षिक औसत बचत २३८०८ रुपैयाँ रहेको छ भने वडा नम्बर १को औसत बचत रु. ३५९६८ रहेको छ । यो धर्मदेवी नगरपालिकाको सबै वडाको औसतमा सबैभन्दा बढी हो ।

माथिको तालिकाको विश्लेषणबाट के निष्कर्ष निकाल्न सकिन्छ भने पारिवारिक आम्दानी बढाउने उपाय खोजी गर्नुपर्दछ । यसो गर्न नसके वार्षिक औसत खर्च घटाएर पनि बचतलाई बढाउन सकिने संभावना रहन्छ भन्ने कुरा बुझाउन जनचेतना जगाउन जरुरी छ ।

यसैलाई तलको रेखाचित्रमा पनि देखाइएको छ ।




## जातीय समूहका आधारमा आम्दानी समूह

धर्मदेवी नगरपालिकाका बासिन्दाको जातीय समुदायको आधारमा वार्षिक पारिवारिक आम्दानी र खर्चको अवस्था तलको तालिकाले प्रष्ट पार्दछ । यहाँ अध्ययनको सहजताको निम्ति पारिवारिक खर्च र आम्दानी जातीय समायको आधारमा प्रस्तुत गरिएको छ । त्यसले गर्दा परिवारिक औसत आम्दानीलाई जातीय दृष्टिकोणबाट विश्लेषण गर्न सजिलो हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

*तालिका नं. २६*

*जातीय समूह तथा आम्दानी समूह अनुसारको घरपरिवारको विवरण ।*

| जातीय समूह | आम्दानी समुह | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ५०००० भन्दा कम | ५०००० देखि १००००० सम्म | १००००० देखि २००००० सम्म | २००००० भन्दा माथि | |
| बाहुन क्षेत्री पहाड | ५८७ | ४८४ | २८७ | २५२ | १६१० |
| जनजाति पहाड | ९०९ | ५१५ | ३६७ | २४९ | २०४० |
| अन्य जातजाति | ० | १ | १ | ० | २ |
| दलित पहाड | १५३ | ६३ | ४८ | ३६ | ३०० |
| जम्मा | १६४९ | १०६३ | ७०३ | ५३७ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधुरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका ३९५२ परिवार मध्ये वार्षिक सरदर ५० हजार रुपैयाँ भन्दा कम आम्दानी गर्ने १६४९ परिवार रहेका छन् । यी घर परिवारमध्ये जनजाति ९०९ परिवार छन् जुन जातीय आधारमा बाहुन क्षेत्री र दलित भन्दा बढी बढी हो । किनकि यो आम्दानी समूहका कुल घरसंख्याको ५५.१२ प्रतिशत हो । जबकि बाहुन क्षेत्री समुदायको ५८७ परिवार यो समूहमा रहेको छ । जुन ३५.६ प्रतिशत हो ।

दलित समुदायको परिवारको हिस्सा ९.२८ प्रतिशत रहेको छ । एवम् रितले चारवटै आम्दानी समूहमा जनजाति समूह बढी, त्यसपछि बाहुन क्षेत्री समुदाय  र तेस्रोमा दलित समूहदायको उपस्थिति रहेको पाइएको छ ।

### जातीय समूह आधारमा खर्च समूहको विवरण

धर्मदेवी नगरपालिकाका बासिन्दाको जातीय समुदायको आधारमा वार्षिक पारिवारिक खर्चको अवस्था तलको तालिकाले प्रष्ट पार्दछ । यहाँ अध्ययनको सहजताको निम्ति पारिवारिक खर्च जातीय समुदायको आधारमा प्रस्तुत गरिएको छ । त्यसले गर्दा परिवारिक औसत खर्चलाई जातीय दृष्टिकोणबाट विश्लेषण गर्न सजिलो हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

*तालिका नं. २७*

*जातीय समूह तथा खर्च समूह अनुसारको घरपरिवारको विवरण ।*

| जातीय समूह | खर्च समूह | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ५0000 भन्दा कम | ५00000 देखि १00000 सम्म | १00000 देखि २00000 सम्म | २00000 भन्दा माथि | |
| **बाहुन क्षेत्री पहाड** | ५४० | ६२४ | २७१ | १७५ | १६१० |
| **जनजाति पहाड** | ७५५ | ८०४ | २८४ | १९७ | २०४० |
| **अन्य जातजाति** | ० | २ | ० | ० | २ |
| **दलित पहाड** | १३० | ९७ | ३६ | ३७ | ३०० |
| **जम्मा** | १४२५ | १५२७ | ५९१ | ४०९ | ३९५२ |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

धर्मदेवी नगरपालिकाका ३९५२ परिवार मध्ये वार्षिक सरदर ५० हजार रुपैयाँ भन्दा कम खर्च गर्ने १४२५ परिवार रहेका छन् । यी घर परिवारमध्ये जनजाति ७५५ परिवार छन् छनु भने बाहुन क्षेत्री ५४० परिवार र दलित १३० परिवार रहेका छन् ।

जुन जातीय आधारमा जनजाति ५२.९८ प्रतिशत, बाहुन क्षेत्री परिवार ३७.८९ प्रतिशत र दलित समुदाय ९.१२ प्रतिशत रहेको छ । किनकि करिब यस्तै अवस्था अन्य खर्च समूहमा पनि हरेको छ । अर्थात चारवटै खर्च समूहमा जनजाति समूह बढी, त्यसपछि बाहुन क्षेत्री समुदाय र तेस्रोमा दलित समूहदायको उपस्थिति रहेको पाइएको छ ।

**खण्ड पाँच**

# बालमैत्री स्थानीय शासन र बाल अधिकार

बालबालिकाको अधिकारलाई छोटकरीमा बालअधिकार भनिन्छ । बाल अधिकार प्रदान गर्ने र गराृने मुख्य दायित्व राज्यको हो । राज्यका प्रतिनिधिले नै अन्तराष्ट्रिय मञ्चमा उभिएर बालबालिकाका अधिकार दिने प्रतिबद्धता गरेको हुन्छ । त्यसैले राज्य आफैंले वा उसको पहलमा सरकारी वा गैरसरकारी वा सामाजिक संघसंस्था र परिवारले समेत बालअधिकार बहालीका लागि जिम्मेवार भई काम गर्नुपर्दछ । नगरे उनीहरूलाई जिम्मेवार बनाउने काम पनि राज्य वा सरकारको नै हो ।

स्थानीय तह स्थानीय सरकार हो । नगरपालिकाले आफनो क्षेत्रभित्रका बालबालिकाका लागि गर्नुपर्ने सबै कामको जिम्मेवारी लिनुपर्दछ । उसले गर्नुपर्ने काम र कार्यविधि नेपाल सरकारबाट जारी बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा उल्लेख छ । त्यस कार्यविधिले सरकारले बालबालिकाका लागि अनुकूल हुने संसर बनाउनका लागि आफनो तहमा काम गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । नगरपालिका तल्लो तहको सरकार नै हो । उसले पनि आफनो तहमा बालबालिकाको हित अनुकूल संरचना बनाउने, नीति बनाई लागू गर्ने र त्यस्ता कार्यको अनुगमन गर्ने हैसियत राख्दछ । त्यसै कारण विगत देखि नै तत्कालीन नगर विकास समिति र नगरपालिकाहरूले बालमैत्री स्थानीय सरकारको अवधारणा लिएर काम गरिहेका छन् ।

बालबालिका भनेका जन्मेदेखि १८ वर्ष नपुगेका मानवहरू हुन् । सुरक्षित रुपमा जन्मिन पाउनु, आवश्यक खोप तथा औषधी उपचार पाउनु, हेरचाह तथा स्याहार पाउनु उनीहरूको अधिकार हो । त्यस्तै खान, बस्न, लाउन पाउनु, उमेर र अवस्थाका आधारमा उपयुक्त शिक्षा पाउनु, खेल तथा मनोरञ्जन पाउनु, उपयुक्त पारिवारिक तथा सामाजिक वातावरण पाउनु पनि बालअधिकार नै हो । साथै, कुटपिट, हेला, हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउनु, मनमा लागेको कुरा भन्न पाउनु, स्याबासी र हौसला पाउनु आदिजस्ता कुराहरू पनि बालबालिकाका लागि आवश्यक छन् ।

बालबालिकालाई अति आवश्यक पर्ने यी अधिकारहरूलाई नै बालअधिकार भनिन्छ । बालअधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेज बालअधिकार सम्बन्धी महासन्धि १९८९ हो । यस महासन्धिलाई संयुक्त राष्ट्र संघले मान्यता दिएको छ । यस महसन्धिले १८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानेको छ । उनीहरूले पाउनुपर्ने अधिकारलाई बालअधिकार भनेको छ । यस महासन्धिका ५४ वटा धारा छन् । यी धाराहरूमा जति पनि अधिकारहरू व्यवस्था गरिएका छन् तिनिहरूलाई  मुख्य गरी चार भागमा बाँढेर अध्ययन गरेको पाइन्छ । एकअर्काको पूरकका रूपमा रहेका यी चारवटै भागहरूलाई चार बाकस वा चार स्तम्भ पनि भन्ने गरिन्छ ।

### १.बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनु र सुरक्षित जन्मिनु उसको अधिकार हो । जन्मिएपछि आवश्यक स्वस्थकर खाना, उचित स्याहार, बास, स्वास्थ्य उपचार र न्यानो कपडा लगायतका एउटा बालक बाँच्नका लागि नभई नहुने अधिकारहरू नै यससँग सम्बन्धित अधिकारहरू हुन् ।

### २. विकासको अवसर पाउने अधिकार

बालबालिकाहरू बाँचेर मात्र पुग्दैन । उनीहरूको चौतर्फी विकास हुनुपर्दछ । बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासको लागि चाहिने सम्पूर्ण आवश्यकताहरूलाई नै बालविकासको अधिकार भनिन्छ । जस्तै : शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहार सम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, पर्याप्त स्वास्थ्य सेवा आदि ।

### ३. संरक्षण पाउने अधिकार

हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार, यातना, कुटपिट, अपहरण, हिंसा र अवहेलनाबाट बालबालिकाको संरक्षण हुनुपर्दछ । प्रत्येक बालबालिकाले नाम पाउनुपर्छ र जन्मदर्ताको अधिकार पाउनुपर्छ । बेचबिखनबाट संरक्षण, अपहरणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट संरक्षण, जोखिमपूर्ण श्रम, श्रमशोषणबाट संरक्षण पाउनुका साथै अपाङ्गता भएका, अनाथ बालबालिकाको विशेष संरक्षण, यौनशोषणबाट संरक्षण, लागू पदार्थ दुर्व्यसन तथा ओसार पसारमा प्रयोग हुनबाट संरक्षण पाउने जस्ता महत्वपूर्ण अधिकारहरू यस अन्तर्गत पर्दछन् ।

### ४. सहभागी हुन पाउने अधिकार

बालबालिकाको सर्वोत्तम हितका विषयहरूमा बालबालिकाले आफ्नो धारणा राख्न पाउनु, आफूसँग सरोकार राख्ने विषयमा निर्णय गर्ने अवसर पाउनु, भेला हुन पाउनु, एकजुट हुन पाउनु, उपस्थित हुन पाउनु, बालक्लबहरू खोल्न पाउनु तथा बलाक्लबका गतिविधिहरूमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन र प्रतिभा प्रस्तुत गर्न पाउनु नै बालबालिकाको सहभागी हुन पाउने अधिकार हो । त्यस्तै अरुले आयोजना गरेको बाल कार्यक्रमहरूमा सहभागी हुन पाउनु, बाल हकहितका नीति निर्णयमा सहभागी हुन पाउनु, प्रशंसा, स्याबासी र हौसला पाउनु साथै विचार र भावनाको कदर हुने वातावरण पाउनु जस्ता आधारभूत अधिकारहरू यस अन्तरगत पर्दछन् ।
बालअधिकारका यी चारैवटा भागहरू एक अर्काका पूरक हुन् ।

### बालअधिकारका सिद्धान्तहरू

बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कार्यहरू बालबालिकाको हितमा छन् भनी मापन गर्न बालअधिकार महासन्धिले चारओटा सिद्धान्तहरूलाई अँगालेको छ । यी सिद्धान्तहरूले परिवार, समाज र राज्यबाट भए गरेका कार्यहरू बालअधिकारका पक्षमा छन् वा छैनन् भनी जाँच्नका लागि आधारभूत मापदण्डको काम गर्छन् । बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कामहरू बालअधिकारको यी चार सिद्धान्त विपरीत हुनुहुँदैन भनेर यसले मार्गदर्शन पनि गर्दछ ।

बालअधिकारका चार सिद्धान्तहरू यसप्रकार छन् :

क. विभेद रहित

ख. बालबालिकाको सर्वोत्तम हित

ग. दीर्घजीवन र विकास

घ. बालबालिकाको विचार तथा भावनाको कदर

### धर्मदेवीको बालबालिकाको जनसङ्ख्या

शून्यदेखि १८ वर्ष उमेर समूहका मानिसलाई बालबालिका भनिन्छ, भन्ने परिभाषा अन्तराष्ट्रिय बाल अधिकार महासन्धि १९८९ मा गरिएको छ । नेपालको कानुनले शून्य देखि १६ वर्षसम्मका मानिसलाई बालबालिका भन्नुपर्दछ भनी परिभाषित गरे पनि व्यवहारमा र सामाजिक संघसंस्थाले महासन्धिको परिभाषालाई आत्मसात गरेर काम गरेको देखिन्छ । त्यसैले यहाँ शून्यदेखि १८ वर्ष उमेर समूहका मानिसलाई बालबालिका भनी विश्लेषण गरिएको छ ।

तालिका १

बालबालिकाको जनसंख्या

| उमेर | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | बालक | बालिका | |
| ३ वर्ष भन्दा कम | ५१९ | ४९८ | १०१७ |
| ४ | १८६ | १६२ | ३४८ |
| ५ | १९१ | १५६ | ३४७ |
| ६ | १७० | १५३ | ३२३ |
| ७ | १५७ | १८० | ३३७ |
| ८ | १६३ | १५८ | ३२१ |
| ९ | १५९ | १५० | ३०९ |
| १० | २१७ | १९८ | ४१५ |
| ११ | १८५ | १७८ | ३६३ |
| १२ | २१६ | १९२ | ४०८ |
| १३ | २४८ | २८१ | ५२९ |
| १४ | २५५ | २४२ | ४९७ |
| १५ | २३० | २१० | ४४० |
| १६ | २२५ | २०६ | ४३१ |
| १७ | २१६ | २०० | ४१६ |
| १८ | २३२ | २४८ | ४८० |
| **जम्मा** | **३५६९** | **३४१२** | **६९८१** |

*स्रोत : धर्मदेवी नगरपालिका घरधूरी सर्वेक्षण -२०७५ ।*

माथिको तालिकामा उमेरको आधारमा बालबालिकाको जनसाँख्यिक विवरण देखाइएको छ । ती विवरण आफैंमा महत्वपूर्ण छन् । त्यसमा बालबालिकाको सङ्ख्या ६९८१ रहेको छ । त्यस आधारमा हेर्दा धर्मदेवी नगरपालिकामा ० देखि १८ वर्ष उमेर समूहका बालक ३५६९ र बालिका ३४१२ रहेका छन् । बाल अधिकारको कुरा गर्दा वा बालबालिकाको हितको निम्ति गरिने कार्यक्रमको लक्षित वर्ग ६९८१ अर्थात कुल जनसङ्ख्या १९८५९ को ३५.१५ प्रतिशत रहेको प्रष्ट हुन आउँछ । लैङ्गिक आधारमा विश्लेषण गर्दा धर्मदेवी नगरपालिकामा बालकको संख्या बालिकाको तुलनामा बढी रहेको पाइएको छ ।

**बाल अधिकारको अवस्था**

धर्मदेवी नगरपालिकामा ० देखि १८ वर्ष उमेर समूहका बालिकाको संख्या कुल जनसङ्ख्याको ४२.६३ प्रतिशत रहेको छ । आजका बालबालिका नै मुलकको भविष्यका नेतृत्वकर्ता नायकनायिका हुन् । त्यसैले आजको सरकारी अंगले गर्ने काम बालमैत्री स्थानीय शासनको अवधारणामा आधारित हुनपर्दछ भन्ने विश्वव्यापी मान्यता रही आएको  छ । बालमैत्री स्थानीय शासन भन्नु नै बाल अधिकारमा आधारित शासन प्रशासन भन्ने बुझिन्छ ।

बाल अधिकारका माथि उल्लेखित चार वटा भाग वा चार बाकस बालबालिकाका अधिकारका विषयहरू हुन् । ती अधिकारहरू परिवार, समाज र राज्यले परिपूर्ति गरिदिनु पर्दछ । अर्थात, ती अधिकारहरू पूरा गरिदिने दायित्व अभिभावक, समाज र राज्यको हो । त्यसैले यहाँ बाल अधिकारको अवस्था अध्ययन गर्दा मूलत शिक्षा, स्वास्थ्य, खेलुकदको अवस्थालाई विश्लेषण गर्नुपर्ने हुन्छ । उनीहरूको सहभागिताको अधिकारहरूका लागि बालक्लबहरूको गठन, सञ्चालन र बालक्लबका प्रतिनिधिहरूलाई बालबालिकाको सरोकारका संस्था वा निकायमा प्रतिनिधित्वको अवस्थालाई विश्लेषण गर्नुपर्दछ ।

विगतमा विकास भएको चेतना र बालमैत्री अभियानमा लाग्ने सकारात्मक वातावरण धर्मदेवी नगरपालिकाको लागि सम्पति हो । यही सम्पतिलाई समेटर नगरपालिका अगाडि बढ्न सक्ने अवस्था छ । यस अभियानमा विगत वर्षहरूमा गाउँ विकास समितिहरूसँग सहकार्य गर्ने सरकारी तथा गैरसरकारी एवम् सामाजिक संघसंस्थाहरू नगरपालिकाले भविष्यमा काम गर्दाका महत्वपूर्ण साझेदार बन्न सक्ने संभावना छ ।

बाल अधिकार बहालीका सूचकहरू विभिन्न प्रकारका हुन्छन् । बालमैत्री स्थानीय शासन कार्यविधिले ३९ वटा सूचकहरू तोकेको छ । ती सूचकहरू बालमैत्री अभियानका लागि महत्वपूर्ण हुन्छन् । बालबालिकाको बाँच्न पाउने हकका लागि स्वास्थ्य सेवा तथा खोप अनि मातृशिशुको स्वास्थ्य अवस्थाको विशेष महत्व हुन्छ । विकासको अधिकार खेलकुद र शिक्षासँग सम्बन्धित हुन्छन् । त्यसैले विद्यालय तहको शिक्षा भयरहित वातावरणमा गुणस्तरीय शिक्षा पढ्न पाउने र त्योभन्दा सानो उमेर बालविकास केन्द्रमा गई पढ्न पाउने अवस्था यसका लागि महत्वपूर्ण हुन्छन् । बाल सहभागिताको अधिकारको लागि भित्तेपत्रिका प्रकाशन र बालक्लबमा आवद्ध हुन पाउने र बालक्लबको तर्फबाट विद्यालय व्यवस्थापन समिति, नगरपालिका र अन्य सरोकारवाला निकायमा बालबालिका सम्बन्धी विषयमा महत्वपूर्ण निर्णय भइरहँदा बालबालिकाको प्रतिनिधित्व हुनु बालबालिकाको अर्थपूर्ण सहभागिताको दृष्टिकोणबाट महत्वपूर्ण

हुन्छ । बाल संरक्षणको सवालमा भयरहित शिक्षा, बेचविखान, यातना, बालविवाह, लागूपदार्थ दुर्व्यसनबाट संरक्षण, अपहरण र अन्य अमानवीय व्यवहारबाट संरक्षण आदि विषयहरू पर्दछन् । त्यसैले धर्मदेवी नगरपालिकाको बालक्लबको अवस्था, बाल विकास केन्द्रको अवस्था, खोप तथा स्वास्थ्य सेवा सम्बन्धी विवरण यही अभिप्रायबाट यस पार्श्वचित्रमा समेटिएको छ ।

*बाल क्लबहरूको अवस्था*

बालक्लब बालबालिकाको आफनो संगठन हो । यसमा आवद्ध भएर विचार सुन्ने, आफनो विचार बनाउँने, विचार व्यक्त गर्ने सीप सिक्नुका साथै मानवीय जीवनका लागि आवश्यक अन्य सीपहरू पनि सिक्छन् । यही बालक्लबको माध्यमबाट संगठन सञ्चालन पद्धति, नेतृत्व सीप, लोकतान्त्रिक विधि र व्यवहार सिक्छन् । सुशासनका आधारभूत ज्ञान पनि यसबाट सिक्छन् । बालबालिकाको प्रतिनिधित्व गर्ने महत्वपूर्ण संस्था हो । कुनै ठाउँमा बालबालिकाको प्रतिनिधित्व गराउनु पर्दा त्यसको लागि आधिकारिक निकाय स्थानीय बालक्लब तथा बालक्लब सञ्जालहरू नै हुन् ।

बालबालिकालाई फुत्त बोलाएर नाम मात्रको सहभागिता गराउनेभन्दा बालक्लबहरू निर्माण तथा सञ्चालनमा नगरपालिकाले योगदान गर्नुका साथै बालबालिकाको सहभागिता गराउँनु पर्दा बालक्लब वा बालसञ्जाललाई पत्र पठाएर औपचारिक रूपमा प्रतिनिधि माग गरी उनीहरूले पठाएको प्रतिनिधिलाई सहभागी बनाउने गर्नाले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुका साथै उनीहरूको प्रतिनिधित्व संस्थागत भएको मानिन्छ ।

**बालविकास केन्द्रहरू**

आधुनिक शिक्षा पद्धतिले बाल विकास केन्द्रहरूको महत्वपूर्ण भूमिका हुने कुरालाई मान्यता दिएको छ । विद्यालय जाने उमेर नपुगेका बालबालिकालाई बाल विकास केन्द्रमा राखेर विद्यालय जान बानी पार्नुपर्दछ भन्ने मान्यता रही आएको छ । त्यसैले सरकारले विद्यालयमा आधारित बाल विकास केन्द्रहरू, समुदायमा आधारित बाल विकास केन्द्रहरू तथा पूर्वप्राथमिक विद्यालय शिक्षाहरूमा विशेष लगानी गरिरहेको छ । बालबालिकाको प्रारम्भिक सिकाइ र सामाजिकीकरणको पूर्व अभ्यास यही समयमा हुने भएकोले बाल विकास केन्द्रहरू मार्फत यस्ता सेवाहरू दिनुपर्ने अवधारणा ल्याएको छ ।

धर्मदेवी नगरपालिका क्षेत्रको बाल विकास केन्द्रहरूको अवस्था र तिनमा रहेका बालबालिकाका बारेमा विस्तृत विवरण प्राप्त नभए पनि वडा नम्बर २ मा बगलेटोल र लखुमालाङमा दुई वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेको जानकारी प्राप्त भएको छ ।

## सामुदायिक विद्यालयहरू

सामुदायिक विद्यालयहरू सरकारको लगानी र समुदायको रेखदेख र निगरानीमा सञ्चालन भएका शैक्षिक संस्थाहरू हुन् । मुलुकको शैक्षिक स्तर उकास्नमा यिनीहरूको महत्वपूर्ण भूमिका रहेको छ । धर्मदेवी नगरपालिकामा एक क्याम्पस र ३६सामुदायिक विद्यालयहरू रहेका छन् । शिक्षा ऐन २०७२ ले विद्यालय शिक्षालाई दुई तहमा विभाजन गरेको छ । कक्षा १ देखि ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह ।

**तालिका नं २.**

**सामुदायिक विद्यालयहरू र तिनमा अध्यापन हुने कक्षा**

| सि.नं. | विद्यालयको नाम | वडा नं. | पढाइ हुने कक्षा |
|---|---|---|---|
| १. | श्री शान्ति माध्यमिक वि तेल्लोक | १ | १-१० |
| २ | श्री कालिका आधारभूत विद्यालय महभीर | १ | १-८ |
| ३ | श्री अमर शहीद आधारभूत विद्यालय,महामसिह | १ | १-५ |
| ४ | श्री बाल सुशील आधारभूत विद्यालय,भुसुने | १ | १-५ |
| ५ | श्री गौतमबुद्ध आधारभूत विद्यालय | १ | १-३ |
| ६ | श्री चामुण्डे माध्यमिक वि, तामाफोक | २ | |
| ७ | श्री सिहदेवी आधारभूत विद्यालय, फुङ्लिङ | २ | |
| ८ | श्री इन्द्रकाली आधारभूत विद्यालय, तामाफोक | २ | |
| ९ | श्री विष्णु आधारभूत विद्यालय , कुन्ताङ | ३ | १-८ |
| १० | श्री सिगेश्वरी मावि, मुढे | ३ | १-१० |
| ११ | श्री पञ्चकन्या आधारभूत विद्यालय, ओखे | ३ | १-५ |
| १२ | श्री शिवआधारभूत विद्यालय, मझुवा | ३ | १-५ |
| १३ | श्री धर्मदेवी आधारभूत विद्यालय, सल्ले | ३ | १-५ |
| १४ | श्री महादेव आधारभूत विद्यालय | ३ | १-५ |
| १५ | श्री शारदा आधारभूत विद्यालय, मुढे | ४ | १-१० |
| १६ | श्री जनता आधारभूत विद्यालय, सल्ले | ४ | १-५ |
| १७ | श्री जनजागरण आधारभूत विद्यालय, हुर्पा | ४ | १-१० |

| | | | |
|---|---|---|---|
| १८ | श्री रामेश्वर क्याम्पस, | ५ | |
| १९ | श्री रामेश्वर माध्यमिक विद्यालय | ५ | १-१० |
| २० | श्री कर्मविहान माध्यमिक विद्यालय, | ५ | १-१० |
| २१ | श्री सरस्वती आधारभूत विद्यालय | ५ | १-५ |
| २२ | श्री आधारभूत विद्यालय, फाक्सी | ६ | १-८ |
| २३ | श्री धर्मदेवी आधारभूत विद्यालय,आच्छाम्बु | ६ | १-८ |
| २४ | श्री बालबालिका आधारभूत विद्यालय, | ६ | १-३ |
| २५ | श्री विश्वज्योति आधारभूत विद्यालय,साउने | ६ | १-३ |
| २६ | श्री दूधनाथ आधारभूत विद्यालय, | ७ | १-५ |
| २७ | श्री जालपादेवी आधारभूत विद्यालय, | ७ | १-५ |
| २८ | श्री सरस्वती देवीथान आधारभूत विद्यालय, | ७ | १-५ |
| २९ | श्री अमरुवा माध्यमिक विद्यालय | ८ | १-५ |
| ३० | श्री अरुयोदय आधारभूत विद्यालय, | ८ | १-५ |
| ३१ | श्री सिद्धदेवी आधारभूत विद्यालय, | ८ | १-५ |
| ३२ | श्री पञ्चकन्या आधारभूत विद्यालय, | ८ | १-५ |
| ३३ | श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय,पुपाङ्गु | ९ | १-५ |
| ३४ | श्री भगवती माध्यमिकविद्यालय, मूलगाउँ | ९ | १-५ |
| ३५ | श्री हाङ्मारानी आधारभूत विद्यालय, गुराँसे | ९ | १-५ |
| ३६ | श्री देवीदर्शन आधारभूत विद्यालय, देवानढुङ्गा | ९ | १-५ |
| ३७ | श्री ध्रुवज्योति  आधारभूत विद्यालय, चोइलिप्पा | ९ | १-५ |

**स्रोत : धर्मदेवी नगरपालिकाका / सम्बन्धित वडा कार्यालयहरू ।**

**निजी विद्यालयहरू**

नेपालको शिक्षाको विकासमा निजी विद्यालयहरूको आफनै खालको योगदान र भूमिका रही आएको छ । यदा कदा राजनीतिक क्षेत्रबाट अनेक किसिमका प्रश्न उठाउने गरिए पनि निजी क्षेत्रले शिक्षको विकासमा गरेको योगदानकै आधारमा यिनीहरूप्रति अभिभावक र विद्यार्थीको विश्वास र भरोसा दिन प्रतिदिन बढिरहेको छ । धर्मदेवी नगरपालिका वडा नम्बर ३ मा दुई वटा बोर्डिङ स्कुलहरू रहेका छन् ।

१. प्रभावतारा  कुलिनिक बोडिङ स्कुल

२.माउण्ट मकालु बोर्डिङ स्कुल

खण्ड ६

# सामाजिक विकासका क्षेत्रहरू

## सामाजिक सुरक्षा भत्ता

समाजमा पछाडि पारिएका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू र दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो । वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रुपैयाँ भत्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिन्छ । यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ ।

## व्यक्तिगत घट्ना दर्ता विवरण

मानिसको जीवनमा हुने महत्वपूर्ण घट्नाहरू जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद हुन् । नेपाल सरकारले यस्ता घट्नाहरू व्यवस्थित रूपमा दर्ता गरी अभिलेख राख्ने पद्धति बसाएको छ । सोही अनुसार वि.सं. २०७४ बैशाखदेखि २०७४ चैतसम्म एक वर्षको अवधिमा भएका व्यक्तिगत घट्ना दर्ताको विवरण यहाँ उल्लेख गरिएको छ ।

तालिका नं.१

व्यक्तिगत घट्ना दर्ता विवरण

| घटना | वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जन्म | महिला | ६८ | ३५ | ५२ | ३१ | ४१ | ४० | ४१ | ४३ | ५० | ४०१ |
| | पुरुष | ७१ | ३३ | ५३ | ४३ | ४० | ३८ | २१ | ४० | ४१ | ३८० |
| मृत्यु | महिला | १४ | ४ | ६ | ७ | ११ | ५ | ५ | ७ | ५ | ६४ |
| | पुरुष | १० | ४ | ११ | ९ | ८ | ८ | ५ | ४ | ७ | ६६ |
| विवाह | | ३६ | ३१ | ३० | ३४ | २२ | २४ | १६ | २८ | ३० | २५१ |
| बसाइ | दर्ता | १९ | १० | ५२ | १४ | ३१ | ८ | १८ | १३ | १७ | १८२ |
| | आएको | ० | ० | १९१ | १२ | ६ | ० | ० | १९ | ० | २२८ |
| | गएको | २ | ३४ | ३९ | ४१ | १४१ | २२ | २७ | ३९ | ६२ | ४०७ |
| सम्बन्ध विच्छेद | | ५९ | ० | ० | ० | १ | ० | ० | ० | ० | ६० |

**स्रोत : धर्मदेवी नगरपालिका ।**

माथिको तालिकाबाट प्रष्ट हुन्छ कि धर्मदेवी नगरपालिका क्षेत्रमा एक वर्षमा ७८१ जना जन्मिए भने १३० जनाको मृत्यु भयो । विवाह गरेर १८२ जना यस नगरपालिका क्षेत्रमा भित्रिएका छन् । बसाई सरेर २२८ जना भित्रिएका छन् भने ४०७ जनाले यस नगरपालिका छाडेर गएका छन् । यस वर्षभित्रमा कुल ६० जनाले परिवारमा कुरा नमिलेका कारण अलग्गै जीवन जिउने सहमतिका साथ सम्बन्ध विच्छेद गरेको  पाइएको छ । यसरी हेर्दा जन्ममृतयुका कारण ६५१ जना इहाँ थप भएको देखिएको छ भने बसाइ सराइको कारण १७९ जना मानिस घटेका छन् । यस आधारमा सरदर ४७२ जना मानिस वि.सं. २०७४ भरिमा थपिएको देखिन्छ ।

## विद्यमान स्वास्थ्य सेवाहरू

धर्मदेवी नगरपालिका क्षेत्रमा हाल उपलब्ध स्वास्थ्य सेवाको विवरण यस्तो रहेको छ । यसमा नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरू, औषधी पसल तथा उपलब्ध परिवार नियोजन सेवाहरू समेत तल उल्लेख गरिएको छ ।

हरेक गाविसमा एक स्वास्थ्य संस्था रहने विगतको व्यवस्था अनुरुप यसमा समेटिएका तीनवटा गाउँ विकास समितिका तीनवटै स्वास्थ्य संस्थाहरू पूर्ववत रूपमा चलिरहेका छन् । सेवाग्राहीले पूर्ववत रूपमा नै सेवा पाइरहेका छन् ।

१. आँखीभुई स्वास्थ्यचौकी : धर्मदेवी नगरपालिका वडा नम्बर ७

**तालिका नं.३**
**आँखीभुई स्वास्थ्यचौकीको दरवन्दी विवरण**

| क.सं | पद | दरबन्दी | हाल भएको | कैफियत |
|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट | १ | १ | |
| २ | अ. हेल्थ वर्कर | २ | २ | |
| ३ | अनमि | २ | १ | १काजमा बाहिर |
| ४ | ल्याव अ. | ० | ० | समिति |
| ५ | २४ घण्टे अनमि | ० | १ | करारमा नपा |
| ६ | कार्यालय सहयोगी | ० | १ | करारमा नपा |
| | जम्मा | ५ | ६ | |

**स्रोत : स्थानीय स्वास्थ्य संस्थाहरू ।**

माथिको तालिकाबाट आँखीभुईं स्वास्थ्य चौकीमा पाँचजना कर्मचारीको दरबन्दी रहेकोमा अहिले छ जना कर्मचारीहरू कार्यरत छन् । यासे हुनुमा एकजान दरबनदीमा रहेका कर्मचारी काजमा बाहिर गएका छन् भने २४ घण्ट अनमि र कार्यालय सहयोगी करारमा राखिएको अवस्था छ ।

२. माम्लिङ स्वास्थ्यचौकी : धर्मदेवी नगरपालिका वडा नम्बर ४

**तालिका नं.४**

**माम्लिङ स्वास्थ्यचौकीको दरवन्दी विवरण**

| क.सं | पद | दरबन्दी | हाल भएको | कैफियत |
|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट | १ | १ | १ काजमा |
| २ | अ. हेल्थ वर्कर | २ | २ | |
| ३ | अनमि | २ | २ | |
| ४ | ल्याव अ. | ० | १ | समिति |
| ५ | २४ घण्टे अनमि | ० | १ | करारमा नपा |
| ६ | कार्यालय सहयोगी | २ | १ | करारमा नपा |
| | जम्मा | ७ | ८ | |

**स्रोत : स्थानीय स्वास्थ्य संस्थाहरू ।**

माथिको तालिकाबाट माम्लिङ स्वास्थ्य चौकीमा सातजना कर्मचारीको दरबन्दी रहेकोमा अहिले आठ जना कर्मचारीहरू कार्यरत छन् । यसो हुनुमा हेल्थ असिस्टेन्ट एकजना काजमा रहेका छन् । ल्याबअसिस्टेन्ट समितिबाट व्यवस्था गरिएको छ । २४ घण्टे अनमि र कार्यालय सहयोगी एक जना नगरपालिकाले करारमा राखिदिएको अवस्था छ ।

३. तामाफोक स्वास्थ्यचौकी : धर्मदेवी नगरपालिका वडा नम्बर २

**तालिका नं.५**

**तामाफोक स्वास्थ्यचौकीको दरवन्दी विवरण**

| क.सं | पद | दरबन्दी | हाल भएको | कैफियत |
|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट | १ | १ | १ काजमा |
| २ | अ. हेल्थ वर्कर | २ | १ | १ रिक्त |
| ३ | अनमि | २ | २ | |
| ४ | ल्याव अ. | ० | ० | |
| ५ | २४ घण्टे अनमि | ० | १ | करारमा नपा |
| ६ | कार्यालय सहयोगी | १ | १ | करारमा नपा |
| | जम्मा | ६ | ६ | |

**स्रोत : स्थानीय स्वास्थ्य संस्थाहरू ।**

माथिको तालिकाबाट तामाफोक स्वास्थ्य चौकीमा छजना कर्मचारीको दरबन्दी रहेकोमा अहिले छ जना नै कर्मचारीहरू कार्यरत छन् । यसो हुनुमा एकजना दरबन्दीमा रहेका कर्मचारी काजमा बाहिर गएका छन् भने एक सिट खाली छ ।सथ्य चौकीमा पनि २४ घण्ट अनमि र कार्यालय सहयोगी करारमा राखिएको छ ।

## ४. धर्मदेवी नगरपालिका क्षेत्रको समग्र स्वास्थ्य सेवाको अवस्था

धर्मदेवी नगरपालिका क्षेत्रको समग्र स्वास्थ्य सेवाको अवस्था देखाउनका लागि यहाँका तीनवटै स्वास्थ्य चौकी मार्फत दिइको सेवालाई जोडेर उल्लेख गरिएको छ । यसबाट हरेक स्वास्थ्य चौकीको कार्य क्षमता देखिनुका साथै समग्रमा यस नगरपीलकाको स्वास्थ्य सेवा क्षमता देखिने छ । यस नगरमा सहरी स्वास्थ्य केन्द्र र आयुर्वेदिक औषधालय पनि छन् । तर, तलको तालिकामा ती दुई संस्थाको सेवा र क्षतालाई प्रस्तुत गरिएको छैन । तिनीहरूको सेवाको विवरण तल छुट्टै शीर्षक अन्तगत दिइएको छ ।

**तालिका नं.६**
**धर्मदेवीको समग्र स्वास्थ्य सेवाको अवस्था**

| क.सं | सेवा | तामाफोक | माम्लिङ | आँखीभुई | **जम्मा** |
|---|---|---|---|---|---|
| १ | जम्मा सेवाग्राही (आ.व २०७४/७५) | २५०० | ५२०० | ३७७५ | **११४७५** |
| २ | सुरक्षित सुत्केरी सेवा | २० | ५९ | ४० | **११९** |
| ३ | सुरक्षित गर्भपतन सेवा | ० | ८ | ० | **८** |
| ४ | सेवा क्षेत्र (वडा नम्बर.) | १,२ र ३ | ४र ५ | ६,७,८र ९ | **९ वडा** |
| ५ | गाउँघर क्लिनिक | २ | २ | २ | **६** |
| ६ | खोप क्लिनिक | ६ | ६ | ६ | **१८** |
| ७ | महिला स्वास्थ्य स्वयमसेविका | ९ | ९ | ९ | **२७** |

**स्रोत : स्थानीय स्वास्थ्य संस्थाहरू ।**

माथिको तालिकाबाट आँखीभुईं, तामाफोक र मालिम्लङ स्वास्थ्य चौकीले एक आर्थिक वर्ष अवधिमा ११ हजार ४७५ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको पाइन्छ । त्यसैगरी ११९ सुत्केरी

सेवा, ८ वटा गर्भपतन सेवा दिएको पाइएको छ । हरेक स्वास्थ्य चौकीमा दुईवटाका दरले ६ वटा गाउँघर क्लिनिक, तीनवटा स्वास्थ्यचौकीमा ६ जनाका दरले १८ खोप क्लिनिक रहेका छन् । यिनीहरुमा कुल २७ जना कर्मचारी महिला स्वास्थ्य स्वयमसेवीका रूपमा कार्यरत छन् ।

## ५. सहरी स्वास्थ्य केन्द्र

नगरपालिका बनेपछि २०७४ फागुन महिनामा स्थापना भएको स्वास्थ्य संस्था हो । यो नगरको संरचना हो । धर्मदेवी नगरपालिका वडा नम्बर १ मा स्थापित छ । यसले स्थापनाकालदेखि नै नियमित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । वि.सं. २०७४ फागुनदेखि २०७५ असार सम्ममा १२२० सेवाग्राहीले त्यसबाट सेवा लिएका छन् ।

## ६. आयुर्वेद औषधालय

यहाँको आयुर्वेद औषधालय वि.सं.२०४५ मा स्थापना भएको स्वास्थ्य संस्था हो । यो नगरको संरचना हो । धर्मदेवी नगरपालिका वडा नम्बर १ मा स्थापित छ । यसले स्थापनाकालदेखि नै नियमित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । आ.व. २०७४/०७५मा यसले ३००० सेवाग्राहीलाई सेवा दिएको छ ।

आयुर्वेद औषधालय, धर्मदेवी नगरपालिका वडा नम्बर ८

**तालिका नं.७**

**धर्मदेवीमा रहेको आयुर्वेद औषधालयको दरवन्दी विवरण**

| क.सं | पद | दरबन्दी | हाल भएको | कैफियत |
|---|---|---|---|---|
| १ | कविराज निरीक्षक | १ | १ | |
| २ | वैद्य | १ | १ | |
| ३ | कार्यलय सहयोगी | १ | १ | करार |
| ४ | औषधी कुटुवा. | १ | ० | रिक्त |
| | जम्मा | ४ | ३ | |

**स्रोत : स्थानीय स्वास्थ्य संस्थाहरू ।**

## खोप सेवाको विवरण

यस नगरपालिका क्षेत्रमा विभन्न स्वास्थ्य संस्थामार्फत उपलब्ध खोपहरूको विवरण यहाँ उल्लेख गरिएको छ । खोपहरू एकातिर मानव जीवनमा रोग प्रतिरोध क्षता बढाउनका लागि महत्वपूर्ण छन् भने अर्कोतर्फ आमा र बच्चाको स्वास्थ्यसम्बन्धी अत्यन्त महत्वपूर्ण सूचक पनि हो । बाल अधिकारको बाल बचाउ सम्बन्धी महत्वपूर्ण अवयबका रूपमा पनि खोपले काम गरेको हुन्छ ।

त्यसैले यसलाई बालबचावट सम्बन्धी महत्वपूर्ण सूचकका रूपमा लिइन्छ । हाल धर्मदेवी नगरपालिकामा समेटिएका सबै गाउँ विकास समितिहरू नगरपालिका बन्नुअघि नै पूर्ण खोपको सुविधा पाएको गाविसका रूपमा घोषित भइसकेका हुन् । त्यसैले धर्मदेवी नगरपालिका क्षेत्र पूर्ण खोपयुक्त नगरपालिकाका कायम हुनगएको छ ।

### तालिका नं.८

### धर्मदेवीको खोप सेवाको विवरण

| क्र. सं. | विवरण | आ.व २०७२।७३ | आ.व २०७३।७४ | आ.व २०७४।७५ |
|---|---|---|---|---|
| १ | वि. सि. जि. | १००% | १००% | १००% |
| २ | डि. पि. टि. | ९०% | ९०% | ९५% |
| ३ | हेपाटाइटिस वि | ९०% | ९०% | ९५% |
| ४ | दादुरा | ९०% | ९०% | ९५% |
| ५ | पोलियो ३ | ९०% | ९०% | ९५% |
| ६ | टि. टि. | ९०% | ९०% | ८५% |

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

यहाँ खोपको विवरणमा बिसिजिमा १०० प्रतिशत, टिटी खोपमा ८५ प्रतिशत र बाकी सबैमा ९५ प्रतिशत प्रगति देखिएको छ । त्यसैले खोपको अवस्थाको आधारमा पनि यहाँको प्रगति राम्रो रहेको पाइएको छ ।

## तालिका नं.९
## धर्मदेवीको खोप सेवाको विवरण

| क्र. सं. | विवरण | आ.व २०७२।७३ | आ.व २०७३।७४ | आ.व २०७४।७५ . |
|---|---|---|---|---|
| १ | वि.सि.जि र दादुरा | ५% | ५% | ५% |
| २ | डि.पि.टि, हेपाटाइटिस वि, एचआइ. भि.१ र ३ | ५% | ५% | ५% |
| ३ | खोप नलगाएका बालबालिका | ५% | ५% | ५% |

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

यहाँ खोपको विवरणमा तीनवटा नै आर्थिक वर्षमा बिसिजि र दादुरा खोप लगाउने ५ प्रतिशत, डिपिटी खोपमा ५ प्रतिशत र बाकी रहेका बालबालिका पनि ५ प्रतिशत प्रगति देखिएको छ । त्यसैले खोपको अवस्थाको आधारमा पनि यहाँको प्रगति राम्रो रहेको पाइएको छ ।

माथिका तालिकाबाट धर्मदेवी नगरपालिकामा खोप र स्वास्थ्य सेवाको अवस्था निक्कै राम्रो रहेको देखिन्छ । बालबालिकालाई उमेर अनुसार दिनुपर्ने खोप प्रायः सबै बालबालिका र गर्भवती महिलाले लिने गरेको पाइएको छ । धर्मदेवी नगरपालिकामा राज्यको तर्फबाट व्यवस्था गरिएको सबै किसिमका सामान्य तथा विशेष खोप सेवाहरू दिने काम भइरहेको पाइयो ॥

**सहकारी संस्थाहरूको विवरण**

नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्ये एक महत्वपूर्ण खम्बा मानेको छ । यसर्थ सहकारीको विश्लेषणबाट कति मानिसहरू सहकारी कर्ममा सलग्न छन् भन्ने कुरा त जानकारी हुन्छ नै साथसाथै कतिले यसमा रोजगारी पाएका छन् भन्ने कुरा पनि जान्न सकिन्छ । धर्मदेवी नगरपालिका क्षेत्रमा केही बैंक तथा वित्तीय संस्था भए पनि सहकारीहरू कम मात्रामा छन् ।

१. दीपज्योति महिला बचत तथा ऋण सहकारी संस्था, वडा नम्बर ३

२. मकालु चिया तथा कफि उत्पादक सहकारी,वडा नम्बर ३

३. चाँपे बचत तथा ऋण सहकारी संस्था, वडा नम्बर ३

४. हाम्रो बचत तथा ऋण सहकारी संस्था,वडा नम्बर ३

५.चाँपे दुग्ध सहकारी संस्था,वडा नम्बर ३

६. माम्लिङ दुग्ध सहकारी संस्था,वडा नम्बर ५

७. माम्लिङ बचत तथा ऋण सहकारी संस्था,वडा नम्बर ५

८. भालुढुङ्गा कृषि सहकारी संस्था,वडा नम्बर ६

९. आँखीभुई सहकारी संस्था,वडा नम्बर ८

**बैंक तथा वित्तीय संस्थाहरू**

धर्मदेवी नगरपालिका क्षेत्रमा केही बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् । तिनीहरूको नाम निमनुसार रहेको छ ।

१.छिमेकी बैंक

२. एनएमबी बैंक

३. सल्भ नेपाल

४. निर्धन उत्थान बैंक

५.लालीगुराँश लघुवित्त संस्था

६. एसबिआई बैंक

**सञ्चार संस्थाहरू**

१. नयाँ अभियान एफएम

२. मूडे साप्ताहिक

**गैर सरकारी संस्थाहरू**

सरकारले मानव जीवनको सबै पाटो हेर्न सक्दैन । राज्यले वा सरकारले गर्न नसकेको क्षेत्रमा गैरसरकारी संस्थाहरूले काम सम्हाल्न सक्छन् । त्यसैले गैर सरकारी संस्थाहरूलाई सामाजिक तथा आर्थिक विकासको महत्वपूर्ण साझेदारका रूपमा हेर्न थालिएको छ । धर्मदेवी नगरपालिका

क्षेत्रको सामाजिक विकासका लागि यहाँ कार्यरत गैरसरकारी संस्थाहरूको अहम भूमिका रहेको छ । यहाँ काम गरिरहेका गैरसरकारी संस्थाहरूको नाम निम्नानुसार रहेको छ ।

१. जैविक विविधता बीउ बैंक, धर्मदेवी-२, संखुवासभ
२. रेडक्रस शाखा कार्यालय,मूढे शनिश्चरे

## धार्मिक गुठी तथा संस्थाहरू

धार्मिक मन्दिर, गुम्बा तथा चर्चहरू हाम्रा धामिृक सम्पादा हुन् । यिनीहरू मानव आत्मा र सामाजिक शान्तिका लागि महत्वपूर्ण छन् । प्रत्येक व्यक्ति कुनै पनि धर्म मान्न स्वतन्त्र छ । तर पनि ऊ धर्म, संस्कृति, परम्परा र सामाजिक मूल्य एवम् मान्यताबाट जकडिएको छ । मानिस सामाजिक प्राणी भएकाले त्यो सामाजिक बन्धनबाट अलग रहन सक्दैन । समाजका मानिसमा विविध धार्मिक आस्था भएपछि सोही अनुसार समाजमा धार्मिक संस्थान्हरू स्थापित हुने नै भए । स्थापना भए पनि त्यसको सुसञ्चालन र व्यवस्थापन महत्वपूर्ण हुन आउँछ । धार्मिक आस्थासँग जोडिएर बने पनि यस नगरपालिकाको सामाजिक र सांस्कृतिक जीवनका अभिन्न अंग धार्मिक संस्था तथा गुठीहरूको नाम सूची तल प्रस्तुत छ ।

१. पाथीभरा मन्दिर, धर्मदेवी नगरपालिका- १

२.तेल्लोक शिवालय मन्दिर, धर्मदेवी नगरपालिका- १

३.साङ्गेछ्योकोर्लिङ बौद्ध गुम्बा,धर्मदेवी नगरपालिका- १

४. दोध्योकोर्लिङ बौद्ध गुम्बा, धर्मदेवी नगरपालिका- १

५. आराधना चर्च, धर्मदेवी नगरपालिका- १

६. जलेश्वर शिव मन्दिर, धर्मदेवी नगरपालिका- १

७. उद्यौलि पूजा,धर्मदेवी नगरपालिका- २

८. धुच्याङ पूजा, धर्मदेवी नगरपालिका- २

९. कालिका देवी मन्दिर, धर्मदेवी नगरपालिका- २

१०. याा जीवन चर्च, धर्मदेवी नगरपालिका- २

११.येशुकृष्ठ बाइबल चर्च, धर्मदेवी नगरपालिका- ३

१२.लेम्बा चीन गुम्बा, धर्मदेवी नगरपालिका- ३

१३. सावादिन छोइन गुम्बा,धर्मदेवी नगरपालिका- ३

१४. तिरतिरे शिवालय मन्दिर,,धर्मदेवी नगरपालिका- ४

१५.भण्डारी गाउँ शिवालय मन्दिर, ,धर्मदेवी नगरपालिका- ४

१६. हुर्पा शिवालय मन्दिर, धर्मदेवी नगरपालिका- ४

१७. ब्रम्ह चैत्र सनातन साधना मन्दिर, धर्मदेवी नगरपालिका-५

१८. नागेश्वरी शिवालय मन्दिर,धर्मदेवी नगरपालिका- ५

१९. कुन्ताङ शिवालय मन्दिर,धर्मदेवी नगरपालिका- ५

२०.कृश्चियन चर्च, धर्मदेवी नगरपालिका- ५

२१.स्मका छेदुङ गुम्बा, धर्मदेवी नगरपालिका- ५

२२. सयाङ् छेमिङ गुम्बा, धर्मदेवी नगरपालिका- ५

२३. टेम्बा छेमिङ गुम्बा, धर्मदेवी नगरपालिका- ५

२४. महादेवथान मन्दिर,धर्मदेवी नगरपालिका- ७

२५..भीमसेन मन्दिर,धर्मदेवी नगरपालिका- ७

२६. खिष्टियन चर्च,धर्मदेवी नगरपालिका- ७

२७. हरिकीर्तन मन्दिर,धर्मदेवी नगरपालिका- ८

२८.राधाकृष्ण मन्दिर,धर्मदेवी नगरपालिका- ८

२९. शिव मन्दिर,धर्मदेवी नगरपालिका- ८

३०. शिव मन्दिर,धर्मदेवी नगरपालिका- ९

३१.जालपादेवी मन्दिर,धर्मदेवी नगरपालिका- ९

३२. भद्रकाली मन्दिर, धर्मदेवी नगरपालिका- ९

३३, सुनाखरी , धर्मदेवी नगरपालिका- ९

३४. पञ्चकन्या मन्दिर,धर्मदेवी नगरपालिका- ९

३५..भगवतीदेवी मन्दिर,धर्मदेवी नगरपालिका- ९

३६. खिष्टियन चर्च,धर्मदेवी नगरपालिका- ९

३७. नागेश्वर गुठी मन्दिर,धर्मदेवी नगरपालिका- ९

३८. सिहेश्वरी मन्दिर,धर्मदेवी नगरपालिका- ९

## सामुदायिक वन उपभोक्ता समितिहरू

वनहरू सामुदायिक वन, धार्मिक वन, कबुलियत वन, निजी वन आदि विभिन्न प्रकारका हुन्छन् । ती मध्ये यहाँ धर्मदेवी नगरपालिकाको सामुदायिक वनको चर्चा भइरहेको छ । मानिस सामाजिक प्राणी भएकाले यसको जीवन वनसाग जोडिएको हुन्छ । समाजका विविध धार्मिक र परम्परागत काममा वन्यउत्पादन मानिसलाई आवश्यक पर्दछ । त्यही भएर जनसहभागितामा वनको विकास र संरक्षणका गर्नका लागि वि.सं. २०५०को दशकमा सामुदायिक वनको अवधारणा नेपालमा आएको हो । यहाँ पनि सामुदायिक वन उपभोक्ता समितिहरू क्रियाशील छन् । यहाँ धर्मदेवी नगरपालिका क्षेत्रमा सञ्चालन भइरहेको सामुदायिक वन उपभोक्ता समितिहरूको सूची यथासंभव राखिएको छ ।

१. एकाम्भीर सामुदायिक वन,धर्मदेवी नगरपालिका- २

२.भन्ज्याङ सन्सारी सामुदायिक वन,धर्मदेवी नगरपालिका- २

३. दशगजा सन्सारी सामुदायिक वन,धर्मदेवी नगरपालिका- २

४. आहाले सामुदायिक वन,धर्मदेवी नगरपालिका- ३

५.ओखो सामुदायिक वन,धर्मदेवी नगरपालिका- ३

६. देवीथान सामुदायिक वन,धर्मदेवी नगरपालिका- ३

७. कालिका सामुदायिक वन,धर्मदेवी नगरपालिका- ३

८. ज्यावले सामुदायिक वन,धर्मदेवी नगरपालिका- ३

९. सल्ले सामुदायिक वन,धर्मदेवी नगरपालिका- ३

१०. जुरथुम्की सामुदायिक वन,धर्मदेवी नगरपालिका- ४

११. सल्ले सामुदायिक वन,धर्मदेवी नगरपालिका- ४

१२. हुम्लिङ सामुदायिक वन,धर्मदेवी नगरपालिका- ४

१३. टुटे सामुदायिक वन,धर्मदेवी नगरपालिका- ५

१४. याङलिखाम सामुदायिक वन,धर्मदेवी नगरपालिका- ६

१५. काँडे सामुदायिक वन,धर्मदेवी नगरपालिका- ६

१६. बाँसघारी गोपिनी वनपाला सामुदायिक वन,धर्मदेवी नगरपालिका- ९

१७. मुतुवाकेर्वा सामुदायिक वन,धर्मदेवी नगरपालिका- ९

१८. बडोर निगाले सामुदायिक वन,धर्मदेवी नगरपालिका- ९

१९. सिरुवारी कसेनी सामुदायिक वन,धर्मदेवी नगरपालिका- ९

## सरकारी कार्यालयहरू

धर्मदेवी नगरपालिका क्षेत्रमा नगरपालिका समेत अन्य सरकारी कार्यालयहरूको विवरण यस प्रकार छ ।

१. धर्मदेवी नगरपालिका कार्यालय
२. वडा कार्यालयहरू ९ वटा
३. इलाका प्रहरी कार्यालय
४. प्राथमिक स्वास्थ्य केन्द्र
५. इलाका वन कार्यालय
६. विद्युत प्राधिकरण फिल्ड कार्यालय
७. आँखीभुईआयुर्वेद औषधालय
८. ईलाका भेटेनरी कार्यालय
९. ईलाका हुलाक कार्यालय
१०. खोप केन्द्रहरू

स्रोतः धर्मदेवी नगरपालिका कार्यालय ।

## सामुदायिक भवनहरू

सामाजिक र पारिवारिक जमघटका लगि सामुदायिक भवनको प्रयोग क्रमः बढ्दै गइरहेको छ । विस्तारै सामुदायिक भवनहरूबाट विवाह, ब्रतबन्ध जस्ता पारिवारिक तथा सामाजिक कर्महरू गर्न थालेका छन् । सामुदायिक भवनको माग बढ्दो छ ।

पछिल्लो समयमा धर्मदेवी नगरपालिकामा सामुदायिक भवनहरू तिब्र गतिमा बनिरहेका छन् । तिनीहरुको विवरण तल उल्लेख गरिएको छ । सामुदायिक भवनहरू अधिकांश धर्मदेवी नगरपालिका वडा नम्बर ६ मा रहेका छन् ।

१. मकालु सामुदायिक भवन,धनपा - ६
२. आच्छामु सामुदायिक भवन,धनपा - ६
३. चुनौती युवा क्लब सामुदायिक भवन,धनपा - ६
४.साउने सामुदायिक भवन,धनपा - ६
५. बस्नेत गाउँ सामुदायिक भवन ,धनपा - ६
६. माथिल्लो कट्वालगाउँ सामुदायिक भवन,धनपा - ६

७. कामी गाउँ महतगाउँ सामुदायिक, भवन, धनपा - ६
८. पिलुवा सामुदायिक भवन, धनपा - ८

## चाडपर्व र मेला

धर्मदेवी नगरपालिकाका जनताले मनाउने चाड पर्व तथा जात्राहरू  केही आफनै विशिष्ट किसिमका छन् भने केही राष्ट्रिय प्रकृतिका छन् । धर्मदेवीका जनताले मनाउने केही प्रमुख पर्व तथा चाडहरू  निम्न अनुसार  हेका छन् ।

१. **दशैं** : दशैं हिन्दू धर्ममा आधारित पर्व हो । यो असोज शुक्ल पक्षको सप्तममी देखि मनाइन्छ । यसमा विशेष गरी शक्तिकी देवीको पूजा आराधना हुन्छ । देवीलाई बली चढाइन्छ र दशमीका दिनदेखि दुर्गा भवानीको प्रसाद स्वरूप टीका जमरा लगाउने चलन छ । शुरुमा दशैं हिन्दू धमावलम्बीहरूको चाड भए पनि अहिले आएर यो राष्ट्रिय पर्वका रूपमा पहिचान पाएको छ । सबै धर्मका मानिसले राष्ट्रिय पर्वका रूपमा मान्ने गरेको पाइन्छ । पर्वको हिसाबले सबैभन्दा धेरै दिन सरकारी विदा हुने पनि दशैं नै हो ।

२. **तिहार** : नेपालको दोस्रो ठूलो राष्ट्रिय पर्व तिहार हो । यो कार्तिक कृष्ण औंसीका दिनदेखि तीन दिन मनाइन्छ । तिहार दशैंजस्तै हिन्दू धर्ममा आधारित पर्व हो । यसमा विशेष गरी धनकी देवी लक्ष्मीको पूजा आराधना हुन्छ । लक्ष्मीलाई बली चढाइन्न, फलफूल र नैवैद्य चढाएर र धनसम्पति रुपैयाँ पैसालाई लक्ष्मीका रूपमा पूजा गरिन्छ । औसीका दिन गाईलाई लक्ष्मीको प्रतिक मानेर पूजा गर्ने, राति दीपावली सहित लक्ष्मी पूजा गर्ने प्रचलन छ । । शुरुमा तिहार हिन्दू धमावलम्बीहरूको मात्र चाड थियो तर अहिले आएर यसले राष्ट्रिय पर्वका रूपमा पहिचान पाएको छ । सबै धर्मका मानिसले राष्ट्रिय पर्वका रूपमा मान्ने गरेका छन् । तिहारमा तीन दिन सरकारी विदा दिने प्रचलन छ । तिहारमा खासगरी यहाँका मगर समुदायका मानिसले हुर्रा नाच्ने गर्दछन् । हुर्रा साँच्चै लोकप्रिय सामूहिक नृत्य हो ।

३. **तीज** : हिन्दू महिलाहरूले भदौ महिनामा पर्ने हरितालिका तीज मनाउने चलन छ । यस पर्वमा विवाह भई आफनो घर गएका छोरी/चेलीहरूलाई माइतमा बोलाएर विशेष परिकार बनाई खान दिने गरिन्छ । छोरीचेलीहरू भेला भएर माइतीघमा ब्रत बस्ने,रातो साडी र गहनाहरू लगाएर नाच गान गर्ने रमाइलो पर्वकका रूपमा तिजलाई लिइन्छ ।:

४. **पञ्चमी ब्रत** : हिन्दू महिलाले भदौ महिनामा पर्ने हरितालिका तीजपछिको पञ्चमी तिथिलाई ब्रत बसेर विशेष रुपमा मनाउने चलन छ । यसरजस्वला बेला छोइछाइ भएको छ भने त्यसको पापबाट मुक्ति पाइयोस भन्ने उद्देशयले रजस्वला भएका विवाहति तथा अविवाहित दुवै महिलाले ब्रत लिन्छन् । यस पर्वमा वर्षको ३६५ दिनलाई सम्झेर गरिने पञ्चमी स्नानको विशेष महत्व छ ।

५. **होली** : फागु पुर्णिमाको दिन मनाइने रङको पर्व हो होली वा फागू । यस दिन :आफन्तजनहरू भेला भएर आपसमा रङ दलादल गरेर रमाइलोसँग मनाउने गरिन्छ ।

६. **क्रिसमस** : येशू खिष्टका अनुयायीहरू तथा इसाई धर्मावलम्बीहरू क्रिसमस पर्व धुमधामका साथ मनाउने गर्दछन् ।  यो पर्व अन्तराष्ट्रिय पर्व हो । संसारभरिका इसाईहरूले डिसेम्बर २५ तारेखका दिन यो पर्व मनाउने गर्दछन् ।

७. **ल्होछार** : बुद्ध धर्ममानने समुदाके ल्होछार पर्वलाई  धुमधामका साथ मनाउने गर्दछन् ।

८. **उँधौलि /उँभौलि** : नयाँ अन्न भित्र्याउनु अघि नुवाँगी खाँने क्रममा पूजा गर्ने पर्व उँधौधि हो । याख्खा, किरातहरूको यो परम्परागत पर्व यहाँ विशेष धूमधामका साथ मनाइन्छ । उँधौलि मंसिरे पूर्णिमाको दिन मनाइन्छ । तयसैगरी उँभौलि पर्व पनि सोही समुदायले बैंशाखे पूर्णिमाको दिन मनाउने गर्दछ । बुद्ध पूर्णिमा भएकोले त्यस दिन अझ  धुमधामका साथ नाचगान गरेर पर्व मनाउने चलन छ । उधेलि बाली भित्र्याउने बेला र उँभौलि बीउ छरिसकेपछि बाली सप्रियोस भन्ने कामना गर्दै मनाइन्छ ।

## धर्मदेवी नगरपालिकामा सडक सञ्जालको विद्यमान अवस्था

धर्मदेवी कोशी राजमार्ग भएको नगरपालिका हो । कोशी राजमार्गको ४० किलोमिटर क्षेत्र यस नगरपालिकामा पर्दछ । तर यसको पूर्वाधार विकासको अवस्था निक्कै नाजुक छ । यहाँको सडक सञ्जालको अवस्था पनि कमजोर छ । हिउँदमा सडक सञ्जालले राम्रो काम गरे पनि वर्षादको समयमा महत्वपूर्ण सहरहरूसँग लगभग सम्पर्क विच्छेदकै अवस्थामा रहनुपर्दछ ।  आन्तरिक यातायतका लागि भने सडक सञ्जाल राम्रै छन् । यसको विवरण तल दिइएको छ ।

**तालिका नं.१०**
**धर्मदेवीको सडकको अवस्था**

| क्र.सं. | सडकको नाम | दूरी (किमि) | स्तर वा अवस्था | सम्बन्धित वडा |
|---|---|---|---|---|
| १ | फुङलिङ-माया खोला | ५ | कच्ची | २ |
| २ | घडेरी टार-पाथीभरा | ४ | कच्ची | २ |
| ३ | रातमाटे-कोलबोटे | २ | कच्ची | २ |
| ४ | सिमले-जोरधारा | १ | कच्ची | २ |
| ५ | खोलापारी | १ | कच्ची | २ |
| ६ | लखुमालाङ-क्लब भवन | ४ | कच्ची | २ |
| ७ | लखुमालाङ जंगलको बाटो | २ | कच्ची | २ |
| ८ | गोर्खेटार-चामेटार | २ | कच्ची | २ |
| ९ | वडा नं.१ -वडा नं. ३ जानेबाटो | ५ | कच्ची | २ |
| १० | भञ्ज्याङ-कोइलीटार | १.२ | कच्ची | ५ |
| ११ | फ्याङ्गु-चपलेटी | १.८ | कच्ची | ५ |
| १२ | जराटार कृषि सडक | १.८ | कच्ची | ५ |
| १३ | नागेश्वरी कृषि सडक | १.८ | कच्ची | ५ |
| १४ | कुन्ताङ ग्रामीण सडक | १.८ | कच्ची | ५ |
| १५ | चामराङ-थापागाउँ | १.५ | कच्ची | ५ |
| १६ | तमोचोक-थापागाउँ | १.२ | कच्ची | ५ |
| १७ | जैटार-थापागाउँ | १.५ | कच्ची | ५ |
| १८ | जैटार-साउने | २ | कच्ची | ५ |
| १९ | भालुढुङ्गा-बाइसजुरे | ५ | कच्ची | ५ |
| २० | बिहीबारे-फोक्सी याख्खा चौक | ७ | कच्ची | ६ |
| २१ | बिहीबार-धर्मदेवी किटिङडाडा | १० | कच्ची | ६ |
| २२ | मुढे-भालुढुङ्गा-धर्मदेवी | ५ | कच्ची | ६ |

| | | | | |
|---|---|---|---|---|
| २३ | साउने-जोटार | २ | कच्ची | ६ |
| २४ | मालबासे मूर्तिचोक-कानेढुङ्गा | २ | कच्ची | ६ |
| २५ | सुवारो-मामलिङ नर्सरीचोक | ४ | कच्ची | ६ |
| २६ | धर्मदेवी नपा-गडेको ढुङ्गा | १२ | कच्ची | ८ |
| २७ | खाटेपाडरे कृषि सडक | ३ | कच्ची | ८ |
| २८ | गढेको ढुङ्गा हरेबोटे कृषि सडक | ३ | कच्ची | ८ |
| २९ | छपेलि पाखिम कृषि सडक | ४ | कच्ची | ८ |
| ३० | गडेको ढुङ्गा-विहीबारे कृषि सडक | ५ | कच्ची | ८ |
| ३१ | गडेको ढ्ङ्गा-विहीबारे | ३.५ | कच्ची | ७ |
| ३२ | सोमबारे-सिम्के | ३ | कच्ची | ७ |
| ३३ | हिटी आहाले -जाङ्लाङ | ४ | कच्ची | ७ |
| ३४ | सोमबारे-बरभन्ज्याङ-धर्मदेवी | ७ | कच्ची | ७ |
| ३५ | बरभन्ज्याङ- मेगुवा | ६ | कच्ची | ७ |
| ३६ | विहीबारे-मूलगाउँ | १० | कच्ची | ९ |
| ३७ | कुखुरेपानी-पानी एवाङ | १६ | कच्ची | ९ |
| ३८ | मझुवा कृषि सडक | | कच्ची | ३ |
| ३९ | मुढे -माइसम्झोरे | | कच्ची | ३ |
| ४० | मुढे -कुन्ताङ | | कच्ची | ३ |
| ४१ | जौटार-कुन्ताङ -सल्ले | | कच्ची | ३ |
| ४२ | ओखे तेल्लाके-गिद्रेटाकुरे | | कच्ची | ३ |
| ४३ | मुढे-मदाकसिंङ | | कच्ची | ३ |

| | | | | |
|---|---|---|---|---|
| ४४ | ठूलोखोला -ओखबोटे | ५ | कच्ची | ३ |
| ४५ | मूढे-चौकी | २४ | कच्ची | १ |
| ४६ | ओखे-तेल्लोक | ८ | कच्ची | १ |
| ४७ | तेल्लोक-केकुवा | ९ | कच्ची | १ |
| ४७ | नोटः वडा नम्बर ४बाट प्राप्त विवरणमा सडकको नाम र दूरी प्रष्ट नभएकोले राख्न सकिएन । | | | |

स्रोत : धर्मदेवी नगरपालिका कार्यालय / वडा कार्यालयहरू ।

# धर्मदेवी नगरपालिका
## निर्वाचित जनप्रतिनिधिहरू

# धर्मदेवी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मूढे शनिश्चरे, सङ्खुवासभा
## निर्वाचित जनप्रतिनिधिहरूको विवरण
निर्वाचित मितिः २०७४ असार १७ गते

| क्र. सं. | नाम | पद | वडा नम्बर | मोबाइल नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रमेश कुमार जिमी | प्रमुख | ८ | ९८५२०४९९७३ | |
| २ | श्री शोभा घिमिरे | उपप्रमुख | १ | ९८४२३२९९३३ | |
| ३ | श्री जगतबहादुर कार्की | वडाध्यक्ष | १ | ९८४२२१७९५३ | कार्यपालिका सदस्य |
| ४ | श्रीआशा माझी | महिला सदस्य | १ | ९८१९३०४५३५ | कार्यपालिका सदस्य |
| ५ | श्री लक्ष्मी विश्वकर्मा | दलित म. सदस्य | १ | ९८१९०४५३४४ | |
| ६ | श्री पदम बहादुर तामाङ | वडा सदस्य | १ | ९७४२०४२७३७ | |
| ७ | श्री नरायाण लिम्बु | वडा सदस्य | १ | ९८१६३२९२७५ | |
| ८ | श्री मनभक्त जिमी | वडाध्यक्ष | २ | ९८४१५४०५२४ | कार्यपालिका सदस्य |
| ९ | श्री कमला जिमी | महिला सदस्य | २ | ९८१७३८८४४० | कार्यपालिका सदस्य |
| १० | श्री मनकुमारी दर्जी | दलित म. सदस्य | २ | ९८००९७५२४१ | |
| ११ | श्री गजेन्द्र बहादुर खड्का | वडा सदस्य | २ | ९८६२१४३२६० | |
| १२ | श्री तुलसी गुरूङ | वडा सदस्य | २ | ९८१२३४३७८६ | |
| १३ | श्री श्यामबहादुर पौडेल | वडाध्यक्ष | ३ | ९८१५३८१४१४ | कार्यपालिका सदस्य |
| १४ | श्री रेणुका माया गुरूङ | महिला सदस्य | ३ | ९८११३८४१२० | कार्यपालिका सदस्य |
| १५ | श्री डम्बरकुमारी पञ्चकोटी | दलित म. सदस्य | ३ | ९८१०४१४६९६ | |
| १६ | श्री बुद्धिराज गुरूङ | वडा सदस्य | ३ | ९८६२१३१४८७ | |
| १७ | श्री रामकाजी गुरूङ | वडा सदस्य | ३ | ९८१०४५०१३५ | |
| १८ | श्री अनिरुद्र सिं लिङ्खा | वडाध्यक्ष | ४ | ९८५२०५१०३९ | कार्यपालिका सदस्य |
| १९ | श्री गोमादेवी चापागाई( पौडेल) | महिला सदस्य | ४ | ९८४२४४२७४८ | |
| २० | श्री दुर्गा परियार | दलित म. सदस्य | ४ | ९८००९७५२२३ | |
| २१ | श्री टंकबहादुर सुवेदी | वडा सदस्य | ४ | ९८१९३९५८०२ | |
| २२ | श्री दानबहादुर घिमिरे | वडा सदस्य | ४ | ९८४२२३०२७२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | श्री उदयचन्द्र पौडेल | वडाध्यक्ष | ५ | ९८४३९२२४०७ | कार्यपालिका सदस्य |
| २४ | श्री किमू शेर्पा | महिला सदस्य | ५ | ९८१४३१७२१५ | कार्यपालिका सदस्य |
| २५ | श्री मञ्जु लावर | दलित म. सदस्य | ५ | ९८२४३४२६६८ | |
| २६ | श्री बालकुमार जिमी | वडा सदस्य | ५ | ९८१४३५८३८८ | |
| २७ | श्री जयकुमार जिमी | वडा सदस्य | ५ | ९८१४३३१३७५ | |
| २८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष | ६ | ९८५२०५१३३४ | कार्यपालिका सदस्य |
| २९ | श्री विष्णुमाया खत्री | महिला सदस्य | ६ | ९८४२२६२०२७ | कार्यपालिका सदस्य |
| ३० | श्री हीरा भूषाल | दलित म. सदस्य | ६ | ९८२४९२७६६० | कार्यपालिका सदस्य |
| ३१ | श्री टीकाराम जिमी | वडा सदस्य | ६ | ९८१२३१५२५४ | |
| ३२ | श्री चन्द्रप्रसाद पोखेल | वडा सदस्य | ६ | ९८४२१०९६८७ | |
| ३३ | श्री भोलामान श्रेष्ठ | वडाध्यक्ष | ७ | ९८१२३०९१०८ | कार्यपालिका सदस्य |
| ३४ | श्री विष्णुमाया मगर | महिला सदस्य | ७ | ९८१६३६९११३ | |
| ३५ | श्री देवकी दर्जी | दलित म. सदस्य | ७ | ९८१४३२७६७४ | |
| ३६ | श्री जनार्दन पोखेल | वडा सदस्य | ७ | ९८५२०५१२५३ | |
| ३७ | श्री यामबहादुर दर्जी | वडा सदस्य | ७ | ९८०५३०४५४५ | |
| ३८ | श्री सञ्जीव कुमार कटुवाल | वडाध्यक्ष | ८ | ९८४२२७७३६२ | कार्यपालिका सदस्य |
| ३९ | श्री रामशोभा जिमी | महिला सदस्य | ८ | ९८११०६९६८६ | |
| ४० | श्री राधिका दर्जी | दलित म. सदस्य | ८ | ९८१८६७५०५६ | |
| ४१ | श्री कर्णबहादुर कार्की | वडा सदस्य | ८ | ९८०४०४२४५८ | |
| ४२ | श्री जसबहादुर राई | वडा सदस्य | ८ | ९८५३५२५१६६ | |
| ४३ | श्री भूपालमान केसी | वडाध्यक्ष | ९ | | कार्यपालिका सदस्य |
| ४४ | श्री मीना कार्की | महिला सदस्य | ९ | | |
| ४५ | श्री लीला विश्वकर्मा | दलित म. सदस्य | ९ | | |
| ४६ | श्री जगन्नाथ कटुवाल | वडा सदस्य | ९ | | |
| ४७ | श्री कमलराज कार्की | वडा सदस्य | ९ | ९८०७३०५०६८ | |
| ४८ | श्री अम्बिका खवास | मनोनित सदस्य | ५ | ९८४२१०६८११ | |
| ४९ | श्री पदम बयलकोटी | मनोनित सदस्य | ९ | ९८०३४९३११४ | कार्यपालिका सदस्य |
| ५० | श्री दलिमाया जिमी | मनोनित सदस्य | ३ | | कार्यपालिका सदस्य |

*स्रोत : धर्मदेवी नगरपालिकाको कार्यलय ।*

# धर्मदेवी नगरपालिका
## विषयगत समिति

| | | |
|---|---|---|
| १. | श्री कमला जिमी, सायो तथा सहरी विकास समिति | संयोजक |
| २. | श्री रेणुका गुरूङ, आर्थिक विकास समिति | सदस्य |
| ३. | श्री पदम बहादुर तामाङ, सामाजिक विकास समिति | सदस्य |
| ४. | श्री हीरा भूषाल पूर्वाधार विकास समिति | सदस्य |
| ५. | श्री देवीमाया जिमी,वातावरण तथा विपद् व्यवस्थान समिति | सदस्य |
| ६. | श्री विष्णुमाया महत, विधेयक समिति | सदस्य |
| ७. | श्री जगतबहादुर कार्की | सदस्य |
| ८. | श्री लक्ष्मीप्रसाद अधिकारी | सदस्य |
| ९. | श्री उदयचन्द्र पौडेल | सदस्य |
| १०. | श्री अनिरुद्र सिं लिंखा | सदस्य |
| ११. | श्री भोलामान श्रेष्ठ | सदस्य |
| १२. | श्री जनार्दन पोखेल | सदस्य |
| १३. | श्री श्याम पौडेल | सदस्य |
| १४ | श्री भूपालमान केसी | सदस्य |
| १५. | श्री मनभक्तजिमी | सदस्य |
| १६. | श्री सञ्जीव कुमार कट्वाल | सदस्य |
| १७. | श्री गजेन्द्र खड्का | सदस्य |
| १८. | श्री कर्णबहादुर कार्की | सदस्य |

*स्रोत : धर्मदेवी नगरपालिकाको कार्यलय ।*

# धर्मदेवी नगरपालिका
## कार्यक्रम तर्जुमा समिति

| | | |
|---|---|---|
| १. | श्री श्री लक्ष्मीप्रसाद अधिकारी | संयोजक |
| २. | श्री जगतबहादुर कार्की | सदस्य |
| ३. | श्री उदयचन्द्र पौडेल | सदस्य |
| ४. | श्री अनिरुद्र सिं लिंखा | सदस्य |
| ५. | श्री श्यामबहादुर पौडेल | सदस्य |
| ६. | श्री मनभक्तजिमी | सदस्य |

*स्रोत : धर्मदेवी नगरपालिकाको कार्यलय ।*

# धर्मदेवी नगरपालिका
## बजेट तथा कार्यक्रम तर्जुमा समिति

| | | |
|---|---|---|
| १. | श्री शोभा घिमिरे | संयोजक |
| २. | श्री होमप्रसाद पौडेल | सदस्य |
| ३. | श्री जगतबहादुर कार्की | सदस्य |
| ४. | श्री लक्ष्मीप्रसाद अधिकारी | सदस्य |
| ५. | श्री उदयचन्द्र पौडेल | सदस्य |
| ६. | श्री अनिरुद्र सिं लिंखा | सदस्य |
| ७. | श्री श्यामबहादुर पौडेल | सदस्य |
| ८. | श्री मनभक्तजिमी | सदस्य |

*स्रोत : धर्मदेवी नगरपालिकाको कार्यलय ।*

# धर्मदेवी नगरपालिका
## राजस्व परामर्श समिति

| | | |
|---|---|---|
| १. | श्री शोभा घिमिरे | संयोजक |
| २. | श्री होमप्रसाद पौडेल | सदस्य |
| ३. | श्री लक्ष्मीप्रसाद अधिकारी | सदस्य |
| ४. | श्री अम्बिका खवास | सदस्य |
| ५. | श्री ऋषिकेश चापागाई | सदस्य |
| ६. | श्री हरिकेसी बोगटी | सदस्य |

*स्रोत : धर्मदेवी नगरपालिकाको कार्यलय ।*